हान्यो गर्जिइ सिंहको शिरविषे * ताकी खुँडा खड्गले
सारा दानव खूब हर्षित भए * त्यो देखि उत्साहले ।
देखिन् घायल शक्तिले समरमा * त्यो सिंहलाई जब
छाडिन् बाण अनेक ती सलहमा * ढल्दै गए दानव ।। ९ ।।
लागे मर्न अनेक सैन्य रणमा * ती बाणका चोटले
सारा चोट सहेर झन् परिघले * हानीदियो दैत्यले ।
उस्को चोट छली गरिन् जननिले * गर्जेर शंख–ध्वनि
गर्दै झन् मधु–पान उग्र रिसले * उफ्रिन् ति कात्यायनी ।। १० ।।
देवी–दानवको निकै भय दिने * संग्राम त्यो मच्चियो
त्यो देवासुर युद्धकै सरि ठुलो * आश्चर्य लाग्ने थियो ।
धूलो भै रथका ध्वजा रथ रथी * सेना र सेनापति
मर्दा अश्व, गधा र ऊँट गजको * थुप्रो भएथ्यो अति ।। ११ ।।
ढाकेथ्यो रणभूमि नै कठिन भो * संग्राम गर्नै पनि
खाए स्याल र गिद्ध ती कुकुरले * मौका मिल्यो लौ भनी ।
मौका पाइ छिटै निशुम्भ खलले * हान्यो गदा वेगले
त्यस्को चोट छलेर खड्ग बलियो * पक्रीलिइन् शक्तिले ।। १२ ।।
काटिन् घाँटि छिटै निशुम्भ खलको * कात्यायनीले जब
दौडेथ्यो गिँड मात्र, पक्रि करमा * नै खड्ग त्यो दानव ।
त्यो देखी डरमा परे सुर सबै * आश्चर्य मान्दै अनि
खुट्टा काटिदिइन् ढल्यो जमिनमा * पापिष्ठ मुर्दा बनी ।। १३ ।।
पञ्जाले नङले चिथोरि सहजै * गर्जी निकै सिंहले
स्वाहा दानव–सैन्यको गरिदियो * अत्यन्त उत्साहले ।
ज्ञानी सिद्ध ऋषी र देवगण ती * आकाशमा जो थिए
लावा पुष्प अबीर वर्षण गरी * जैकार गर्दा भए ।। १४ ।।

नारीको वधले बनिन्न कहिल्यै * कीर्ती हुने वा ठुलो
झन् श्रृङ्गार छ रूप रौद्र रसकी * प्रत्यक्ष मूर्ती छ यो।। ६।।
यस्का साथ लडूँ म आज कसरी * आफू यशस्वी भई
त्यागी यो रणभूमि बस्नु कसरी * भागेर अन्तै गई।
आएकी रणमा छ दैत्य—कुलको * संहार गर्छू भनी
यस्का सामु वृथा छ न्यूरनु स्वयम् * ऐह्ले म सानू बनी।। ७।।
हार्नू जीत हुनू त दैव—गति हो * सारा पछीका कुरा
लड्नू श्रेष्ठ हुनेछ यै समरमा * देखिन्न कामातुरा।
सोधूँ तैपनि यो सशस्त्र रणमा * आई अगाडी किन?
लाग्यो भन्न बुझाइ बात यसरी * त्यो शुम्भ—देवी! सुन।। ८।।
आएकी किन हौ वृथा भन तिमी * संग्राममा उम्लन
देख्दा कोमल छौ, कडा छ किन हो * अत्यन्त तिम्रो मन।
नारीको शुभ धर्मको मनविषे * ख्यालै नराखीकन
आई यो रणमा घमण्ड यसरी * बर्ता गरेकी किन? ।। ९।।
नारीको धनु आँखिभौं, अनि दुवै * हुन् नेत्र तीखा शर
हुन्छन् घायल ती युवा जन तथा * चातुर्य जान्ने नर।
नारीको स्वर हुन्छ कोकिल सरी * मीठो सबै मान्दछन्
लज्जा, शील र रूप भूषण हुने * त्यो क्रोध हो भन्दछन्।।१०।।
तिम्रो जो छ हिँडाइ हंस, गज झैं * यो युद्धमा उम्लनु
उल्टो चाल म देख्दछू समरमा * त्यो उफ्रनू, गर्जनु।
मेरै लायक छौ तिमी, हित कुरा * भन्दै छु हे सुन्दरी!
तिम्रो उत्तम रूपमा डुबिसकें * साह्रै नराम्रो गरी।। ११।।

छू लुब्ध मुग्ध भ्रमरा सरि नै म ऐह्ले
ख्वाऊ सुधा—रस तिमी खुशिले पहीले।

हानूँ म बाण कसरी तिमिलाइ ऐह्ले
मान्दैन चित्त बुझ, व्याकुल छू त्यसैले ॥१२॥
यस्ता बात सुनेर शुम्भ शठको * गर्जेर कात्यायनी
बोलिन्–व्यर्थ प्रलाप आइ रणमा * गर्छस् तँ बाठो बनी ।
जाओ भाग समस्त दानव छिटै * आफ्नू लिई जीवन
मर्छौ निश्चय युद्धमा अघि सरे * एकेक यी दानव॥१३॥
कालीले बुझ मार्दछिन् अब छिटै * जे भन्दछू त्यो सुन
हौला काग र गिद्ध, स्यालहरुको * हे दुष्ट हो ! भोजन ।
हप्काइन् सब दुष्टलाइ त्यसरी * रैछस् भनी दुच्छर
शक्तीले अनि कालिका–सित भनिन् * मार्ने तयारी गर॥१४॥
शक्तीको सुनि त्यो हुकूम् अनि भइन् * श्री कालिका क्रोधित
लागिन् मार्न समाइ दानवहरू * निक्कै नराम्रो–सित ।
गर्थे शस्त्र प्रहार सैनिकहरू * ताकी कती हो कति
हानाहान गरे गदा–परिघले * शक्ती पुगेको जति॥१५॥
हेर्थे देवहरू बसेर नभमा * संग्रामको त्यो स्थिति
देखी छक्क परेर खिन्न मनले * आश्चर्य माने अति ।
कालीले रथको ध्वजा रथ रथी * टुक्रा तुल्याइन् अनि
हान्यो एक गदा घुमाइ खलले * पर्खी म मार्छू भनी॥१६॥
त्यस्को चोट छलिन् गदा उपर नै * थापेर कालीजिले
कालीलाइ उचालि शुम्भ नभमा * उड्दो भयो वेगले ।
माया–युद्ध गर्‍यो रहेर नभमै * क्यै बेर पापिष्ठले
खेलाइन् नभमाथि बालक–समान् * त्यस्लाइ कालीजिले॥१७॥
कालीले नभमै थिचिन् बल गरी * त्यो शुम्भलाई जब
उल्टो दुन्मुनिदै पुगी जमिनमा * पच्छारिएथ्यो तब ।

आयो एक गदा लिएर सहसा * श्री कालिकातर्फ त्यो
काटिन् बाहु दुवै ठुलो परिघले * हानेर त्यो शुम्भको।।१८।।
दौड्यो फेरि उ कालिकातिर छिटै * लात्ती बजाछूँ भनी
खुट्टा काटिदिइन् दुवै असुरको * काली रिसाई अनि।
उफ्री तैपनि पौँचियो नगिचमा * निल्छू भनी त्यै घरि
काटिन् गर्धन पक्रि केश करले * त्यो पल्टिएथ्यो मरी।।१९।।
खोलो बग्न गयो निकै रगतको * मानौँ ढल्यो पर्वत
शक्ती खूशि भई परस्पर मिले * श्री कालिकाजीसित।
द्यौता सिद्ध मुनी थिए जति उहाँ * गन्धर्व विद्याधर
शक्तीको सबले गरे स्तुति त्यहाँ * गर्दै ठुलो आदर।।२०।।
हावा स्वच्छ चल्यो, दिशाहरु खुली * सारा उज्याला भए
भूमीमा धन–धान्य फैलिन गयो * प्राणी खुशी देखिए।
हे दुर्गे ! जगदम्बिके! भगवती ! * हे शक्ति कात्यायनी
गर्दै छौँ पदमा प्रणाम जननी ! * हे दुष्ट–संहारिणी।।२१।।
पापी कंटक रूप दानवहरू * मार्नूहुँदा ईश्वरी!
जान्छौँ स्वर्ग सबै प्रसन्न मनले * तिम्रो कृपाले गरी।
द्यौताले स्तुति बेसरी गरिसके * शक्तीहरूको जब
आशीर्वाद दिइन् सबै बस गई * त्यै स्वर्गमा लौ अब।।२२।।
शक्तीको महिमा चरित्र अहिले * जो यो गरेँ वर्णन
जो पढ्छन् जति सुन्दछन् सुख बढी * भोग्छन् सुखी भैकन।
होलान् पुत्र निपुत्रिका पनि गुणी– * होलान् दरिद्री धनी
गर्नन् तीर्थ र धर्म–कर्म सबले * कर्तव्य आफ्नू भनी।।२३।।

सुरथ राजा र समाधि वैश्यको कथा– (११)

भन्थे व्यास कथा प्रसन्न मनले * सुन्थे ति जन्मेजय
शक्तीको महिमा सुनी हृदयको * सन्ताप होला क्षय।
हे राजन्! अब भन्दछू सुख दिने * कात्यायनीको कथा
यस्ले नाश हुनेछ ताप मनको * दुर्भावना वा व्यथा।। १।।
सोधे भूपतिले चरित्र पहिले * सुन्ने थिए व्यक्ति को
पाएथे फल के ? गरी व्रत अघी * पारी तरे भक्त को?
यो विस्तार सबै यथार्थ जननी– * को गर्नुहोस् वर्णन
इच्छा गर्दछु सुन्नको अझ बढी * खूशी छ मेरो मन।। २।।
इच्छा भूपतिको बुझेर मनमा * भक्ती छ श्रद्धा भनी
थाले भन्न बुझाइ शक्ति–महिमा * एकेक ज्ञानी मुनि।
योद्धा धीर गुणी र जीवहरुमा * राख्ने दया चित्तमा
राजा एक भए अघी सुरथजी * जो चैत्रका वंशमा।। ३।।
कोला उत्तम राज्यका अधिपती * ख्याती हुने भूपति
उन्को राज्यभरी थिएन जन क्वै * पापी छुचो दुर्मति।
रैती पालन गर्दथे नरपती * सद्धर्म थामीकन
गर्थे खूब विचार मन्थनसहित् * त्यो राज्यको शासन।। ४।।
धर्मात्मा नृपलाइ आपदहरू * नाना थरीका परे
'नन्दी' म्लेच्छहरू पसी नगरमा * तत्काल धावा गरे।
त्यो संग्राम परी दुवै तरफका * सेना मरे बेसरी
मन्त्री मिल्न गई विपक्षतिर झन् * धोका दिनाले गरी।। ५।।
हारे भूपति युद्धमा सब गयो * साम्राज्य, धेरै धन
भागे भूप चढेर अश्व, डरले * बाँच्ला भनी जीवन।

थाले गर्न विचार यो बखतमा * जाऊँ कहाँ लौ भनी
देखे आश्रम चार कोश पर क्वै * ती भूपतीले अनि।। ६।।
पैँचे जङ्गलमा जहाँ तप गरी * बस्थे सुमेधा मुनि
चेला ती मुनिका थिए वरिपरी * बस्ने तपस्वी बनी।
खेल्थे निर्भय मिर्ग—बाघ सँगमा * वैरत्व बिर्सीकन
चारैतर्फ थियो मनोहर तथा * आनन्द —दाता वन।। ७।।
बोल्दा हंस चकोर उत्तम चरा * मैना, सुगा, ढुक्कुर
पार्थे चित्त प्रसन्न पक्षिगणको * सुन्दा सुधा झैँ स्वर।
चल्थ्यो उत्तम होमको त्यहिँ धुवाँ * चौतर्फ बास्ना छरी
राजा छक्क परे सबैतिर त्यहाँ * देख्दा छटा त्यो घरि।। ८।।
गैँडा, बाघ, बँदेल, सिंह, मृगका * बच्चा तथा घोरल
गर्जन्थे वनमा ठुला गजहरू * भालू अनी चित्तल।
देखिन्छन् लटरम्म फूल—फलले * हाँगा झुकेका कहीँ
हुन्थ्यो भान अनेक सम्पति—सहित् * लक्ष्मी बसे—झैं उहीँ।। ९।।
मीठो उत्तम शंखको ध्वनि कतै * वेद—ध्वनी मंगल
हो यो स्वर्गपुरी भनी नृपतिले * माने त्यही जङ्गल।
क्यै सन्तोष भयो पुगी जब त्यहाँ * देदीप्य त्यो आश्रम
रक्षा जीवनको भयो अब भनी * माने, हरायो श्रम।। १०।।
बाँधी अश्व हिंडे ति आश्रमतरफ् * सन्तोष मानी अति
देखे वृक्षमनी थिए वरिपरी * चेलाहरू सद्मति।
धेरै शिष्य पढाउँथे थरि—थरी * विद्या सुमेधा मुनि
ढोगे नम्र भई झुकेर नृपले * ज्ञानी तपस्वी भनी।। ११।।
आशीर्वाद दिए सहर्ष मुनिले * सोधे दिई आसन
को हौ ? कारण कुन् परेर वनमा * आयौ ? मलाई भन।

देख्दै छू अनुहार चिन्तित निकै * त्यस्को पनी कारण
इच्छा पूर्ण हुनेछ; शुद्ध मनले * सन्ताप आफ्नू भन।। १२।।
वाणी ती मुनिको सुनी नरपती * निक्कै भए हर्षित
आफ्नू हालत जो थियो सब भने * ज्ञानी सुमेधा–सित।
आएको अहिले म छू, सुरथ हूँ, * राजा अगाडी थिएँ
वैरीले सब राज्य खोसि लिलिए * ऐह्ले म माँग्ने भएँ।। १३।।
आई यो वनमा मिल्यो हजुरको * यो श्रेष्ठ जुन् दर्शन
यस्ले नै म भएँ कृतार्थ अहिले * हर्षित् छ मेरो मन।
आएको वनमा म छू शरणमा * ठूलो विपत्ती परी
मेरा कष्ट सबै हटाउनुहवस् * सन्ताप जाऊन् टरी।। १४।।
तिन्को बिन्ती सुनी भने ति मुनिले * सानन्द बस्नोस् यहीँ
सक्तैनन् अरि कोहि आउन यहाँ * पर्दैन जानू कहीँ।
जन्तू मार्नु निषेध जानि वनको * हो सात्त्विकी जीवन
सम्झीदै प्रभुलाइ गर्नु दिनहूँ * शाकादिकै भोजन।। १५।।
आज्ञाले मुनिको दुखी सुरथजी * क्यै काल बस्ता भए
खाई केवल कन्द–मूल वनका * निर्वाह गर्दै थिए।
यौटा वृक्ष–मनी कुनै दिन बसी * थाले तिनी सम्झन
भोग्दै छू परिणाम पूर्व–जुनिको * क्यै पापकै कारण।। १६।।
मेरो राज्य कहाँ ? ठुलो महल त्यो * रानी र प्यारो सुत
गर्दा हुन् अब के ति म्लेच्छगणले * रैतीहरूको हित।
शत्रूले पुरमा अनेक् किसिमका * अन्याय गर्दा हुनन्
इच्छित् खान नपाइ अश्व गज झन् * सुक्तै गएका हुनन्।। १७।।
विश्वासी जति बेस सेवक थिए * एकेक ती म्लेच्छले
राखेहुन्, मनमा, डराइ दिन ती * काट्ता हुनन् दुःखले।

रित्याए खलले अवश्य दुकुटी * जारी, जुआ, जाँडमा
सम्झीदा घर–बार घोच्तछ तिखो * काँढा बनी चित्तमा।। १८।।
यस्तै तर्क–वितर्क धेर थरिका * गर्थे निकै भूपति
आएथ्यो उहिँ वैश्य एक नगिचै * सन्तापिएको अति।
सोधे भूपतिले बसालि नगिचै * यौटा दिई आसन
देख्दै छू म मलीन दीन, वनमा * आयौअहीलेकिन?।। १९।।
राजाको सुनि प्रश्न कष्ट बहुतै * सन्ताप मानीकन
आफ्नू दुःस्थिति वैश्यले क्रमसितै * गर्दा भए वर्णन।
मेरो नाम समाधि हो र कुलको * हूँ वैश्य ठूलो थिएँ
गर्दा दान सुकर्म धर्म दिनहूँ * नामी धनी भैगएँ।। २०।।
मेरा ती परिवारले मत गरी * सम्पत्तिको लोभले
जाऊ यो घरबाट, निस्क अहिल्यै * भन्दा, हिँडे कष्टले।
सम्झन्छू सुत–पत्नि नै म किन हो! * हुन् बुद्धिहीन् तैपनि
उन्कै निम्ति हुरुक्क हुन्छ मन यो * ठूला ति हुन् बैगुनी।। २१।।
त्यागेथे निज–बन्धु–वर्ग सहजै * पापी हुनाले गरी
आएँ जङ्गलमा विरक्त म भई * आपत्ति ऐहे परी।
आफ्नू को हुनुहुन्छ आदर दिने * दुःखी म जस्ताकन?
सुन्छू, भन्नुहवस् यथार्थ म यहीँ * एकेक त्यो वर्णन।। २२।।
लागे भन्न बुझाइ ती सुरथजी * आपत्ति आफ्नू पनि
कस्ले सक्तछ जान्न दैवगतिले * के पर्छ कैहे भनी।
राजा हूँ म पनी ति शत्रुहरुले * संग्राम ठूलो गरी
खोसे राज्य समस्त सम्पति पनी * भागेँ त्यसैले डरी।। २३।।
हामी मित्र भयौँ, बसौँ यहिँ दुवै * आनन्द मानीकन
चिन्ता व्यर्थ नमान केहि तिमिले * साहै दुखाई मन।

त्यागी यो घरबार जाउ अहिल्यै * जस्ले भने तिन्कन
मेरा स्त्री–सुत हुन् भनी किन दुखी * हुन्छौ मलाई भन।। २४।।
अर्कालाइ सिकाउनू छ सजिलो * यो छाड, यस्तो गर
आफूमाथि विपत्ति पर्छ अनि त्यो * बिर्सन्छ नारी नर।
गर्छू बात यहाँ तथापि मनमा * दुःखी छु झन् मै पनि
चिन्ता लाग्दछ राज्य पत्नि सुतको * के कष्ट पाए भनी।। २५।।
जान्दै छौँ ति हुनेहुनामि जति छन् * दैवी गती हुन् भनी
चिन्ता घोर ठुलो छ शोक मनमा * निस्कन्न फाले पनि।
सोधौँ लौ ऋषिलाइ यो विषयमा * शंका भएको जति
गर्नेछन् उनिले निवारण सबै * छन् विज्ञ ती सद्मति।। २६।।
राजा, वैश्य दुवै पुगे, नगिचमै * बस्थे सुमेधा मुनि
ढोगे नम्र भई परी चरणमा * हुन् श्रेष्ठ ज्ञानी भनी।
यी हुन् वैश्य, मिले मलाइ यहिँ नै * त्यागेर सन्तानले
आएका घरबार छाडि वनमा * अत्यन्त सन्तापले।। २७।।
यिन्लाई सुख–शान्ति छैन मनमा * सन्तान त्यो वैभव
सम्झन्छन् दिनहूँ, म ठान्छु मनले * कस्ता भए हुन् सब।
मेरो राज्य र बन्धु–बान्धव गए * आएँ यहाँ तैपनि
सम्झन्छू म भएर व्याकुल अती * के कष्ट पाए भनी।। २८।।
स्त्री छोरा धन राज्य देह पनि यो * झूठो भनी जान्दछौँ
फेरी ती सबलाइ मूर्ख मतिले * हो सत्य यो ठान्दछौँ।
उन्कै निम्ति असाध्य दुःखित हुने * उल्टो भएको किन ?
झूठा हुन् भनि यो बुझे पनि कुरा * आत्तिन्छ व्यर्थै मन।। २९।।

चिन्ता छ यो विषयमा जति हामिलाई
शङ्का हटाइदिनुहोस मुने ! बुझाई।

त्यस्तो विनम्र विनती नृपको सुनेर
लागे बुझाउन मुनी मनमा गमेर ।। ३०।।

ब्रह्मा–विष्णु–विवाद – (१२)

हे राजन् ! अहिले गऱ्यौ जति कुरा * एकेक त्यो वर्णन
भन्दै छू म छिटै निवारण हुने * त्यस्को सबै कारण।
ब्रह्मा, विष्णु र शम्भु, इन्द्र, यम ती * गन्धर्व विद्याधर
छन् जस्का वशमा चराचर सबै * जीवादि नारी–नर।। १।।
सोही हुन् जगदम्बिका भगवती * कात्यायनी ईश्वरी
छन् उन्कै वशमा, चली खटनमा * गर्छन् तिनै चाकरी।
गर्छिन् पालन सृष्टि नाश सहजै * आँटे उनै ईश्वरी
अल्झन्छन् परि जालमा घुमि–घुमी * जीवादि झीङा सरि।। २।।
ज्ञानी सिद्ध तपस्विको मन पनी * पार्छिन् भने चञ्चल
अज्ञानी जनको त झन् दुख हुँदा * पार्ला छिटै खल्बल।
ब्रह्मा विष्णु महेश शेष यम यी * ठूला भए तापनि
मायाका वशमा परी घरि–घरी * नाच्छन् नटूवा बनी।। ३।।
ब्रह्माले नरुकेर सृष्टि–रचना * गर्छन् कुमाले सरी
डुल्दै छन् अवतार धारण गरी * ती विष्णु नाना थरी।
सक्छन् गर्न र गर्दछन् प्रलयमा * संहार ती शंकर
माँगेरै तिनि हिँड्दछन् घर–घरै * हात्मा लिई खप्पर।। ४।।
घुम्दै छन् नअडेर सूर्य दिनहूँ * देखिन्छ आकाशमा
मायामा नपरी स्वतन्त्र रहने * क्वै छैन संसारमा।
सारा देव मनुष्य यक्ष अथवा * गन्धर्व विद्याधर
मायाकै वशमा चराचर सबै * छन् बाँधिएका नर।। ५।।

मायाको पहिले र अन्त्य अहिले * भेट्यो र कुन् व्यक्तिले!
गर्दै छन् सब यत्न उग्र तपले * ज्ञानी मुनी योगले ।
मायाले कति गर्दछिन् कब कहाँ * कस्लाइ कुन् कालमा।
बाँधिन्छन्, तर केहि जान्न नसकी * पर्दा त्यही जालमा।। ६।।
श्वेत–द्वीप पुगी गरे तप ठुलो * श्री विष्णुले कष्टले
काटे वर्ष हजार त्यो दृढ़ रही * उत्साह औ धैर्यले ।
ब्रह्माले पनि कष्टले तप गरे * उस्तै र उत्साहले
धेरै वर्ष बित्यो अनी हिँडिदिए * क्यै दूर, संयोगले।। ७।।
देखादेख भयो परस्पर दुवै * ब्रह्मा तथा विष्णुको
सोधेथे अनि दर्पले ति दुइले * को होस् बता, होस् तँ को?
ब्रह्मा हूँ म, बुझिस् त्रिलोक रचना * गर्ने म कर्ता पनि
गर्ने पालन लोकलाइ बुझिले * हूँ श्रेष्ठ विष्णू भनी।। ८।।
मायाले जगदम्बिका जननिको * तिन्लाइ ढाक्यो अनि
थाले गर्न विवाद ती दुइ त्यहीँ * ठूलो र सानो भनी ।
निक्कै बेर चल्यो परस्पर कुरा * झन्–झन् बढ़ेरै गयो
मायाले अनि शक्तिको अति ठुलो * आश्चर्य क्वै देखियो।। ९।।
यौटा लिङ्ग ठुलो खडा हुन गयो * सेतो र अग्लो जब
तिन्ले स्पष्ट सुने उसै बखतमा * आकाशवाणी तब ।
ब्रह्मा, विष्णु दुवै विवाद नगरी * मैले भनेको सुन
जाओ यै शिवलिङ्गको तिमि दुवै * नै अन्त्य भेट्टाउन।। १०।।
जस्ले सक्दछ अन्त्य भेट्न उहि नै * प्रख्यात ठूलो पनि
यस्तो बात सुनेर तत्पर भए * तत्काल जान्छौँ भनी ।
दौडे तल्तिर विष्णु वायु–गतिले * ब्रह्मा हिँडे मास्तिर
हारी छक्क परे ति अन्त्य नमिली * धेरै गएथे पर।। ११।।

फर्के विष्णु जहाँ थिए अघि उहीँ * नै हार मानीकन
ब्रह्माले पनि अन्त्य भेट्न नसकी * आँटे जसै फर्किन।
भेटे केतकिलाइ बीच पथमा, * आए लिई साथमा
पाएँ अन्त्य भने—यि केतकि थिए * त्यो लिङ्गको माथमा।। १२।।
साक्षी को छ बताउ त्यो बखतमा * चाहिन्छ देख्ने पनि
ब्रह्माले अनि दर्पपूर्वक भने * विश्वास पार्छू भनी।
टाढाबाट म आउँदै छु पथमा * को भेट्नु साक्षी त्यहाँ
साँचो बात बताउनेछ सब त्यो * यै केतकीले यहाँ।। १३।।
तिन्को बात सुनेर केतकि उठी * बोल्यो—कुरा सत्य हो
भेटे मस्तकमै मलाइ, म भएँ * साक्षी यही बातको।
झूठो केतकिको कुरा सुनि बुझी * भन्नूभयो विष्णुले
मान्नेछू म पत्यार यो विषयमा * भन्नूभए शम्भुले।। १४।।
तिन्का बात सुनेर छिन्न झगडा * आए स्वयम् श्री शिव
भेटेथे विधिले कहाँ, सब कुरा * हे केतकी ! भन् अब।
झर्दै थिस् शिरबाट नै तल कते * भेटे विधीले अनि
ल्याए मस्तकबाट नै किन भनिस् * मिथ्या कुरा, बैगुनी।। १५।।
मेरो मस्तकमा नचढ्नु कहिल्यै * त्यागीदिएँ लौ अब
अन्तर्धान भए तुल्याइ ढटुवा * ब्रह्माजिलाई शिव।
सोही कारण शम्भुलाइ शिरमा * चढ्दैन त्यो केतकी
जस्ले पालन गर्छ यो नियम त्यो * बन्दैन क्वै पातकी।। १६।।
माने लाज निकै सुनेर शिवको * त्यो वाक्य, ब्रह्मा जब
त्यस्ताको पनि चाल यो छ, अरुको * के भन्नु ती मानव।
ब्रह्माले हरिका परी चरणमा * ढोगे ठुला हुन् भनी
त्याहाँबाट हिँडे सहर्ष ति दुवै * अत्यन्त हर्षित् बनी।। १७।।

द्यौताकै हितका निमित्त प्रभुजी * औतार धारी बनी
गर्छन् मङ्गल कार्य, गर्न अरुले * सक्तैन आँटे पनि ।
मायाकै वशमा परी घरि–घरी * नाच्छन् भने देवता
वार्ता मानिसको वृथा किन गरौं * तिन्मा छ कुन् श्रेष्ठता ।। १८ ।।
ज्ञाताको पनि चित्त चन्चल हुने * माया फिंजी पार्दछिन्
काटी बन्धन, मुक्तिको पथ उनै * प्रत्यक्ष देखाउँछिन् ।
छन् जो व्यापक यो तिनै भुवनमा * श्री शक्ति कात्यायनी
उन्को पूजन भक्तिले सहजमै * तर्छन् तपस्वी मुनि ।। १९ ।।
देखिन्नन् सहसा अदृश्य जननी * भन्छन् सदा निर्गुणा
धार्छिन् रूप तिनै स्वयम् सगुणको * गर्छिन् पुरा कामना ।
जान्दैनन् जब कोहि शक्ति–महिमा * ज्ञानी तपी सज्जन
मैले सक्छु कहाँ र गर्छु कसरी * सम्पूर्ण त्यो वर्णन ।। २० ।।
सोही कारण भन्दछू गर गई * भक्ती उनै शक्तिको
शान्ति प्राप्त हुनेछ, भ्रान्ति जति छन् * जाला दुखी चित्तको ।
सुत्नूभो जब त्यो महाप्रलयमा * श्री शेष–शय्या गरी
जन्मेथे मधु–कैटभ प्रबल ती * योद्धा दुवै त्यै घरि ।। २१ ।।
हप्काए दुइ दैत्यले बल ठुलो * देखाउँदै दानव
ब्रह्माले हरिको गरे स्मरण त्यो * मन्मा डराई तब ।
निद्रा झट्ट खिँचेर चेतन दिइन् * श्री शक्तिले नै जब
पाई शक्ति उनै परा–जननिको * मारे दुवै दानव ।। २२ ।।
प्रादुर्भाव भयो उनै प्रथम हुन् * देवी महाकालिका
उन्कै पूजन गर्दछन् दुख हुँदा * प्राणीहरू विश्वका ।
अग्नीको वरदानले सुत भयो * जुन् रम्भको माहिष
खोस्यो स्वर्ग र इन्द्र भै बसिदियो * बर्ता भई साहस ।। २३ ।।

ब्रह्मा, इन्द्र र विष्णु, शम्भु सबले * सङ्कष्ट पाए जब
बिन्ती श्री हरिमा गरे सब मिली * आपत्ति आफ्नू सब ।
निस्क्यो तेज ठुलो प्रकाशमय त्यो * श्री विष्णुको क्रोधले
त्यै तेजोमय रूप धारण गरिन् * कात्यायनी शक्तिले।। २४।।
मारिन् महिषलाइ सोहि रुपले * सारा मरे युद्धमा
तिन्को पूजन गर्दछन् जन महा— * लक्ष्मी भनी लोकमा ।
अर्का शुम्भ—निशुम्भले तप गरी * त्रैलोक्य थर्काउँदा
तेस्रो रूप महासरस्वति भइन् * श्री शक्ति नै शारदा।।२५।।
मारिन् शुम्भ—निशुम्भलाइ रणमा * सारा मरे दानव
सारा देव मिली गरे स्तुति त्यहाँ * हर्षित् भएथे सब ।
शक्ती रूप अनेक धारण गरी * मौका परेका घरि
रक्षा गर्न भनी उपस्थित उनै * हुन्छिन् सदा ईश्वरी।। २६।।

यस्तो कथा जननिको सुनि भूपतीले
बिन्ती गरे चरणमा परि नम्रताले ।
पूजा र मन्त्र—जपको स्तुतिको विधान
भन्नूहवस् कसरि गर्नु बसेर ध्यान ।। २७।।
इच्छा बुझे नृपतिको जब ती मुनीले
थाले बुझाउन चरित्र प्रसन्नताले ।
जो गर्दछन् स्तुति र पूजन भक्ति—साथ
न्यूराउँछन् जननिको पद पक्रि माथ ।। २८।।
तिन्का मनोरथ सबै परिपूर्ण हुन्छन्
त्यागी शरीर मणिद्वीप सहर्ष पुग्छन् ।
जो दीन—हीन बनि गर्दछ भक्ति उन्को
बन्ला धनी अनि मनोरथ पुग्छ त्यस्को ।। २९।।

लाग्दैन रोग, सुख—भोग प्रशस्त गर्ला
विद्या मिलेर धन—धान्य समस्त भर्ला ।
वन्ध्या हुनेछ खुशि उत्तम पुत्र पाई
राजा पनी सुखि हुनन् जिति वैरिलाई ।। ३० ।।

माया—रूप अनादि शक्ति जननी * ती देवि कात्यायनी
बस्छिन् शक्ति—स्वरूपिणी हृदयमा * साक्षी—स्वरूपा बनी ।
प्राणी मर्दछ शक्ति—हीन छ भने * ढल्नेछ मूढो सरि
छन् ती नित्य अदृश्य—रूप जननी * त्रैलोक्यकी रक्षिणी ।। ३१ ।।
ती गर्छिन् अवतार धारण सदा * रक्षार्थ संसारको
टार्छिन् सङ्कट देवता सुजनको * ज्ञानी मुनी विज्ञको ।
गर्छन् जो स्थिति नाश पालन डरी * ब्रह्मा र विष्णू शिव
त्यस्मा कारण—रूप शक्तिकन नै * भन्छन् ठुली हुन् सब ।। ३२ ।।
तिन्को सक्तछ को यथार्थ महिमा * सारा गरी वर्णन
थाक्छन् शेष र शारदा घरि—घरी * आत्तिन्छ बर्ता मन ।
सोही कारण वैश्य ! हे सुरथजी ! * श्रद्धा र भक्ती गर
उन्कै पूजन ध्यानले र जपले * यो सिन्धु पारी तर ।। ३३ ।।
माला, चन्दन, पुष्प आदि क्रमले * जम्मा गरी राम्ररी
पूजा वेद—विधानले गरिलिनू * आचार्य डाकीवरी ।
गर्नू पूजन वित्त—शाठ्य नगरी * धेरै लगाई धन
गर्नूपर्छ खुशी भई सुजनले * श्री शक्तिकै पूजन ।। ३४ ।।
जप्नू मन्त्र नवाक्षरी मनमनै * सम्झी उनै ईश्वरी
पुग्ला निश्चय कामना हृदयको * सन्ताप जाला टरी ।
मैह्ला आश्विन—चैत्रशुक्ल दुइमा * जुन् नौरथा पर्दछ
त्यस्मा पूजन गर्नु योग्य रितले * आपद् सबै टर्दछ ।। ३५ ।।

पढ्दै मन्त्र नवाक्षरी अनलमा * होम्नू चरू पायस
श्रद्धायुक्त प्रणाम गर्नु; भवमा * जानेछ बढ्दै यश।
चाँडै खूशि हुने उनै जननिको * जो गर्छ आराधना
त्यस्लाई सुख शान्ति मिल्दछ सबै * पुग्छन् सबै कामना।। ३६।।
राजा हौ तर, राज्यहीन तिमि छौ * हे भूप ! दुःखी पनि
त्यागे स्त्री सुतले भनीकन दुखी * छन् वैश्य साथै अनि।
कोही उत्तम ठाउँमा तिमि दुवै * बस्ते तपस्या गर
मिल्ला सिद्धि, म दिन्छु आशिष मरी * संसार–पारी तर।। ३७।।
त्यो आज्ञा मुनिको सुनी सुरथले * आनन्द मान्दा भए
साथै वैश्य लिई नदीतट–विषे * तत्काल ती पौंचिए।
देवीको प्रतिमा रचे उहिँ बसी * त्यै बालुवाको अनि
पूजा ध्यान गरे, निकै हवन त्यो * पुग्नेछ इच्छा भनी।। ३८।।
मासूको दिइ आहुती बलि दिए * काट्तै स्वयम् रक्तको
पाए दर्शन तीन वर्षपछि त्यो * साक्षात् उनै शक्तिको।
बोलिन्–भूप ! तिमी प्रसन्न मनले * माँगेर लेऊ वर
माँगील्यौ वर वैश्य! लौ तिमि पनी * पारेर चित्त स्थिर।। ३९।।
माँगे भूपतिले मलाइ दिनुहोस् * त्यै राज्य हे ईश्वरी !
सारा शत्रु जितूँ, गराउँ वशमा * जाओस् विपत्ती टरी।
यस्तो बिन्ति सुनीसकी सुरथको * आज्ञा भयो शक्तिको
जित्नेछौ निज–शत्रुलाइ रणमा * फर्काउला राज्य त्यो।। ४०।।
भोगी भोग यहाँ प्रसन्न मनले * साम्राज्यको वैभव
जानेछौ तन यो तजी यहिँ तिमी * सन्तोष मान्दै तब।
छोरो भै रविका हुनू पछि यहीं * सावर्णि आठौं मनु
इच्छा पूर्ण हुनन् कुनै किसिमको * पर्दैन सुर्ताउनु।। ४१।।

संसारी सुख वा कुनै विषयको * क्यै छैन इच्छा अब
मेरा पूर्ण भए मनोरथहरू * जो–जो गरेँ ती सब ।
इच्छा जानि ति वैश्यको भगवती * तत्काल खूशी भइन्
पाई उत्तम ज्ञान मुक्त सहजै * हे वैश्य! हुन्छौ भनिन्॥ ४२॥
बारम्बार गरे प्रणाम निहुरी * सानन्द पाऊ परी
अन्तर्धान भइन् दिई वर त्यहीँ * त्रैलोक्यकी ईश्वरी ।
लागे फर्कन भूपती अनि बिदा * माँगी सुमेधा–सित
आए मन्त्रि लिएर सैन्य सँगमा * ती भेट्न राजासित॥ ४३॥
फिर्ता राज्य लिए, ति वैरिहरुको * संहार पूरा गरी
निक्कै वर्ष गरेर शासन त्यहीँ * बस्ता भए राम्ररी ।
ज्ञानी वैश्य पनी गए खुशि हुँदै * सानन्द तीर्थाटन
हे राजन् ! महिमा सुन्यौ जननिको * मैले गरेँ वर्णन॥ ४४॥
जो निष्काम बनेर भक्ति दृढ भै * गर्नेछ सन्तोषले
त्यस्लाई सुख शान्ति मिल्दछ सधैँ * बस्ला उ आनन्दले ।
शक्तीको महिमा अनन्त छ सबै * जानी नसक्नू पनि
वाणी, शेष पनी अशक्त सरिका * हुन्छन् दुखीझैँतिनी॥ ४५॥
त्यस्तो दिव्य कथा समस्त कसरी * भन्छू र सक्छू कहाँ?
जो जानेँ पहिले सुनी जति कथा * ऐह्ले सुनाएँ यहाँ ।
पूजा पाठ र ध्यान रोज गरदै * जो बस्छ भक्ती गरी
त्यस्को निम्ति अभाव छैन भवमा * जानेछ पारी तरी॥ ४६॥

॥ श्रीमद्देवीभागवत पञ्चम स्कन्ध समाप्त॥

इति

श्रीमद्देवीभागवत षष्ठ स्कन्ध प्रारम्भ

वृत्रासुरको उपाख्यान– (१)

उत्पत्ति देविहरुको र चरित्र तिन्को
गर्ने सदा हित, कथा क्रमले सुनी त्यो ।
श्री सूतलाइ खुशिले दुइ हात जोरी
सोधे ति शौनकजिले खुशि मानि फेरि ।। १ ।।
मारे स्वयम् कसरि श्रेष्ठ ति वृत्रलाई
आज्ञा भयो हजुरले अघि हामिलाई ।
विस्तारले उहि कथा अब फेरि भन्नोस्
शङ्का छ जो हृदयमा सब ध्वस्त पार्नोस् ।। २ ।।
को हुन् ति वृत्र ? किन युद्ध गरे रिसाई ?
कस्का सुपुत्र ति थिए ? क्रमले बुझाई ।
ती शौनकादि मुनिको सुनि प्रश्नलाई
श्रद्धा बुझेर मनको बहुतै रमाई ।। ३ ।।
लागे भन्न सहर्ष सूत मुनिले * लौ सुन्नुहोस् शौनक !
भन्दै छू म कथा सदा सुख दिने * त्यो वृत्र–संहारक ।
पैह्ले युद्ध पऱ्यो असाध्य ननिको * देवेन्द्रको विप्रको
मारे इन्द्र र विष्णुले छल गरी * संकेतले शक्तिको ।। ४ ।।

मायाको वशमा परी, अहितको * ध्यानै नराखीकन
गर्छन् कार्य नजाति जाति सहजै * पापी बनी दुर्जन ।
मारे मार्न त वृत्रलाइ छलले * ती इन्द्रले तापनि
हत्या लाग्न गयो र आकुल भए * त्यै कर्मले नै तिनी।। ५।।
आफैँ उत्तम वृत्तिका हरि पनी * झन् मोहमा पार्दछन्
दोषी दानव दैत्यलाइ छलमा * पारेर नै मार्दछन् ।
पार्छिन् मोहविषे उनै भगवती * जो छिन् जगत्कारिणी
जित्ने तिन्कन क्वै तिनै भुवनमा * पाइन्न खोजे पनि।। ६।।
आफू लाउँदछिन् स्वयम् खटनमा * धेरै थरी कामना
माछा, कच्छप, सिंह, शूकर पनी * बन्छन् ति औतारमा ।
श्री नारायण विष्णुको गति पनी * यस्तो छ उल्टो भने
मान्नू श्रेष्ठ भनी तिनै भुवनमा * कुन् देवलाई मुने!।। ७।।
मेरो देह र पुत्र, पत्नि धन यो * सर्वस्व मेरो घर
मान्छन् पागल झैँ 'म' नित्य हुँ भनी * एकेक नारी–नर ।
मायाकै वशमा परी थरि–थरी * अन्याय गर्छन् जति
देह त्याग गरी परी नरकमा * कष्टादिभोग्छन्अति।। ८।।
मायाबाट अलग्ग बस्न कहिल्यै * सक्तैन कोही जन
राम्रो एक कथा म भन्दछु सबै * सुन्नूहवस् सज्जन ।
त्वष्टा नाम थिए प्रजापति अघी * कोही गुणी सद्मति
गर्थे कार्य अनेक देवगणको * आफू सकेको जति।। ९।।
बाझाबाझ परेर इन्द्रसित ती * शेखी उतार्छू भनी
छोरो उत्तम विश्वरूप कहिने * पैदा गराए अनि ।
तीनोटा शिरका थिए त्रिशिर ती * प्यूँथे सुरा एकले
अर्कोले तिनि हेर्दथे दश दिशा, * वेद–ध्वनी एकले।। १०।।

त्यागी भोग र सौख्य विश्वरुपले * लागे तपस्यातिर
तिन्को त्यो तपले प्रभावित भए * देवेन्द्र ती आखिर ।
मेरो स्वर्ग लिनेछ उग्र तपले * भन्दै डराईकन
डाके काम–रती र कामिनिहरू * बोले दुखाई मन।। ११।।
गर्दै छन् तप विश्वरूप अहिले * वैरत्व त्यो संझिई
तिन्लाई वशमा गराउ तिमिले * साहाय साथै लिई ।
ऐह्ले चिन्तित छू म, उग्र तपको * देखेर तिन्को बल
त्यस्ले स्वर्ग लिनेछ निश्चय भनी * अत्यन्त छू आकुल।।१२।।
तिन्ले काँतर झैँ र खिन्न मनले * त्यस्तो भनेको सुनी
जाँदै छौँ अहिले तुरुन्त वशमा * तिन्लाइ पारौँ भनी ।
साथै काम–रती वसन्त–सहितै * ती अप्सरा सुन्दरी
पौँचेथे उहिँ विश्वरूप मुनि जाँ * बस्थे तपस्या गरी।। १३।।

श्रृङ्गार–युक्त युवतीगण ती मिलेर
ध्यानी तपस्वि मुनिका नगिचै पुगेर ।
ढाँचा अनेक गरि गाउन–नाच्न थाले
चेष्टा गरेर थपडी पनि मार्न लागे ।। १४।।

गाए गीतहरू अनेक नखरा * देखाइ धेरै छल
नाचे गान गरे तथापि ति मुनी * बस्ता भए निश्चल ।
चारैतर्फ छटा वसन्त ऋतुको * फैलेर गम्क्यो वन
चल्थ्यो कोइलिको मिठो स्वर पनी * 'को हो ?' भनी घन्कन।। १५।।
देखिन्थे लटरम्म पुष्प–फलले * वृक्षादि चारैतिर
नाचे बेसरि अप्सरागण मिली * मीठो बनाई स्वर ।
धेरै युक्तिहरू गरे युवतिले * तिन्लाइ छल्ने, तर
जागेनन् मुनि विश्वरूप तपमा * आफ्नू रहे ती स्थिर।। १६।।

ती अप्सरा सकल स्वर्ग फिरेर आए
देवेन्द्रलाइ क्रमले विनती चढाए ।
हे देवराज ! भरिसक्य गऱ्यौं गएर
ध्यानैविषे अडिरहे बलियो भएर ॥१७॥
हाम्रो पुगेन बल, हामि फिरेर आयौँ
जो सत्य हो उहि कुरा विनती चढायौँ ।
येती सुनेर मनमा अति दिक्क माने
अर्को उपाय गरुँ के भनि सोच्न लागे ॥१८॥
आफैँ गई बरु म मार्दछु तेसलाई
देला अवश्य दुख; निश्चय त्यो मलाई ।
लाग्नेछ पाप हुन ता मुनिलाइ मारी
त्यस्को निवारण कुनै गरुँला पछाडि ॥१९॥
येती विचार गरि इन्द्र पुगेर ताहाँ
हानेर वज्र मुनिको शिर—बीचमाहाँ ।
मूर्च्छा परे मुनि जसै अझ यो मरेन
यस्लाइ छाडिदिनु झन् अहिले भएन ॥२०॥
यस्ता प्रकारसित इन्द्र दुखी भएर
यस्को उपाय अब के म गरूँ भनेर ।
तक्षा थिए नगिचमा फरसा भिरेका
भन्छन् सुरेन्द्र तब पाप मती लिएका ॥२१॥
तक्षा ! तिमी त्रिशिरको शिर काटिदेऊ
मेरो यती प्रिय गरी उपकारि होऊ ।
येती सुनी मनमनै ति डराइ तक्षा
भन्छन् म सक्तिनँ र बोक्तिनँ ब्रह्महत्या ॥२२॥

आफ्नू हितार्थ अहिले मुनि–पुत्र मार्‍यौ
हत्या वृथा शिरविषे तिमिले उठायौ ।
यो घोर कर्म गरदा नरकै म पर्छु
गर्दीनँ माफ गर यो, विनती म गर्छु ॥ २३॥

तक्षाका यि कुरा सुनीकन भने * फेरी उहीँ इन्द्रले
हे तक्षा! तिमिलाइ राजि गरुँला * यज्ञादिको भागले ।
बोक्छू मै, तिमिलाइ काम गरि यो * लाग्दैन हत्त्या पनि
प्रायश्चित्त कुनै पछी म गरुँला * हत्त्या नलागोस् भनी॥ २४॥

मेरो शत्रु नमारि छाडुँ कसरी * यै निम्ति भन्छू यहाँ
तिम्रो भाग दिलाउनेछु सहजै * यज्ञादि गर्दामहाँ ।
तक्षाले यि कुरा सुनेर फरसा * तीखो चलाईदिए
तीनोटै शिर काटि विश्वरुपको * भैँमा खसालीलिए॥ २५॥

तीनोटा शिर काटिएर सहसा * भैँमा गिरेथ्यो जब
पक्षी ती शिरबाट तीन थरिका * पैदा भएथे तब ।
पढ्ने वेद भयो कपिञ्जल तथा * देख्ने त तित्रा वन्यो
गर्ने त्यो मदपान् कपोत हुनगो * पक्षी तिनै रूपको॥ २६॥

फर्के स्वर्ग सुरेन्द्र हर्षित हुँदै * वैरी निभाएँ भनी
जानेनन् तर विश्वरूप मुनिको * त्यो ब्रह्महत्या पनि ।
द्यौताले जब गर्दछन् थरि–थरी * अन्याय पापी बनी
गर्छन् मानिसले भनेर कलिमा * आश्चर्य के भो अनि॥ २७॥

त्वष्टाले जब पुत्रलाइ छलले * मारे भनेको सुने
जागे क्रोध गरेर हेर ! बदला * लिन्छू म यस्को भने ।
देख्नेछौ सुर हो ! कठोर तपको * कस्तो छ मेरो बल
मारे त्यो सुतलाइ केहि नगरी * हुन् इन्द्र दोषी खल॥ २८॥

मार्ने इन्द्र, सुपुत्र एक बलियो * उत्पन्न गर्छू अब
त्यस्ले मार्दछ इन्द्रलाइ रणमा * सन्तोष होला तब ।
हत्या ब्राह्मणको अनाहक गरी * जाला कता त्यो खल
भोगोस् निश्चय इन्द्रले जति गऱ्यो * दुष्कर्म त्यस्को फल ॥ २९ ॥
गर्दै मन्थन बेसरी अरणिले * आगो जगाए अनि
होमे पायस स्वच्छ वेद—विधिले * अग्नी खुशी हुन् भनी ।
मन्त्रेको चरुलाई आठ दिन ती * होम्दै रहेथे जब
निस्क्यो अद्‌भुत पुत्र एक बलियो * उद्दण्ड जस्तो तब ॥ ३० ॥
लौ मेरो तपले बढेर अहिल्यै * अग्लो ठुलो हो भनी
आशीर्वाद दिए तुरुन्त र बढी * पट्ठो भएथ्यो अनि ।
राखे वृत्र भनेर नाम मुनिले * उस्लाइ देख्ने जति
ठान्थे काल स्वयम् उपस्थित भयो * आश्चर्य मान्दै अति ॥ ३१ ॥

उद्दीप्त अग्नि सरिको अति तेज धारी
देख्दै भयङ्कर स्वरूप छ देह भारी ।
सामू सरीकन पितासित भन्न लाग्यो
लौ, हे पिता ! हुकुम पाउँ म तेज जाग्यो ॥ ३२ ॥
आज्ञा हवस् मनमहाँ किन शोक ठूलो
लीनूभयो ? सकल शोक म पार्छु धूलो ।
मेरो यही व्रत छ, पुत्र भएर आएँ
यै 'कृत्य' हो भनि सबै विनती चढाएँ ॥ ३३ ॥
आकाश झारुँ पृथिवी पनि फेरिहालूँ
इन्द्रादिलाइ अब झट्ट निकालिहालूँ ।
पर्वत् धुलो गरिदिऊँ र समुद्र पीऊँ
वीषालु सर्पहरुलाइ अँठ्याइहालूँ ॥ ३४ ॥

आज्ञा हवस् अब पिता ! कति कामलाई
भो सम्झना मकन लौ दिनुहोस् बताई ।
पूरा म गर्छु अहिल्यै प्रभुले भनेको
कार्यार्थमै म छु अगाडि खडा भएको ।। ३५।।
येती सुनी अघि सरीकन बाबु त्वष्टा
बोल्दा भए खुशि भएँ तिमिलाइ देख्दा ।
त्यो इन्द्रलाइ अब मार गएर ताहाँ
पापिष्ठ मारिकन पाप हुँदैन याहाँ ।। ३६।।
बीनापराध तपसी मुनिलाइ मार्‍यो
त्यो दुष्टलाइ अब मार्न हुँदैन गाह्रो ।
येती सुनीकन ति वृत्र खुशी भएर
शस्त्रास्त्र लीकन हिँडे रथमा चढेर ।। ३७।।
द्यौताका जति शत्रु दानव थिए * लागे पछाडी सब
लागे थर्थर काम्न देवगण ती * लौ मार्न आयो अब ।
उल्का धेर भए अनेक थरिका * पक्षी कराए अति
थाले काग र गिद्ध उड्न नभमा * देखाइ उल्टो गति।। ३८।।
रुन्थे वाहन ती धुरू–धुरु कती * आँसू बगाईकन
हावा केहि नभै ध्वजा रुखहरू * थाले स्वयम् न्यूरन ।
देखेथे जब ती कुलक्षण तथा * उल्का अनेकौं थरी
सोधे इन्द्र पुगी बृहस्पतिकहाँ * न्यूरेर पाऊ परी।। ३९।।
उल्काहरू थरि–थरी अहिले म देख्छु
आयो कि आपद कुनै भनि आत्तिइन्छु
षट्शास्त्रमा निपुण जानि हजूरलाई
आएँ सुध्याउन गुरो ! मनमा डराई ।। ४०।।

देवेन्द्रका यति कुरा जब सुन्न पाए
क्यै सान्त्वना दिइ कुरा गुरुले सुनाए ।
दुष्कर्म जो अघि गऱ्यौ सब जानि जानी
शक्ति–प्रभाव तपको पनि क्यै नमानी ।। ४१ ।।
माऱ्यौ तपस्वि द्विजलाइ गएर व्यर्थ
त्यै पापले हुन गयो सब यो अनर्थ ।
हिंसा नगर्नु कहिल्यै पनि जानि जानी
भन्छन् ति शास्त्र, तपसी, मुनि, विज्ञ, ज्ञानी ।। ४२ ।।
त्यस्मा पनी अधिक उत्तम विप्रलाई
ईर्ष्या र द्वेषवश मारिदियौ रमाई ।
त्यो ब्रह्मवीर्य तप–रूप भई उदायो
त्वष्टा–कुमार मुनिको अब लड्न आयो ।। ४३ ।।

मैले के गरुँ लौ उपाय अहिले * कस्तो ? तिमी नै भन
मौका छैन विचारको, म सजिलो * बाटो कुनै देख्दिनँ ।
ईर्ष्या, द्वेष र लोभ, मोह, मदमा * जो गर्छ लोभी बनी
त्यस्ले पर्दछ भोग्नु त्यो फल स्वयम् * मेटिन्न कैल्यै पनि ।। ४४ ।।
त्वष्टाका सुत ती अवध्य बलिया * छन् वीर वृत्रासुर
आएका तिमिलाइ मार्न अहिले * ती लड्न छन् तत्पर ।
उल्का–पात हुँदै छ स्वर्गपुरिमा * ऐह्ले त्यसै कारण
जाऊ लड्न छिटै ससैनिक तिमी * शङ्का नमानीकन ।। ४५ ।।
यस्तै तर्क–वितर्क शिष्य–गुरुको * चल्दै थियो जो यता
आयो काल भनेर देवगणको * शेखी बिलायो उता ।
द्यौता, यक्ष र सिद्ध, किन्नर, मुनी, * गन्धर्व विद्याधर
थाले भाग्न त्यजेर गेह धन ती * मानेर मर्ने डर ।। ४६ ।।

त्यो देखेर सुरेन्द्र चिन्तित भए * क्यै छक्क पर्दै अनि
रोकेथे सबलाइ व्यर्थ यसरी * पर्दैन भाग्नू भनी ।
त्यो आज्ञा सबलाइ दीकन स्वयम् * शस्त्रास्त्र सज्जित् भए
ऐरावत् गजमा चढेर, रथमा * त्यो वज्र राखीलिए।। ४७।।
पौँचे पर्वत गन्धमादनविषे * ती देवता दानव
ठूलो पर्वतमा चल्यो समर त्यो * जङ्गी थिए ती सब ।
भाला, तोमर, पाश, शक्ति र गदा * खड्गादि तीखा शर
थाले गर्न प्रहार पक्ष दुइले * भूमी भइन् थर्थर।। ४८।।
भागेथे रणबाट ती वरुणजी, * वायू भए कायल
त्यागे त्यो रणभूमि अग्नि, यमले * निक्कै भई घायल ।
केही बेर डटे सुरेन्द्र रणमा * एक्लै थिए तापनि
भागे युद्ध त्यजी, मलाइ खलले * मार्नेछ पक्का भनी।। ४९।।
भाग्दा ती सब देवता समर नै * त्यो रित्तिएथ्यो जब
फर्के वृत्र पनी पितासित भने * जे–जे भयो त्यो सब ।
हे बाबा ! सब शत्रुलाइ सहजै * चुट्दै लखेट्तै गएँ
जो भागे सबलाइ नीति रणको * मानेर माफी दिएँ।। ५०।।
भाग्यो इन्द्र समर् त्यजेर डरले, * त्यो श्रेष्ठ ऐरावत
ल्याएको छु, हजूर राखिलिनुहोस् * त्यस्लाइ राम्रो–सित ।
यस्तै बात अरू पनी समरका * शौर्यादिका जो भए
त्यो विस्तार गरी पिताकन सबै * पूरा सुनाईदिए।। ५१।।
छोरोको सुनि त्यो पराक्रम ठुलो * त्वष्टा भए हर्षित
लागे भन्न–बुझाइ, काम अहिले * राम्रो गर्‍यौ हे सुत !
केही शान्ति मिल्यो दुखी हृदयमा * ऐह्ले भनेको सुनी
इच्छा पूर्ण हुनेछ दुष्ट रणमा * त्यो इन्द्र मर्ला अनि।। ५२।।

मार्नू क्यौ पछि इन्द्रलाइ, अहिले * जाऊ तपस्या गर
बस्नू खूब भई सतर्क तिमिले * मानी उसैको डर।
पापी दुष्टमती अनेक थरिका * गर्नेछ पक्का छल
गर्ला मार्न अनेक यत्न बुझिल्यौ * हो ब्रह्मघाती खल।। ५३।।

त्यस्को गर्नु वृथा छ क्यै विषयमा * विश्वास—घाती भनी
क्यै विश्वास नगर्नु देवगण हुन् * ती घात गर्ने खुनि।
ब्रह्मालाइ खुशी गराउ तपले * त्यो इन्द्र मर्ला अनि
मिल्ला राज्य, प्रशस्त सम्पति पनी * बन्नू प्रतापी गुणी।। ५४।।

मारौला वरदान पाइ विधिको * हो मुख्य शत्रू भनी
लाग्ला नीद अनी मलाइ सुखको * यो ताप जाला पनि।
पाएथे जब वृत्रले हित हुने * शिक्षा पिताको अनि
आए पर्वत गन्धमादन छिटै * गर्छू तपस्या भनी।। ५५।।

केही वस्तु नखाइ, नीद नलिई * बाँधेर पद्मासन
लागे ध्यान तथा कठोर तपमा * रोकेर आफ्नू मन।
तिन्को त्यो तपको प्रभाव सहसा * बढ्दै गएथ्यो जब
त्यो संवाद सुनेर इन्द्र मनमा * क्यै आत्तिएथे तब।। ५६।।

त्यस्मा विघ्न गराउने थरि—थरी * लागे ति उद्योगमा
गर्छन् क्षुद्र बनेर काम कसरी * आफू बसी स्वर्गमा।
[illegible] तिनि देख्न कोहि अरुको * उत्थान कैहल्यै पनि
[illegible] गिराउँ के गरि कहाँ * यै यत्न गर्छन् तिनी।। ५७।।

[illegible] रति—कामसाथ सुमुखी * ती अप्सरा सुन्दरी
[illegible] यत्न गरे सके जति सबै * पौंची उहाँ त्यो घरि।
[illegible] किन्नर नाग उत्तम पुगे * गन्धर्व विद्याधर
लागे नाच्न ति यक्ष पन्नगहरू * सानन्द चारैतिर।। ५८।।

फैलाएर छटा वसन्त ऋतुले * शोभा फिजायो अनि
हुन्थ्यो चञ्चल चित्त त्यो बखतमा * ज्ञानी मुनीको पनि ।
लागे नाच्न परीहरू घुमि–घुमी * छम्-छम् गरी फन्फनी
हेरेनन् मुनिले रहे अडिग भै * आँखानखोलीतिनी ।। ५९ ।।
तिन्को शक्ति पुगेन लज्जित भई * फर्की गए स्वर्गमा
आफूले जति जे गरे, सब भने * श्री इन्द्रका पासमा ।
सारा बात बुझेपछी मनमनै * देवेन्द्र चिन्तित् थिए
जे होला पछि त्यो विचार गरुँला * भन्दै उनी लुप्रिए ।। ६० ।।
पूरा त्यो सय वर्ष उग्र तपमा * तिन्को बितेथ्यो जब
ब्रह्मा पाल्नुभयो प्रसन्न मनले * उन्का नगीचै तब ।
के माँग्छौ वरदान माँग, विधिले * आज्ञा भएको सुनी
ती वृत्रासुरले परी चरणमा * न्यूरेर ढोगे अनि ।। ६१ ।।
हे ब्रह्मन् ! खुशिले मलाइ दिनुहोस् * जे माँग्दछू त्यै वर
ढुङ्गा काठ गिलो चिसो अरु कुनै * शस्त्रास्त्र तीखा शर ।
यिन्ले मृत्यु नहोस् सदैव विजयी * योद्धा रहूँ विश्वमा
ब्रह्माले खुशि भै 'तथास्तु' छ भनी * फिर्नूभयो धाममा ।। ६२ ।।
साह्रै दुर्लभ त्यो अजेय वरले * सन्तुष्ट पारीकन
ब्रह्मा फिर्नुभयो र वृत्र विरको * खूशी भएथ्यो मन ।
त्वष्टाले सुतको कठोर तपको * त्यो शक्ति देखे जब
आशीर्वाद दिए प्रसन्न मनले * डाकी नगीचै तब ।। ६३ ।।
हे बाबू ! जय होस्, तिमी समरमा * तत्काल जाऊ अब
मारी इन्द्र सहर्ष स्वर्गभरिको * सम्पत्ति लेऊ सब ।
बाबूको सुनि त्यो कुरा हुन गए * तैयार वृत्रासुर
सेना दानवका सुसज्जित भए * संग्रामकै खातिर ।। ६४ ।।

भेरी, शंख, मृदंग, ढोल, नगरा * बाजा बजाईकन
पृथ्वी कम्प गराइ वृत्र बलवान् * निस्के खुशी भैकन।
त्यो कोलाहल बेसरी जब बढ्यो * भो स्वर्गमा खल्बल
चिच्च्याए सब देवतागण, सुनी * त्यो घोर कोलाहल॥ ६५॥
आयो काल–स्वरूप लइन अहिले * त्यो वीर वृत्रासुर
साहै दुष्ट छ त्यो, कसैसँग पनी * मान्दैन केही डर।
आयो वृत्र भनेर इन्द्र मनमा * झस्के डराए अनि
बोले–लड्नु अवश्य पर्दछ डटी * के भाग्नुकाँतर् बनी॥ ६६॥
यस्तै सोच गरेर सैनिकहरू * तैयार पारीकन
तिन्को उत्तम 'गृद्धव्यूह' रचना * गर्दा भए त्यै क्षण।
त्यस्को इन्द्र बसेर व्यूह–मुखमा * आफै बने रक्षक
दायाँ अग्नि डटे लिई थरि–थरी * शस्त्रास्त्र संहारक॥ ६७॥
बायाँ–तर्फ कुबेर श्री वरुण औ * द्यौता अरू जो थिए
चारैतर्फ ति व्यूहका वरिपरी * ती पंख झैँ देखिए।
त्यै वेला सहसा पुगी समरमा * धावा गरे वृत्रले
उस्को वेग ठुलो, डटीकन स्वयम् * रोक्ता भए इन्द्रले॥ ६८॥
भाला, पट्टिश, शूल, तोमर, गदा * हानेर तीखा शर
लागे गर्न प्रहार शस्त्र सब ती * ताक्दै विपक्षीतिर।
लड्थे वृत्र सुरेन्द्र सम्मुख भई * अत्यन्त उत्साहले
हाली ती सुरराजलाइ मुखमा * सिङ्गै निले वृत्रले॥ ६९॥
मारेथ्यो अघि विश्वरूप तपसी * दाजू यही इन्द्रले
मौका आज मिल्यो निलेँ समरमै * यस्लाइ त्यै हेतुले।
गर्दै तर्क अनेक हर्षित हुँदै * गर्थे ति वृत्रासुर
त्यो वेला पनि पेटमा सुरपती * ज्यूँदै थिए ती; तर॥ ७०॥

हालेको सुरराजलाइ मुखमा * तत्काल देखे जब
दौडेथे गुरुलाइ भन्दछु भनी * हाहा ! गरी ती सब ।
त्यो वृत्रासुरले निले पनि सदा * ती इन्द्र बाँचून् भनी
अर्थ्याए गुरुका परी चरणमा * एकेक दुःखी बनी ।। ७१ ।।
सम्झाए गुरुले निले पनि अझै * छन् इन्द्र ज्यूँदै, तर
यस्मा के म गरूँ उपाय बरु क्यै * जाने–बुझेको गर ।
'हाई' सृष्टि गरे तुरुन्त सुरले * आज्ञा गुरूको सुनी
अल्छीले थिचि 'हाइ–हाइ' सबले * गर्दै गएथे अनि ।। ७२ ।।
खोलेथे मुख अल्छिले गरि ठुलो * 'हाई' गरी वृत्रले
निक्ले बाहिर इन्द्र त्यै बखतमा * बाँचें भनी हर्षले ।
'हाई' को त्यहिँबाट नै चलन यो * संसारमा फैलियो
बाँच्यो इन्द्र भनेर वृत्र मनमा * क्यै बेर दुःखी भयो ।। ७३ ।।
ठूलो युद्ध चल्यो दुवै तरफको * छाडी अनेकौँ शर
गर्थे शस्त्रहरू प्रहार रिसले * ती इन्द्र–वृत्रासुर ।
मार्छू यस्कन लौ भनी समरमा * हुन्थे दुवै उद्यत
हेर्थे देव बसी विमानहरुमा * संग्राम त्यो अद्भुत ।। ७४ ।।

संग्राममै जब त वर्ष बित्यो हजार
थाकेन वृत्र अझ झन् हुनगो खुँखार ।
भागे चुटाइ परि बेसरि इन्द्र पैह्ले
द्यौताहरू पनि कुदे सब ती क्रमैले ।। ७५ ।।
ती वृत्रले त्यसरि स्वर्ग जिते लडेर
देवेन्द्र भैकन बसे अनि वृत्र वीर ।
त्यो डुल्नलाइ भनि नन्दन वाग पाए
ती अप्सरा सकलको सुखमा रमाए ।। ७६ ।।

ती कामधेनु अनि अमृत, पारिजात
ऐरावत प्रभृति रत्न लगाइ हात ।
ती वृत्र स्वर्ग–सुखमा बहुतै रमाए
आफ्ना सबै असुरलाइ सुखी तुल्याए ।। ७७।।
भागेर ती सुरहरू पृथिवी–तलैमा
बस्ता भए गिरि गुहा वन कन्दरामा ।
धेरै गए दिन यही क्रमले बितेर
गर्थे कुनै दिन विचार सबै मिलेर ।। ७८।।
बस्ने कती दिन खपी दुख यो कठोर
क्यै यत्न लौ अब गरौं सबले मिलेर ।
कैलास जाउँ अहिल्यै हिँड लौ भनेर
बिन्ती गरौँ शिवजिका पदमा नुहेर ।। ७९।।
कैलास ती जब पुगे गरि यो विचार
जोरी दुवै कर रहे सब न्यूरिएर ।
देखेर सिद्ध मुनि विज्ञ महर्षिलाई
आज्ञा भयो शिवजिले सब देवलाई ।। ८०।।
आयौ यहाँ किन तिमीहरु कष्ट के छ ?
पैह्ले सुनूँ अनि गरौँ हित, गर्नु जे छ ?
आज्ञा सुने शिवजिको जब ती सवैले
न्यूरी भने विनयले अति नम्रताले ।। ८१।।
त्यो वृत्र उग्र तपले अजयी बनेर
हाम्रो लियो सकल स्वर्गपुरी हरेर ।
ब्रह्माजिले दिनुभयो वर जो त्यसैले
भोग्दै छ स्वर्ग–सुख त्यो बनि इन्द्र ऐह्ले ।। ८२।।

हाम्रो लियो सकल भाग हरेर आज
भोग्दै छ दुःख अहिले सुरको समाज ।
गर्नूहवस् अब उपाय दयालु नाथ
हामीहरू सकल छौँ अहिले अनाथ ।। ८३।।
बिन्ती सुनेर सुरको शिव भन्न लागे
मर्दैन त्यो समरमा छ अजेय ऐह्ले ।
त्यस्लाइ मार्न म पनी असमर्थ नै छु
त्यै हेतुले हित हुने म उपाय भन्छु ।। ८४।।
जाली छली अतिबली उहि विष्णु नै छन्
आँटे भने असुर त्यो उनि मार्न सक्छन् ।
वैकुण्ठ नै अब सबै मिलि जाउँ ऐह्ले
साथै लिएर शिवलाइ हिँडे खुशीले ।। ८५।।
लौ हुन्छ हुन्छ, भनि ती सब देवताले
श्री विष्णुको उहिँ पुगी स्तुति गर्न थाले ।
देवाधिदेव प्रभु, हे हरि ! लोकनाथ
हामीहरू हुन गयौँ अहिले अनाथ ।। ८६।।
लक्ष्मीपते ! यदुपते ! भगवन् मुरारि
उद्धार हामिहरुको गर वृत्र मारी ।
खोसेर स्वर्ग सब भोग्दछ भोग आज
दुःखी सबै हुन गयो सुरको समाज ।। ८७।।
जे–जे गरेर अहिले हित हुन्छ हाम्रो
गर्नूहवस् हजुरले त्यहि जुक्ति राम्रो ।
बिन्ती सुने यति जसै सब देवताको
बोल्नूभयो हरि हुने हित बात जो हो ।। ८८।।

नाना रूप धरी कतै छल गरी * बुद्धी तथा शक्तिले
द्यौताकै हित गर्नुपर्दछ स्वयम् * मैले कुनै युक्तिले ।
ब्रह्माको वरले छ वृत्र खल त्यो * दुर्जेय त्यै कारण
मैले युक्ति कुनै अठोट नगरी * मर्दैन त्यो दुर्जन ।। ८९ ।।
त्यस्लाई सकिदैन मार्न रणमा * शस्त्रास्त्रद्वारा पनि
मार्नूपर्दछ वृत्रलाइ छलले * हूँ मित्र तेरै भनी ।
जाओ लौ अहिले सहर्ष घरमा * ज्ञानी मुनी देवता
त्यस्का साथ गरून् कुनै तरहले * श्री इन्द्रले मित्रता ।। ९० ।।
सारा देवहरू चतुर्दिक सधैँ * त्यो वृत्रका नै रहून्
उस्लाई सुरराजले शपथले * विश्वास पैदा गरून् ।
बस्नेछू म गई अदृश्य रुपमा * ती इन्द्रको वज्रमा
मौकामा पछि मार्दछन् छल गरी * पारेर विश्वासमा ।। ९१ ।।
कैह्ले स्वार्थ हुँदैन सिद्ध जनको * कर्तव्य मात्रै गरी
स्वार्थी बन्नु पनी कुरा असल हो * मौका परेका घरि ।
जस्लाई सकिंदैन जित्न बलले * शत्रू छ ठूलो भने
मैत्रीले, छलले कुनै किसिमले * पक्काछत्योमारिने ।। ९२ ।।
मैले नै अघि स्वार्थ साधन गरेँ * त्यो मोहिनी रूपले
खोसेँ वामन रूपले ति बलिको * साम्राज्य त्यै युक्तिले ।
शक्तीको गर सम्झना हृदयमा * राखी सफा भावना
उन्को पूजन ध्यान भक्ति स्तुतिले * पुग्ला स्वयम् कामना ।। ९३ ।।
पार्नेछन् जब मोहमा भगवती– * ले दुष्टलाई अनि
त्यस्को मृत्यु हुनेछ निश्चय बुझे * मैले भनेको भनी ।
मैले नै पनि सम्झना जब गरेँ * आराधना शक्तिको
मारेँथे बलवान दानवहरू * उन्कै ठुलो भक्तिले ।। ९४ ।।

त्यो वृत्रासुरलाइ मार्न सजिलो * युक्ती छ यौटा, तर
देवीको स्तुति पाठ पूजन पनी * गर्दै रहू सादर।
देवी तुष्ट भएपछी सहजमै * मारिन्छ वृत्रासुर
ऐह्ले तर्क–वितर्क केहि नगरी * फर्केर जाओ घर।। ९५।।
शिक्षा योग्य मिल्यो भनी सुरहरू * फर्केर आए अनि
मेरू पर्वतको पुगी शिखरमा * हो स्थान राम्रो भनी।
जोरी हात दुवै प्रसन्न मनले * आनन्द मान्दै अति
थाले गर्न सबै मिलेर विधिले * कात्यायनीको स्तुति।। ९६।।

जननि ! सब जगत्‌की छौ तिमी आदिशक्ति
सकल जन हजुर्कै गर्दछन् भाव–भक्ति ।
सब विपत विनाशी, भक्तको दुःख नाशी
हरिकन वर दीने खूशि भै भक्त–माथि ।। ९७।।
जगद्धात्री, दुर्गे ! जय–जय भवानी ! भगवती
बढ्यो निक्कै ऐह्ले असुर खल त्यो वृत्र कुमति ।
दुखी भै आएका सुर सकलमा दृष्टि दिनुहोस्
विपत् हाम्रो टारी निज–शरणमा शीघ्र लिनुहोस् ।। ९८।।
जननि सब जगत्‌की छौ तिमी आदिशक्ति
सकल जन हजुर्कै गर्दछन् भाव–भक्ति ।
सब विपत विनाशी भक्तको दुःख नाशी
सुरकन वर बक्स्योस् खूशि भै भक्तमाथि ।। ९९।।
जगत् रक्षा गर्ने, असुर–दल संहारिणि शिवे
जगन्माता दुर्गे ! गर अब दयालू मन शुभे !
सबै यो जान्दै छौँ जति छ भय हाम्रो उपरमा
छिटै नै त्यो नाशी अब दिनुहवस् स्थान पदमा ।। १००।।

जय–जय अविनाशी आदिशक्ती भवानी
शरण लिनुहवस् यी आफना भक्त जानी ।
तिमिविनु अरु ठूलो छैन संसार–सेतु
भगवति! तिमि नै छौ कष्ट सागर्कि केतु ।।१०१।।
हुकुम लिइ हजुर्कै खास ब्रह्मा र विष्णु
शिव प्रभृति सबैले गर्दछन् काम आफ्नू ।
जसरि महिष मारी, शुम्भको नाश पारी
विपति हरिलिनूभो कष्ट हाम्रो उतारी ।।१०२।।
सबैलाई पार्ने चकित भवको जो छ रचना
सदा ब्रह्मा विष्णू हरि पनि रहन्छन् खटनमा ।
तिनी छैनन् आफू–खुशि कहिँ कुनै कामहरुमा
रहन्छन् ती नित्यै स्थिति प्रलय संहार–बिचमा ।।१०३।।
गर्दै छौँ हामि ऐह्ले विनय, दुख परी * पाउमा भक्ति लाई
रक्षा गर्नोस् भवानी! भइ सदय छिटै * मार्नुहोस् शत्रुलाई ।
हाम्रो पाऱ्यो उछित्तो सब विभव लिई * स्वर्गको भाग पाई
भोग्दै छौं दुःख हामी थरि–थरि मखको * भाग आफ्नू नपाई।।१०४।।
माताको निम्ति हुन्नन् सुत कुमति सधैँ * पाल्दछन् स्नेहले ती
तिम्रो नै हो कथन् यो किन सदय भई * हेर्दिनौ हामिमाथि ।
दोषी छैनन् यि द्योताहरु भनि तिमिले * ईश्वरी ! जान्दछ्यौ यो
आफ्नै हुन् भक्त सारा सुर भनि मनमा * राख सद्भावना, त्यो।।१०५।।
द्रोही हो दुष्ट वृत्रासुर शठ मतिको * मन्द बुद्धी तथापि
त्यस्लाई मार्नुहोस् लौ प्रकट भइ छिटै * नाशियोस् दुष्ट पापी ।
हाम्रा जो शत्रु पैह्ले समर–बिच मरे * बाण लागी हजुर्को
गर्दै छन् भोग ठूलो सुरपुर–भरिको * सुन्दरी अप्सराको।।१०६।।

हुनत अधम काम् हो, ब्रह्मको बीज मारी
शिर–उपर उठाए इन्द्रले पाप भारी ।
तर पनि कर लाग्यो स्वर्गमा विघ्न पर्दा
कसरि सहिरहुन् ती इन्द्रले स्थान हर्दा ।। १०७।।
रवि उदय हुनाले दश् दिशा खुल्छ पैह्ले
ऋतु–पछि फल लाग्छन् पानि वर्षन्छ जैह्ले ।
अचल भइ रहन्छिन् भूमि भारी सहेर
जननि ! तिमि रहन्छ्यौ सर्व–साक्षी भएर ।। १०८।।
जान्दैनौँ ध्यान पूजा विमल चरणमा गर्दछौँ लौ प्रणाम
तिम्रो भक्ती र ध्यान स्तुति जप अथवा रूप त्यो दिव्यधाम ।
जान्दैनौँ हामि केही, विमल मन गरी जप्तछौँ मात्र नाम
हामी–माथी दयालू बन अब जननी! वृत्र मार्ने छ काम ।।१०९।।
जस्को ध्यानी र ज्ञानी असल मति हुने ध्यानमा मग्न हुन्छन्
त्यस्तीको शेष, वाणी स्तुति गरुँ म भनी हर्षले तम्सिइन्छन्।
सक्तैनन् गर्न पूरा अनि मनमनमा लाजले खुम्चिइन्छन्
हाम्रो पुग्नेछ शक्ती कसरि भनि सबै देवता लाज मान्छन् ।।११०।।
स्वाहाले देवता औ पितृकन सहजै तृप्त पार्ने स्वधाले
हाम्रो यस्तो उपेक्षा किन छ भन शिवे ! दुःख लाग्दैन यस्ले ?
माँग्छौँ प्रत्यक्ष दर्शन्–चरणकमलमा माथ न्यूराइ भक्ति
देऊ लौ भक्त जानी अभय वर छिटै हे शिवे आदिशक्ति।। १११ ।।
जान्दै छौ दुःख हाम्रो अब घरि–घरि के हामिफेरी सुनाऔँ
हामीमाथी दयालू भइ गर करुणा पाइ तिम्रो रमाऔँ ।
मारी त्यो वृत्र पापीकन सदय भई टार सङ्कष्ट सारा
हे दुर्गे ! ध्यान देऊ सुत भनि सुनिल्यौ शीघ्र हाम्रो पुकारा ।।११२।।

गरे द्यौताले यो स्तुति जननिको शुद्ध मनले
सुनिन् बिन्ती तिन्को त्रिभुवन–भरीकी जननिले ।
दिइन् दर्शन् आई अनि सुरहरू हर्षित भए
नमी उन्का पाऊ–बिच मनमनै गद्‌गद थिए ॥११३॥

पैरी उत्तम वस्त्र अङ्गभरिमा * रत्नादिका भूषण
माला, अङ्कुश, चाप, पाश करमा * गर्दी छँदी धारण ।
बज्ने नूपुर, मेखला छ कटिमा * जस्को सुनिन्थ्यो ध्वनि
राम्रा नेत्र र मन्द हास्य मुहुडा * श्री सूर्य जस्तै अनि ॥११४॥

रातो चन्दन, वस्त्र, स्वच्छ फुलका * माला गलामा धरी
शोभा दिव्य फिँजाइ सम्मुख स्वयम् * देखा परिन् ईश्वरी ।
पाई दर्शन देविको ति सुरले * न्यूरेर ढोगे जब
बोलिन्–खूशि म छू, बताउ मनको * इच्छा मलाई अब ॥११५॥

आज्ञा ती जगदम्बको सुनि गरे * बिन्ती सबै देवले
साह्रै दुःख दियो, दुखी हुन गयौँ * पापिष्ठ त्यो वृत्रले ।
त्यस्लाई अब मोह पारिदिनुहोस् * माया फिँजाईकन
माया–जालविषे पऱ्यो यदि भने * मारिन्छ त्यो दुर्जन ॥११६॥

हामीलाइ दिएर कष्ट अहिले * उस्ले लखेट्यो अनि
बस्तै छौँ गिरि, कन्दरा र वनमा * अत्यन्त दुःखी बनी ।
द्यौताले त्यसरी विनम्र स्वरमा * बिन्ती गरेको सुनी
इच्छा पूर्ण हुनेछ, जान्छु म भनी * अल्पिन्तिकात्यायनी ॥११७॥

पाएथे वर त्यो जगज्जननिको * ती देवताले जब
फर्के खूब भई प्रसन्न मनमा * जो–जो गएथे सब ।
जस्को मान्दछ वृत्रले हित कुरा * त्यस्ता तपस्वी मुनि
लागे भन्न गएर वृत्रसँग ती * मान्लाअवश्यैभनी ॥११८॥

योद्धा वीर तिमी समान अहिले * क्वै छैन वृत्रासुर!
तिम्रो तेज र शौर्य विश्वभरिमा * देखिन्छ चारैतिर ।
ठूला वीर अजेय छौ, तर तिमी * शङ्कित् रहन्छौ सदा
शङ्का गर्नु पनी ठिकै छ तिमिले * ती इन्द्र वैरी हुँदा ।। ११९ ।।
आपस्मा झगडा हुनू यसरि यो * को भन्छ राम्रो भनी?
शंकाले भय शोक बढ्छ, निशिमा * लाग्दैन निद्रा पनि ।
निक्कै वर्ष चल्यो लडाइँ र प्रजा * छन् कष्टले पीडित
आत्तिन्छन् ति लडाइँ पर्छ कि भनी * फेरी नराम्रो–सित ।। १२० ।।
रोज्दैनन् दुख, खोज्दछन् सुख सदा * प्राणीहरू लोकमा
ज्ञानीले सुख–दुःखलाइ सम नै * मान्छन् सदा चित्तमा ।
लड्छन् युद्ध ठुलो भनेर खुशिले * योद्धा प्रतापी, तर
मान्दैनन् रणलाइ श्रेष्ठ त्यसमा * देखिन्छ शङ्का, डर ।। १२१ ।।
गर्नू भोजन श्रेष्ठ वस्तु, सुखले * सुत्नू र शय्यामहाँ
पत्नी एक सुशील होस् सुख दिने * सन्तोष त्यस्तो कहाँ ?
गर्नू युद्ध अनेक शस्त्रहरुले * सङ्कष्ट त्यस्तो कहाँ
लागी चोट अनेक घायल हुनू * संग्राम–भूमीमहाँ ।। १२२ ।।
सोही कारण मित्रता गरिलिनोस् * ती इन्द्रका साथमा
शङ्का क्यै नगरेर स्वच्छ मनले * बस्नूहवस् स्वर्गमा ।
ज्ञानी सिद्ध मुनी ऋषीश्वर तथा * छन् देवता जो सब
गर्नेछन् निज–कार्य स्वच्छ मनले * मैत्री गरौला जब ।। १२३ ।।
हुन्छौं हामिहरू सबै तरहले * मध्यस्थ यो काममा
जे भन्छौ तिमिले उही शपथ ती * गर्नन् रही सामुमा ।
छन् ऐह्ले रवि, चन्द्र, वायु, पृथिवी * त्यै सत्यले नै स्थिर
तिन्लाई अब मान मित्र तिमिले * पर्दैन मान्नू डर ।। १२४ ।।

खानू, बस्नु र सुत्नु, उठ्नु सँगमा * क्यै ख्याल—ठट्टा गरी
बस्नू साथ मिलेर भित्रि मनले * वैरत्व सारा तजी ।
जाबो वानरलाइ मित्र खुशिले * मान्नूभयो रामले
बाली मारि रजाइँ बक्सनुभयो * तिन्लाइ आनन्दले ।। १२५ ।।
यस्तै तर्क निकै उपस्थित गरी * धेरै बुझाए जब
लागे भन्न बुझाइ वृत्र विरले * आफ्नू इरादा सब ।
ज्ञानी, सिद्ध, मुनी, गुणी जनहरू * छन् मान्य मेरा, तर
मैले गर्दिनँ मित्रता, मनमनै * लाग्दै छ उस्को डर ।। १२६ ।।
मैत्री गर्नु समानका सँग सदा * हो वाक्य यो शास्त्रको
निक्कै क्रूर तथा असाध्य घटिया * बानी छ त्यो इन्द्रको ।
वैरीका सँग मित्रता गर भनी * आज्ञा भयो विज्ञले
मान्थैं मान्न त यो, तथापि पछि क्यै * गर्ला कि त्यो दुष्टले ।। १२७ ।।
निर्दोषी द्विजलाइ व्यर्थ डरले * मार्‍यो घमण्डी बनी
त्यस्को जान्न विचार, भाव मनको * सक्तैन कोही पनि ।
सोही कारणले गएर कुटिमा * बस्नोस् तपस्या गरी
यो चर्चा यहिँ छाड्नुहोस् सब जना * बिन्ती छ पाऊ परी ।। १२८ ।।
तिन्को बात सुनेर ती सकलले * फेरी भने सादर
भोग्छन् प्राक्तन कर्मका फलहरू * प्रत्येक नारी—नर ।
पर्छन् रौरव नामको नरकमा * विश्वासघाती जन
भोग्छन् कष्ट अनेक यै पृथिविमा * जन्मी तिनै दुर्जन ।। १२९ ।।
प्रायश्चित्त छ पापको थरि—थरी * नाशिन्छ सत् कर्मले
हुन्छन् शुद्ध अनेक तीर्थ व्रत वा * यज्ञादिले दानले ।
मित्र—द्रोह समान पाप अरु क्यै * मानिन्न संसारमा
प्रायश्चित्त पनी हुँदैन सहसा * त्यस्को कुनै कालमा ।। १३० ।।

जे भन्छौ तिमिले हुनेछ त्यहि नै * सत्य प्रतिज्ञा पनि
अग्नी साक्षि र सत्यको शपथमा * मध्यस्थ हामी बनी ।
मैत्री सन्धि गरे हुनेछ बढिया * देवेन्द्रका साथमा
त्यस्ता मित्र भए हुँदैन झगडा * कैह्ल्यै कुनै बातमा ।। १३१ ।।
बोले वृत्र भएर मोह मुनिका * सल्लाह शिक्षा सुनी
ढुङ्गा, धातु, फलाम, काठ अथवा * आलो सुकेको पनि ।
यस्ता वस्तु र व्रजले म नमरूँ * यस्तो प्रतिज्ञा गरे
मैत्री गर्छु सुपात्रको वचनले * सोची विचारी भरे ।। १३२ ।।
यस्ता बात सुनेर वृत्र विरको, * राम्रो भयो लौ भनी
सारा बात भनी लगे सँगसँगै * देवेन्द्रलाई पनि ।
आगो साक्षि गरेर सामु सबका * चर्चा गरी बेसरी
बाहाँ जोरि गरे त्यहीँ शपथ त्यो * पत्त्यार पर्ने गरी ।। १३३ ।।
मैत्री पूर्ण भयो र वृत्र विरले * विश्वास मान्यो अति
राख्थे इन्द्र भने सदा कपट नै * उल्टो बिगारी मति ।
थाले गर्न दुवै प्रसन्न मनले * त्यो स्वर्गको शासन
गर्थे चाकरि बेसरि सुरपती * ती वृत्रको दिन्–दिन ।। १३४ ।।
पारे मोहित वृत्रलाइ छलको * सेवा गरी इन्द्रले
जानेनन् तर त्यो कुनै किसिमले * साँचो कुरा वृत्रले ।
कैह्ले नन्दन वागमा हिड भनी * जान्थे दुवै मित्र ती
पुग्थे सागरको सुरम्य तटमा * आनन्द मानेर ती ।। १३५ ।।
सोझो चित्त भएर वृत्र मनमा * विश्वास मान्दै गए
उल्टो नीति चलेर इन्द्र दिनहूँ * मौका विचार्दै थिए ।
त्वष्टाले सुतको कुरा जब सुने * चिन्तित् भएथे उनी
हे बाबू ! कहिल्यै नगर्नु खलको * पत्त्यार साथी भनी ।। १३६ ।।

त्यो वैरी कपटी छली पनि हुँदा * आफ्नू सुरक्षा गरे
धोका भारि हुनेछ बुझ्न नसके * मार्नेछ मौका परे ।
पापी इन्द्र गई ठुलो विनयले * सेवा म गर्छू भनी
काट्यो गर्भ पसेर भित्र दितिको * साह्रै छ त्यो बैगुनी ।। १३७ ।।
हे बाबू ! सुन पाप गर्न मनमा * मान्दैन संकोच त्यो
सोही कारणले नमान्नु तिमिले * पत्त्यार त्यो इन्द्रको ।
त्वष्टाले हितको दिए अरु पनी * अर्ती अनेकौँ थरी
राखेनन् तर क्यै विचार मनमा * व्यामोहले नै गरी ।। १३८ ।।
छिद्राऽन्वेषणमै बिते दिनहरू * तिन्का अनेकौँ जब
सन्ध्याकाल हुँदा समुद्र—तटमा * डुल्दै पुगेथे तब ।
थुप्रो एक थियो नजीक तटमै * त्यो सिन्धुको फीँजको
त्यै बेला सुरराजको हृदयमा * आँधी चल्यो हर्षको ।। १३९ ।।
थाले गर्न विचार झट्ट मनमा * एक्लो छ एकान्त यो
भेटें वृत्र समाप्त पार्न यहि नै * हो अस्त्र, राम्रो छ यो ।
यो हो वस्तु कुनै, न अस्त्र पनि हो, * आलो सुकेको पनि
हान्छू यै लिइ, मार्दछू र मनमा * सन्तोष होला अनि ।। १४० ।।
यस्तो क्रूर विचारले जब पुगे * ती फीँजको पासमा
सम्झेथे हरिलाइ चक्र—रुपले * पस्ता भए फीँजमा ।
सम्झे श्री जगदम्बिका भगवती * मौका विचारीकन
देवीको पनि तेज सोहि फिँजमा * पस्तो भयो त्यै क्षण ।। १४१ ।।
हाने फीँज उठाइ वज्र सरिको * ती वृत्रलाई जब
काटेको रुख झैँ ढली जमिनमा * मुर्दा भएथे तब ।
मान्दै हर्ष ठुलो, फिरे महलमा * ती इन्द्र सोही घरि
थाले भोग्न अनेक भोग सुखका * ती स्वर्गमा बेसरी ।। १४२ ।।

थापे नन्दन वागमा भगवती— * को मूर्ति औ मन्दिर
देवीको स्तुति ध्यान स्वच्छ मनले * पूजा गरे सादर ।
द्यौताकी कुल–देवता हुन गइन् * ती शक्ति कात्यायनी
जानी रक्षक विष्णुको पनि गरे * पूजा खुशी हुन् भनी ।। १४३ ।।
मारे वृत्र भनेर स्वर्गभरिमा * आनन्द बढ्दै गयो
हावा स्वच्छ चल्यो, दिशाहरु खुले * सारा सफा देखियो ।
मारे शक्ति र विष्णुको मदतले * त्यो वीर वृत्रासुर
हत्या ब्राह्मणको गरी हृदयमा * शान्ती कहाँ मिल्छ र ! ।। १४४ ।।
मैत्रीमा पहिले सहायक बने * जो जो महात्मा मुनि
माने दुःख असाध्य वृत्र विरको * हत्त्या भएको सुनी ।
लाग्यो पाप ठुलो वृथा शिव, हरे ! * धिक्कार हाम्रो जुनि
भन्नेछन् सब हामिलाइ दुनियाँ * पापी रहेछन् भनी ।। १४५ ।।
गर्दा सङ्गत इन्द्रको हुन गयो * अत्यन्त दुष्कर्म यो
हामीले कहलाउनू 'मुनि' भनी * संसारमा व्यर्थ हो ।
हाम्रा बात सुनी गरे मनमनै * विश्वास ती वृत्रले
मैत्रीको हितका कुरा सब भुली * मारे ति देवेन्द्रले ।। १४६ ।।
बोल्ने पक्ष लिएर वा मत दिने * सल्लाह अर्ती दिने
त्यस्ले भोग्छ अनर्थको फल पछी * हो नर्कमा जाकिने ।
उल्टो मद्दत विष्णुले पनि गरे * यस्मा त्यसै कारण
त्यस्ता ईश्वरमा पनी हुन गयो * के हेतु यो दुर्गुण ।। १४७ ।।

गर्दा कुसङ्गति कुनै पनि विज्ञ व्यक्ति
उस्ले बिगार्छ मनको सब भित्रि शक्ति ।
स्वार्थी विचार्दछ म छू कहिल्यै नमर्ने
हत्त्या गरेर पनि पाप भनी नडर्ने ।। १४८ ।।

स्वार्थीहरू कुमतिका र कठोर हुन्छन्
त्यै निम्ति योग्य जनले तिनिलाइ त्याग्छन् ।
यस्तै अनेक गरि खेद विषाद धेर
सन्तापमा परि भए सब ती अधीर ।। १४९ ।।
फर्के समस्त निज–आश्रम खिन्नचित्त
लागे ति गर्न तप नै भइ दत्त–चित्त ।
द्यौता पनी छल यसै गरि खूब गर्छन्
सन्तापमा परि अनेक स्वरूप धर्छन् ।। १५० ।।
छोरो मर्न गयो परेर छलमा * त्यो इन्द्रद्धारा भनी
रोए चित्त दुखाइ खूब मनमा * त्वष्टा तपस्वी मुनि ।
त्यस्को दाह गरेर लौकिक क्रिया * पूरा गराए अनि
आएथे गिरि मरुमा दुख सही * गर्छू तपस्या भनी ।। १५१ ।।
निक्कै जित्न कठिन् हुने अरि थियो * त्यस्लाइ मारे, तर
त्यस्को पाप बढेर इन्द्र दिनहूँ * बन्दै गए काँतर ।
स्वार्थीको स्थिति हुन्छ यै र पछिको * देख्दैन सन्ताप त्यो
एक्लै भोग्दछ त्यो कुकर्म उसले, * मिल्नेछ साथी र को ?।। १५२ ।।
हत्त्या ब्राह्मणको गरेर त्यसरी * देवेन्द्र दुःखी भई
लागे तर्क–वितर्क गर्न मनमा * यौटा कुनामा गई ।
निन्दा चल्न शुरू भयो सुरपती * हुन् ब्रह्मघाती भनी
त्यो हत्त्या अपवादको सुजनले * निन्दा गरेको सुनी ।। १५३ ।।
निन्दा वा अपकीर्ति हुन्छ जसको * धिक्कार त्यस्को जुनि
त्यस्लाई सुख–शान्ति केहि मनमा * मिल्दैन कैहल्यै पनि ।
इन्द्रद्युम्न, ययाति आदि नृपती * दुष्कीर्तिले नाशिए
गर्ने पाप अनेक गिर्दछ तलै, * यस्ता अनेकौं भए ।। १५४ ।।

काटेथे भृगुपत्निको शिर गई * श्री विष्णुले चक्रले
भोगे मत्स्य, वराह, कूर्म बनि त्यो * नाना थरी रूपले।
त्यस्तै इन्द्र पनी दुखी हुन गए * हत्त्या गरी विप्रको
जानी–जानि गरेर पाप, सुखले * छन्‌बस्नसक्नेरको ?॥१५५॥
स्वामीलाइ असाध्य चिन्तित बुझी * सोधिन् शचीले-किन?
ठूलो शत्रु मऱ्यो तथापि किन हो * दुःखी छ साह्रै मन।
भन्छन् इन्द्र–मलाइ शान्ति मनमा * आउन्न; बस्छू डरी
चिन्ताग्रस्त हुने त कारण उही * हत्या छ, हे सुन्दरी!॥ १५६॥
राम्रा गान–बजान, नाटक अनी * त्यो नाच ती सुन्दरी
निद्रा भोक र खान–पान सब यी * फीका भए यो घरि।
त्यै वेला अति उग्र रूप बलियो * त्यो ब्रह्महत्त्या पनि
पापी धूर्त सुरेन्द्रका नगिचमा * आयो लेखेट्‌तै अनि॥१५७॥
भागे, मानस नामको सर कुनै * भेटेर लुक्ता भए
पक्री नाल त्यहीँ बसी कमलको * सन्ताप भोगी–लिए।
निक्कै वर्ष बिते, सबै सुर मिली * उन्लाइ खोजे तर
पत्ता लाग्न सकेन, दुःखित भए * लागेर मन्मा डर॥१५८॥
भाग्दा इन्द्र त्यहाँ अराजक भयो * उत्पात बढ्दै गयो
वर्षा बन्द भयो, कृषी सब सुके, * चौतर्फ हा–हा भयो।
धेरै ताल नदी सरोवर सुके * रैती परे दुःखमा
डाका चोर बढे चतुर्दिक निकै * हा–हा पऱ्यो जीवमा॥१५९॥

योगी, तपी, ऋषि–मुनी सबले मिलेर
ठूलो सभा गरिलिए मनमा गुनेर।
छैनन् सुरेन्द्र अब खोजि गरौं सबैले
यो स्वर्ग रित्तिन गयो सहसा अहीले ॥१६०॥

जाला विपत्ति कसरी सहजै टरेर
युक्ती बताउनुहवस् सबले मिलेर ।
पक्का भयो, नहुष भूपतिलाइ ल्याई
राखे सुरेन्द्र–पदमा सबले रमाई ॥ १६१॥

राजा नहुषको उपाख्यान– (२)

पाई आसन इन्द्रको नहुषजी * बस्ता भएथे जब
कामासक्त भई अनेक थरिका * दुष्कर्म थाले तब ।
भोग्थे उत्तम अप्सराकन तिनी * छाडा गराई मन
लागे ताक्न सती शचीकन तिनी * निक्कै बनी दुर्जन॥ १॥
डाकी सिद्ध ऋषी–मुनीश्वर भने * हे देवता हो ! सुन
ऐह्ले त्यो छ शची कहाँ ? किन यहाँ * आउन्न चाँडो भन ?
मान्यौ इन्द्र मलाइ स्वर्गपुरिको * राजा तुल्यायौ जब
ल्याओ शीघ्र गई शचीकन यहाँ * आज्ञा छ मेरो अब॥ २॥
त्यस्तो हप्कि सुनी कड़ा नहुषको * द्यौता डराई गए
सारा बात गई शचीकन छिटै * तिन्ले सुनाईदिए ।
त्यस्ता बात सुनी दुखी हुन गइन् * निक्कै शची तापनि
त्याहाँबाट गइन् बृहस्पतिकहाँ * आधार मिल्ला भनी॥ ३॥
तिन्को भाव बुझी दिए अभयको * तत्काल आश्वासन
हे साध्वी ! यहिँ नै बसीरहु, वृथा * पर्दैन चिन्ता लिन ।
पाई आसन इन्द्रको नहुष त्यो * गम्केछ पापी बनी
तिम्रो क्यै अपराध गर्न सहसा * सक्तैन आँटे पनि॥ ४॥
राखेथे गुरुले स्वयम् शरणमा * इन्द्राणिलाई जब
जागी त्यो समचारले नहुष झन् * गर्जेर बोले–अब ।

लाग्यो हेप्न बढी बृहस्पति छुचो * हे देवता हो ! सुन
मार्नेछू गुरुलाइ, नत्र सबले * त्यस्को बुझाओ मन।। ५।।
त्यो उन्मत्त नरेशलाइ सबले * देखे निकै क्रोधित
लागे भन्न बुझाइ देवगणले * तिन्लाइ राम्रोसित ।
राजन् ! शान्त हुनोस् हजूर अहिले * त्यागीदिनोस् दुर्मति
गर्नेछन् अपवाद श्रेष्ठ जनले * साध्वी शची छन् सती।। ६।।
मानी रक्षक सुम्पिए सुजनले * यो इन्द्रको आसन
रक्षा गर्नुहवस् यि स्वर्गभरिको * गर्दै रही शासन ।
जान्ने योग्य नरेश भैकन पनी * हेर्नू पर–स्त्रीतिर
कस्ले मान्दछ काम उत्तम भनी * मान्नन् कुनै दुच्छर।। ७।।
जो हो रक्षक बन्छ भक्षक उही * पापी अधर्मी भने
मर्यादा पनि क्यै रहन्न पछिको * बाटो सुरक्षा हुने ।
सोही कारणले सुशासन–सहित् * सद्धर्म रक्षा गरी
इच्छा त्यागिदिनोस् शचीतिर, अरू * छन् अप्सरा सुन्दरी।। ८।।
मान्छन् उत्तम प्रेम नै सुजनले * राजी दुवै छन् भने
मान्दैनन् सुख केहि बल्जफतमा * हो कष्ट मात्रै हुने ।
पाएको छ सुकर्मले यति ठुलो * यो दिव्य इन्द्रासन
यस्को लागि कुभाव छाडि ननिको * रोकेर राख्नोस् मन।। ९।।
गर्दा पाप अनीतिले धन तथा * सद्धर्म होला क्षय
जस्ले गर्दछ धर्म–पालन सधैँ * होला उसैको जय ।
गर्दै छौँ विनती प्रसन्न मनले * त्यागेर दुर्भावना
गर्नोस् शासन स्वर्गको नहुषजी! * पुग्नन् सबै कामना।। १०।।
यस्ता बात सुनी भए नहुष झन् * उन्मत्त झैँ क्रोधित
गर्छौ बात बढेर यो किन वृथा * निक्कै नराम्रो–सित ।

भोगे गौतम–पत्निलाइ छलले * ती इन्द्रले नै जब
बोलेनौ किन केहि, विज्ञ जन हो! * भन्छौ मलाई अब।। ११।।
भोगेथ्यो गुरु–पत्निलाइ खुशिले * त्यो चन्द्रमाले जब
दिन्छौ अर्ति मलाइ पण्डित बनी * नीती बुझाई सब।
यो शिक्षा उपदेश राख मनमा * पूरा सुरक्षा गरी
इन्द्राणीकन ल्याउ झट्ट सबले * सम्झाउँदै राम्ररी।। १२।।
मान्दैनौ यदि यो कुरा तिमिहरू * मैले भनेको भने
इन्द्राणीकन भोग्दछू म बलले * आफ्नू मनैमा गुने।
देखे क्रोध, कुरा सुने नहुषको * द्यौता डराए सब
थाले गर्न विचार आपुसमहाँ * के गर्नुपर्ला अब।। १३।।
यौटा निर्णय ती सबै मिलि गरे * दुःखी भई मन्महाँ
गर्नेछौं शचिलाइ हाजिर छिटै * हामी सबैले यहाँ।
यस्तो बात गरी पुगे गुरुकहाँ * द्यौता डराईकन
इच्छा व्यक्त गरे सबै नहुषको * जानी ठुलो दुर्जन।। १४।।
के गर्ने गुरु लौ, छुचो हुन गयो * पाएर इन्द्रासन
इन्द्राणी नलिई गयौं यदि भने * झन् उम्लला दुर्जन।
राम्रो युक्ति कुनै विचारि कहनोस् * त्यस्लाइ टारौं गई
बिन्ती ती सबले गुरूसित गरे * क्यै दीन जस्ता बनी।। १५।।
बोले विज्ञ गुरू बृहस्पति, सबै * तिन्ले भनेको सुनी
आफैं बात गरून् शची समय क्यै * पाऊँ अहीले भनी।
लाऊन् खोज्न् सुरेन्द्रलाइ ति मरे * वा छन् कतै जीवित
माँगून् म्याद तथा बुझाउनु कुरा * तिन्कै चिताई हित।। १६।।
यो सल्लाह सुनेर विज्ञ गुरुजी * दुःखी थिए तापनि
केही देवहरू लिएर सँगमा * 'लौ हुन्छ' जान्छू, भनी।

सामुन्ने जब ती पुगिन् नहुषको * साध्वी शची सुन्दरी
इच्छा पूर्ण हुने भयो अब भनी * हर्षित् भए बेसरी।। १७।।
आयौ हे सुमुखी! प्रसन्न म भएँ * मेरो रही साथमा
भोगौं भोगहरू बसी सँगसँगै * आनन्दले स्वर्गमा ।
मै हूँ इन्द्र, मलाइ नै भज तिमी * शङ्का नमानीकन्
छन् मेरै वशमा सुरासुर तथा * ज्ञानी मुनी सज्जन।। १८।।
इच्छा कत्ति नराख इन्द्रतिरको, * माने मलाई पति
राख्नेछू तिमिलाइ प्रेमसित नै * मैले सकेको जति ।
इच्छा पूर्ण गराउनेछु सुमुखी ! * पर्दैन चिन्ता लिन
देख्दै छौ तिमिले म स्वर्गपुरिको * गर्छू बसी शासन।। १९।।

यस्ता वचन् नहुषको जब सुन्न पाइन्
चिन्ता बढीकन शची बहुतै डराइन् ।
यो काल टारुँ कसरी अहिले भनेर
बोलिन् शची विनयपूर्वक न्यूरिएर ।। २०।।
राजन् ! दुखी छु म पनी यहिँ आइ बस्छु
मौका मिलोस् व्रत बिताइ म शुद्ध हुन्छु ।
पूरा गरेर व्रतका दिन आउनेछु
जाऊँ कहाँ ? हजुरकै सँगमा म बस्छु ।। २१।।
यस्ता कुरा गरि जसै तिनिले बुझाइन्
पाई बिदा नहुषको, घर फर्कि आइन् ।
सारा कुरा नहुषको गुरुले सुनेर
मौका मिल्यो भनि प्रसन्न भएर धेर ।। २२।।
द्यौताहरू सकललाइ भनिन् शचीले
मौका मिल्यो नहुषको भय छैन ऐह्ले ।

हे देव हो ! सब तिमीहरुले मिलेर
खोज्नोस् सुरेन्द्रकन यत्न कुनै गरेर ।। २३।।
इच्छा बुझेर शचिको सब देवताले
सल्लाह निश्चय गरे अति शीघ्रताले ।
वैकुण्ठका अधिपती प्रभु विष्णुलाई
बिन्ती गरे सब कुरा जति हो बुझाई ।। २४।।
छैनन् इन्द्र र स्वर्ग शून्य हुनगो * दुःखी छ साह्रै मन
भेटेनौँ अहिले कहाँ र कसरी * छन् ती लुकेका किन?
मारे वृत्र अघी मिलेर प्रभुकै * साहाय ती इन्द्रले
खेदेथ्यो तिनिलाइ वृत्र–वधको * हत्त्या पुगी वेगले।। २५।।
के गर्दा तिनि पापबाट सहजै * छुट्नन् तथा भेटिनन्
कस्तो पुण्य गरेर फेरि अघि झैं * ती स्वर्गमा बस्दिनन्।
यस्को केहि भए प्रयत्न सजिलो * आज्ञा हवस् ईश्वर !
हामीमाथि दया रहोस् हजुरको * गोविन्द, दामोदर !।। २६।।
तिन्को बात सुनेर शीघ्र हरिले * हाँसेर भन्नुभयो
जाओ झट्ट र अश्वमेध गरिल्यौ * छुट्ला स्वयम् पाप त्यो ।
पूजा पाठ र प्रार्थना स्तुति गरून् * कात्यायनीको अनि
देवी तुष्ट भई मनोरथ सबै * पुग्ला शचीको पनि।। २७।।
जाला सङ्कट; मोहमा नहुष त्यो * झर्नेछ पापी तल
देवीको वरदानले सकलको * होला छिटै मङ्गल ।
आज्ञा श्री हरिको सुनी सुरहरू * पौंचे तुरुन्तै उहाँ
पानीभित्र लुकेर इन्द्र डरले * बस्थे ति ऐह्ले जहाँ।। २८।।
सम्झाए र सबै कुरा गुरुजिले * ती देवताले पनि
श्रद्धापूर्वक अश्वमेध विधिले * पूरा गरेथे अनि ।

हत्त्या–मोचन इन्द्रको हुन गयो * मुक्ती मिले तापनि
पैह्ले झैँ जलमै लुकीकन बसे * ती दीन जस्तै बनी॥ २९॥
राजन् ! मोचन भैसक्यो अनि खस्यो * त्यो ब्रह्महत्या जब
काटी भाग लगाइ चार टुकुरा * पारेर बाँडे तब।
पैह्लो पर्वत गेरुको, त्यसपछी * बन्ध्यत्व भो भूमिको
तेस्रो भो नदि–फीँज अन्तिम भयो * स्त्रीको रजस्राव त्यो॥ ३०॥
त्वष्टाले अघि श्राप जो च्युत हुने * ती इन्द्रलाई दिए
त्यस्को दुष्फलले ति इन्द्र जलमै * फेरी लुकेका थिए।
इन्द्राणी गुरुको परिन् शरणमा * चिन्ता परी बेसरी
यस्मा कारण के पर्‍यो अब गुरो ! * आज्ञा हवस् यो घरि॥ ३१॥
ठूलो यज्ञ भयो र पाप पनि त्यो * सारा भयो मोचन
मेरा साथ सहर्ष स्वर्ग नगई * छन् ती लुकेका किन ?
तिन्को बिन्ति सुनेर खिन्न मनले * बोले गुरू– हे सती
देवीको गर ध्यान पूजन तिमी * सप्रन्छ त्यस्ले मति॥ ३२॥
होला पूर्ण छिटै मनोरथ भनी * दीक्षा दिएथे जब
पूजा ध्यान नवाक्षरी जप गरिन् * कात्यायनीको तब।
जे इच्छा मनमा छ माग, वर त्यो * दिन्छू भनिन् देविले
लागिन् भन्न शची विनम्र स्वरमा * पाऊ परी भक्तिले॥ ३३॥
केही काल बित्यो र दर्शन मिल्यो * श्री ईश्वरीको अनि
लागिन् ठान्न अवश्य पुग्छ मनले * इच्छा गरेको तिनी।
पाऊँ दर्शन ईश्वरी ! म पतिको * आऊन् छिटै ती यहाँ
लागेको डर त्यो छ, जो नहुषको * जाओस् हटी छिन्महाँ॥ ३४॥
आज्ञा गर्नुभयो जगज्जननिले * यो दूतिका साथमा
जाऊ भेट सुरेन्द्रलाइ तिमिले * छन् ती ठुलो शोकमा।

होला दुःख छिटै निवारण सबै * बस्नन् तिनी स्वर्गमा
आफ्नै पाप फली छिटै नहुष त्यो * गिर्ला स्वयं भूमिमा।। ३५।।
चिन्ता क्यै मनमा नमान सुमुखी ! * मैले दिएँ यो वर
अन्तर्धान भइन्, शचीकन दिई * आशीष ठूलो भर।
दूतीका सँगमा गइन् खुशि हुँदै * ती इन्द्रका पासमा
त्यो दूती पनि अल्पिई पर गई * तत्काल आकाशमा।। ३६।।
इन्द्राणी मनमा निकै खुशि भइन् * भेटेर आफ्नू पति
पाऊमा परि दण्डवत् पनि गरिन् * आनन्द मान्दै अति।
जस्तो त्रास दियो अघी नहुषले * प्रत्येक बिन्ती गरिन्
रक्षा गर्नुहवस् भनीकन रुँदै * इन्द्राणि पाऊ परिन्।। ३७।।

यौटा बृहस्पति गुरू नभए मलाई
गर्ने थियो बल निकै सँग बस्नलाई।
आफ्नू बचाउँ कसरी अब सत्य मैले
आज्ञा हवस् अब उपाय स्वयम् हजुर्ले ।। ३८।।

सुन्दा दुःखित पत्निका सब कुरा * लागेर चिन्ता अति
बोले इन्द्र–उपाय भन्दछु तिमी * दुःखी नहोऊ सती!
सक्छन् भेट्न कहाँ मलाइ सुर वा * प्राणी कसैले पनि
भेट्टायौ तिमिले मलाइ ? भन त्यो * सुन्छू म हे भामिनी।।३९।।
त्यो आज्ञा पतिको सुनेर शचिले * भन्दी भइन् सादर
आएँ देवि खुशी भएर मनको * सारा हरायो डर।
राखे इन्द्र तुल्याइ सिद्ध मुनिले * ती देवताले जब
ऐहे पागल झैँ भए नहुष झन् * पाई ठुलो वैभव।। ४०।।
मैलाई पति मान इन्द्र म भएँ * भन्दै छ रातो–दिन
सम्झाए सबले तथापि किन त्यो * मान्थ्यो हठी दुर्जन।

के गर्ने यसको उपाय मनमा * आत्तिन्छ साह्रै मन
हत्त्या पाप सबै गए पनि यहीँ * बस्नूभएको किन ?।। ४१ ।।
यस्ता बात सुनी शचीकन भने * यो बात देवेन्द्रले
मौका छैन भनेर कष्ट खपि यो * क्यै काल बस्छू प्रिये !
यस्तै दुःख सही तिमी पनि रहू * सद्धर्म थामीकन
भोगौँला पछि स्वर्गका सुखहरू * भागेपछी दुर्दिन।। ४२।।
कामासक्त भई छुसी नहुषले * डाक्ला नगीचै जब
देखाई नखरा कुरा तिमि गरे * एकान्त पारी तब ।
डोली बोक्न लगाई सप्त ऋषिको * वाहन् बनाई यहाँ
पाल्नूहोस् अनि बस्तछू म खुशिले * त्यो शुभ्र शय्यामहाँ।। ४३।।
गर्ला त्यो खलले अवश्य ऋषिको * हेलाँ अवज्ञा अनि
देलान् श्राप अवश्य विज्ञ मुनिले * गिर्नेछ त्यो बैगुनी ।
शक्तीको गर प्रार्थना गइ तिमी * श्रद्धा र भक्ती धरी
गर्छिन् मद्दत, कष्ट टर्दछ सबै * छन् श्रेष्ठ ती ईश्वरी।। ४४।।
त्यो सल्लाह गरेर स्वर्गपुरिमा * फर्किन् शची सुन्दरी
आज्ञाले पतिको पुगिन् नहुषको * सामू ति सोही घरि ।
देख्नासाथ खुशी भई नहुषले * हाँस्तै भने–सुन्दरी
बस्नेछू म अधीनमा रुजु रही * तिम्रो गरी चाकरी।। ४५।।
तिम्रो दास म छू, शुभे ! गर दया * आनन्द मानी अति
देऊ आज कबोल सम्झि अधिको * भद्रे ! मलाई रति ।
जो आज्ञा तिमिले गरौलि खुशिले * मान्नेछु त्यो राम्नरी
ठान्दै छू म तिमी–समान भवमा * छैनन् अरू सुन्दरी।। ४६।।
देखी मोहित आफुमा नहुषले * त्यस्तो भनेको सुनी
देखाई नखरा अनेक नकली * हाँसेर बोलिन् तिनी ।

इच्छा आफ्नु बताउनेछु पहिले * गर्नोस् प्रतिज्ञा अनि
मान्नेछू म हुकूम्, सदा रुजु रही * दासी हजुर्की बनी।। ४७।।
त्यस्ता बात सुनी भने नहुषले * मोहित् भई–सुन्दरी !
साक्षी धर्म गरेर भन्छु म यहाँ * ऐह्ले प्रतिज्ञा गरी।
जे इच्छा मनमा छ, त्यो भन छिटै * मान्छू भनेथे जब
भाक्यो धर्म भनी, भनिन् कपटले * साध्वी शचीले तब।। ४८।।
ऐरावत् गज इन्द्रको, गरुड हो * श्री विष्णुको वाहन
साँढेमा शिव हिँड्दछन् र विधिको * त्यो हंस हो वाहन।
मूसोमाथि बसी विनायक सधैँ * डुल्छन् खुशी भैकन
राँगो हो यमको, उलूक छ सदा * श्री लक्ष्मिको वाहन।। ४९।।
यस्तै छन् सबका अनेक थरिका * नाना थरी वाहन
ठूलो ती सबमा हजूर हुनुहोस् * भन्ने छ मेरो मन।
बोकून् पाल्कि हजूरको हुकुमले * सप्तर्षि डोले बनी
पाल्नूहोस् म जहाँ रहन्छु उहिँ नै * पुग्नेछ इच्छा अनि।। ५०।।
तिन्को बात सुनी भने नहुषले * राम्रो भन्यौ सुन्दरी !
जाऊ भित्र तिमी रहे महलमै * मेरो प्रतीक्षा गरी।
पाल्की–माथि बसेर सप्तऋषि नै * डोले बनाईकन
भेट्नेछू म छिटै तिमीसित शुभे ! * झूटो कुरा बोल्दिनँ।। ५१।।
ऐह्ले जाउ भनी शचीकन बिदा * तिन्ले दिए सादर
डाकी सप्तऋषी सबैसित भने * मन्मा नमानी डर।
जान्छू झट्ट शचीकहाँ तिमिहरू * डोली उठाओ अब
मेरा पूर्ण हुनन् मनोरथहरू * पुग्नेछ इच्छा सब।। ५२।।
टार्ने बात कुनै म सुन्दिनँ पनी * देवेन्द्र छू स्वर्गमा
साह्रै विह्वल छू म, यो बखतमा * इन्द्राणिको प्रेममा।

तिन्को बात सुनी दुखी हृदयले * डोली उचालीकन
हिड्थे सप्तऋषी, बसी नहुषजी * लागे त्यहीँ गर्जिन।। ५३।।
भेट्छू आज शची, छिटो हिँड सबै * दौडेर सप्तर्षि हो !
ढीलो भो अझ 'सर्प–सर्प' भनि झन् * दुर्वाच्य बोले–अहो !
हेरेथे रिसले अगस्ति मुनिले * फर्केर क्यै मास्तिर
बोले–श्राप म दिन्छु दुष्ट कुमती, * पापी, हठी, दुच्छर।। ५४।।
भूमीमा झरि सर्प भैकन बसेस् * वर्षौँ त्यहीँ दुर्जन
भोग्नू कष्ट अनेक घोर वनमा * साह्रै नराम्रा दिन।
निक्कै वर्ष बिती युधिष्ठिरजिको * मिल्ला जसै दर्शन
तेरो मुक्ति हुनेछ त्यै बखतमा * दुष्टात्म हे दुर्जन।। ५५।।
पाए श्राप अगस्तिको नहुषले * साह्रै नराम्रो जब
ठूलो जङ्गलमा अजिङ्गर भई * पच्छारिएथे तब।
त्यो सम्चार लिई पुगे सुरहरू * देवेन्द्र बस्थे जहाँ
आई स्वर्गपुरी बसे सुरपती * खूशी भई मन्महाँ।। ५६।।

कर्मको प्रधानता– (३)

सोधे भूपतिले कथा यति सुनी * शङ्का बढी चित्तमा
शङ्का गर्नुहवस् निवारण मुने! * बिन्ती छ सर्वज्ञमा।
ठूलो कीर्ति हुने सुरासुर सबै– * ले मानिएका पनि
गर्दा त्यो हयमेध इन्द्र–पदमा * आई बसेका तिनी।। १।।
त्यस्ता विज्ञ भई पनी किन परे * व्यर्थै ठुलो दुःखमा
त्यस्तै कार्य गरी ठुला पनि कतै * पर्छन् ति आपत्तिमा।
जानी–जानि अनेक कार्य जब ती * गर्छन् नराम्रो जब
तिन्लाई सुख–शान्ति हुन्न मनमा * भोग्छन् तिनै रौरव।। २।।

यस्तो प्रश्न सुनेर ती नृपतिको * सोचेर बोले मुनि
हो यो उत्तम प्रश्न हे नरपते! * खूशी भएँ यो सुनी।
यस्मा कारण जे जहाँ छ सब त्यो * सुन्दै रहू भूपति!
गर्छन् कार्य अनेक निन्दित अनी * सप्रन्न तिन्को मति।। ३।।
हुन्छन् कर्म प्रधान तीन थरिका * भन्छन् ति जान्ने जन
पैह्लो सञ्चित, वर्तमान, पछिको * प्रारब्ध तेस्रो सुन।
त्यस्को नाश हुँदैन, भोग्नु जनले * पर्ला स्वयम् निश्चय
यस्मा हुन्न कुनै पनी किसिमले * शङ्का तथा संसय।। ४।।
पैह्लेका जुनिका शुभाऽशुभ जती * हुन् कर्म ती सञ्चित
सोही सञ्चितबाट भोग गरिने * प्रारब्ध हो निश्चित।
मान्नूपर्दछ वर्तमान जनले * हुन् भोगिने जुन् यहाँ
त्यस्को भोग नभोगि निस्कन कसै * सक्नेछ कस्ले कहाँ ?।। ५।।
पैह्लो सात्त्विक कर्म, राजस तथा * तेस्रो भयो तामस
द्यौता दैत्य मनुष्य दानव सबै * छन् ती तिनैका वश।
भोग्नैपर्दछ कर्मका फल सबै * राम्रा—नराम्रा सब
ब्रह्मा, विष्णु र शम्भुले पनि सबै * नै कर्म भोग्छन् तब।। ६।।
हुन्छन् देह नभै ति कर्म कसरी * यै देह हो बन्धन
गर्छन् कर्महरू सुरासुर सबै * यै देहकै कारण।
श्रीनारायण अंश कृष्ण, नर हुन् * प्रख्यात ती अर्जुन
गर्थे कर्म अनेक यै विषयमा * आसक्तिले दिन्—दिन।। ७।।
अर्काको उपकारमा खुशि हुने * ज्ञानी तथा धार्मिक
ती देवांश सुविज्ञ धर्म—धनले * सद्धर्मका रक्षक।
गर्छन् जो रचना पुराण अथवा * धेरै थरी शास्त्रको
हुन् ती अंश मुनी ऋषी सुजनको * रक्षार्थ सत्—कर्मको।। ८।।

राजा उत्तम विष्णु–अंश कहिने * छन् जो ठुला लोकमा
तिन्ले कर्म गरेर धर्म–धनले * फैलाउँछन् विश्वमा ।
राजा इन्द्र, कुबेर, अग्नि, यमका * ब्रह्मा, हरी विष्णुका
हुन्छन् जन्म लिई मनुष्य यहिँ नै * राजा कुनै राज्यका ।। ९ ।।
हुन् नारायण अंश कृष्ण भगवान्, * देवांश हुन् पाण्डव
गर्थे कर्महरू सहर्ष सबले * जे आइपर्थे सब ।
प्राणीका सुख–दुःखको बुझ तिमी * भाँडो यही देह हो
दैवाधीन रहन्छ कर्मवश भै * निर्मुक्त देही छ को ?।।१०।।
पर्छन् जन्म र मृत्यु दुःख–सुखमा * सारा पराधीन छन्
मानिन्छन् कहिले दुखी र कहिले * हुन्छन् सुखी, दीन झन् ।
सोही कारण कर्म केहि नगरी * बस्नेछ जो निष्क्रिय
उस्का ती शुभ–कर्म पूर्व जुनिका * एकेक हुन्छन् क्षय ।। ११ ।।
जन्मे पाण्डव पाँच घोर वनमा * आए फिरी ती घर
धेरै राज्य जितेर आफ्नु बलले * कीर्ती फिजाए, तर ।
ल्याई सम्पति राजसूय मख त्यो * पूरा गरेथे जब
जूआको छलमा परी वन पसे * दुःखी हुँदै पाण्डव ।। १२ ।।
योद्धा अर्जुनले गरे दुख खपी * आराधना शम्भुको
पाएथे वरदान श्री शिवजिको * आशीष श्री इन्द्रको ।
तिन्का पूर्ण भए मनोरथ सबै * भोगे ठुलो वैभव
त्यागे देह पछी, हिमालय पुगी * प्रारब्धले नै सब ।। १३ ।।
बद्रीमा तप कृष्णका सँग बसी * गर्दै रहे तापनि
फेरी पार्थ शरीरले तप गरे * मानीस जस्तै बनी ।
द्यौताको पनि कर्मको गति सबै * गाह्रो छ जानीलिन
जाबो मानिसको म के गरुँ कुरा * वा कर्मको वर्णन ।। १४ ।।

कारागारविषे स्वयम् यदुपती * जन्मे जसै माधव
तिन्लाई भय मानि गोकुल लगे * गर्दै कुशङ्का तब ।
केही वर्ष रहे ति नन्द–गृहमा * गाई चराई तब
डाकी अक्रुरले पुऱ्याइ मथुरा * राखे खुशीले तब।। १५।।
मारे मुष्टिक, कंस आदि बलवान् * छानी सबै दुर्जन
वैरीको भयले उनै पछि बसे * द्वारावती गैकन।
थामी धर्म गृहस्थ भै उहिँ बसे * गोविन्द केही दिन
भूको भार हरे बसेर उहिँ नै * धेरै मरे दुर्जन।। १६।।
दैवाधीन भई अनेक थरिका * युद्धादि तिन्ले गरे
आफ्नै वंशहरू मिलेर सहजै * भू–भार धेरै हरे।
पाई श्राप समस्त यादव जती * छप्पन्न कोटी मरे
पापी भूप अनेक दुर्जन मरी * एकेक पारी तरे।। १७।।

सुन्दै गए नृपतिले खुशिले कथा यो
शङ्का यही विषयमा मनमा उठेथ्यो ।
सोधे सहर्ष मुनिलाइ ति भूपतीले
शङ्का उठ्यो हृदयमा सहसा अहीले ।। १८।।

आफैँले कुरुक्षेत्रमा कति–कती * मारे ति पापीहरू
जानेनन् किन दुष्ट मानिस निकै * छन् शेष भन्ने अरू ।
रक्षा सज्जनको र दुष्ट जतिको * संहारका खातिर
भूको भार उतार्न मानिस बनी * जन्मे ति दामोदर।। १९।।
मारेथे कतिलाइ घोर रणमा * मार्नै लगाए कति
भीष्म, द्रोण र कर्ण आदि बलवान् * धेरै मरे भूपति ।
उन्कै पत्निहरू लिएर सँगमा * फिर्दै थिए अर्जुन
बाटोमै सबलाइ भिल्लहरुले * तान्दै लगेथे किन ?।। २०।।

मारेनन् किन दुष्ट भिल्ल पहिल्यै * कस्तो परी कारण
यस्को भेद सुनाउनोस् हजुरले * सारा गरी वर्णन ।
यस्तो बिन्ति सुनेर ती नृपतिको * सोचेर बोले मुनि
सारा कारण भन्दछू सुनिरहू * यस्तो थियो यो भनी।। २१।।
चाहिन्छन् जति व्यक्ति जुन् समयमा * ज्ञानी–गुणी, दुर्जन
त्यस्तै चल्छ सदैव, कोहि क्रम यो * गर्दैन उल्लङ्घन ।
थाम्छन् धर्म मनुष्य सत्ययुगका * बस्छन् त्यसैमा स्थिर
त्रेतामा सब धर्म अर्थ दुइटै * मान्छन् रही तत्पर।। २२।।
त्रेता द्वापरमा गरेर रहनन् * धर्मार्थको, कामको
होला अर्थ र काम मात्र कलिमा * इच्छा सबै व्यक्तिको ।
त्रेता, द्वापर, सत्यका सब मरी * जानन् सदा स्वर्गमा
छन् पापी जति घोर दुष्ट कलिका * भोग्छन् परी नर्कमा।। २३।।
गर्नन् दान दया र सत्य तप यी * सद्धर्म मानीकन
जानन् स्वर्ग; गरेर धर्म–पथको * सत्कार्यको पालन ।
जन्मन्छन् युग पल्टँदा मरि उनै * सत्यादिका सज्जन
जन्मेका कलिमा, परी नरकमा * होलान् दुखी दुर्जन।। २४।।
त्रेताका जति दुष्ट, घोर कलिमा * नै जन्म लेलान् सब
पर्दैनन् कलिका गुणी जन मरी * त्यो नर्कमा रौरव ।
जान्नेमा पनि जो प्रभाव कलिको * देखिन्छ वा पर्दछन्
त्यस्मा ध्यान दिने उपाय नगरी * चौरासिमा डुल्दछन्।। २५।।
जस्तै–विज्ञ भई पिता हजुरका * क्यै क्रोध या द्रोहले
मुर्दा सर्प लगी गला--बिच वृथा * हालीदिँदा क्रोधले।
लायो बुद्धि अधर्मतर्फ कलिले * भै भ्रष्ट त्यै हेतुले
त्यागे प्राण परेर श्राप द्विजको * रोकिन्न यत्नादिले।। २६।।

पढ्ने वेद अनेक सत्ययुगमा * होलान् तपी ब्राह्मण
शक्तीकै जप–ध्यानमा रत हुनन् * गर्दै रही पूजन।
गायत्री जपमा र ध्यान तपमै * गर्नन् सदा चिन्तन
गर्नन् योग समाधिमा, विषयमा * सन्तोष मान्नन् जन।। २७।।
राजा क्षत्रियले गुणी सुजनको * गर्नन् सुरक्षा सदा
गर्नन् वैश्य मिली अनेक थरिका * व्यापार ती सर्वदा।
सेवामा सब शूद्र नित्य रहनन् * हो सत्यको यो गति
त्रेता–द्वापरमा यथाक्रम घटी * चल्दै गयो झन् खति।। २८।।
सारा बन्द भए र धर्म, कलिमा * पापादि बढ्दै गयो
धर्माऽधर्म कुनै विचार नहुने * चौतर्फमा फैलियो।
पैह्लेका जति उग्र दानव मरी * जन्मे बनी ब्राह्मण
सोही ब्राह्मण ग्राम–शूकर भई * आए यहीँ जन्मन।। २९।।
मिथ्या बोल्न सिपालु, दुष्ट र हठी * जो मूर्ख अल्पायु हुन्
त्यागी वैदिक धर्म, नित्य छलले * ठग्ने तिनै व्यक्ति हुन्।
त्यस्ता व्यक्ति बढेर उग्र कलिमा * दुष्कर्म बढ्ला जब
आयो कष्ट र नाशको स्थिति भनी * जानीलिनन् मानव।। ३०।।
बस्नन् ब्राह्मण शूद्रको धन लिई * गर्दै रही चाकरी
ढुक्नेछन् पर–नारि धूर्त छलले * जुक्ती अनेकौँ गरी।
यस्तै चाल गरेर उग्र रुपमा * उम्लेर जाला कलि
होवैनन् चिज सक्कली, नर तथा * नारी हुनन् नक्कली।। ३१।।
वेश्यारूप लिनन् सुशील घरका * नारी बनी दुर्गुणी
लोग्नेलाइ छली कतैतिर अरू * हिँड्नन् ति बाठी बनी।
गर्नेछन् झगडा पतीसित निहूँ * खोज्दै बनी क्रोधिनी
जन्मन्छन् पछि वर्णसङ्करहरू * पापी र क्रोधी बनी।। ३२।।

पूरा धर्म हुनेछ लुप्त कुलको * आचारको दुर्गति
जन्मी मानिस क्षीण आयु बलका * दुःखी हुनन् सन्तति ।
चाला हो यहि स्पष्ट घोर कलिको * नाशिन्न क्यै यत्नले
बाँच्नन् केहि गुणी र सज्जन जती * रक्षा गरी धर्मले ।। ३३ ।।
चाहिन्छन् युग–धर्मले यिनि पछी * यो जानि श्रीकृष्णले
मारेनन् अघि भिल्ल दुष्ट सहजै * बाँचे यही हेतुले ।
यो संसार–समुद्र तर्न कलिमा * क्यै छैन बाटो अरू
यौटा मात्र उपाय जुन् छ सजिलो * सद्धर्म थाम्नू बरु ।। ३४ ।।

जो पर्दछन् शरणमा जगदम्बिकाको
तिन्लाइ मिल्छ सुख–शान्ति समस्त मन्को ।
नाशिन्छ पाप, अरु ताप निखारिइन्छ
श्री शक्तिको भइ कृपा सब सप्रिइन्छ ।। ३५ ।।

जस्ले जप्तछ नाम कीर्तन गरी * भक्ती धरी शक्तिको
सारा पाप निखारि हुन्छ सहजै * उद्धार त्यो व्यक्तिको ।
प्रायश्चित्त र पाप–ताप नहुने * हो नाम श्री शक्तिको
अर्को छैन उपाय घोर कलिमा * तर्ने दुखी जीवको ।। ३६ ।।

तीर्थ–महिमा– (४)

राजाले युग–धर्मको सुनिसकी * संक्षेपमा वर्णन
सोधे नाम नदी र तीर्थ–महिमा * श्रद्धा बढाईकन ।
राजाको सुनि प्रश्न भाव मनको * भक्ती र श्रद्धा पनि
थाले वर्णन गर्न नाम–महिमा * तीर्थादिका ती मुनि ।। १ ।।
गङ्गा उत्तम हुन् सबै नदिविषे * गर्छिन् सदा मङ्गल
पार्ने चित्त प्रसन्न स्वच्छ जमुना– * जीको छ नीलो जल ।

कोशी, सिन्धु, सरस्वती नदि अरू * छन् गण्डकी, गोमती,
पुण्या, वेत्रवती नदी र सरयू, * राप्ती र चर्मण्वती।। २।।
गर्ने चित्त पवित्र सावरमती * हुन् चन्द्रभागा पनि
गर्छन् स्नान असंख्य व्यक्ति दिनहूँ * ठूला नदी हुन् भनी।
त्यस्तै भारतमा नदी अरु पनी * छन् कष्ट हर्ने अति
नित्य स्नान गंरी सदा सुजनले * आफ्नू सपार्छन् मति।। ३।।
ठूलो सागरमा गई जब यिनै * सारा नदी मिल्दछन्
तिन्मा स्नान गरेर दान मनको * दुर्भावना फाल्दछन्।
मान्छन् श्रावण–भाद्रमा ऋतुमती * मान्छन् नदी उर्लने
गर्छन् स्नान तथापि जानि मनले * कल्याण आफ्नू हुने।। ४।।
वर्षामा पनि छन् पवित्र नृपते ! * गङ्गा नदी सर्वदा
काटिन्छन् सब पाप ताप तनका * गङ्गा नुहाईलिँदा।
काशी, पुष्कर छन् प्रयाग, मथुरा * झन् श्रेष्ठ वृन्दावन
धर्मारण्य, प्रभास, नैमिष, गया * गर्छन् गई दर्शन।। ५।।
छन् रामेश्वर सिन्धुका तटमहाँ * बद्री र केदार छन्
सारा तीर्थ पखाल्न पाप कलिमा * सेवा गरे सक्तछन्।
निक्कै उत्तरमा हिमालय गिरी * छन् विश्वका रक्षक
श्रीशैलादिक, गन्धमादन ठुला * मानिन्छ संरक्षक।। ६।।
बद्रीमा तप गर्दछन् नर–सहित् * प्रत्यक्ष नारायण
जान्छन् दर्शन गर्न स्वच्छ मनले * ज्ञानी गुणी सज्जन।
पुण्यक्षेत्र, पवित्र तीर्थ गिरिमा * बाँधेर पद्मासन
जस्ले जप्तछ नित्य शक्ति–महिमा * सप्रन्छ त्यो सज्जन।। ७।।
हुन्छन् व्यक्ति पवित्र शुद्ध कलिमा * श्री शक्तिकै ध्यानले
सक्तैनन् छुन पाप; स्वर्ग सहजै * पुग्छन् त्यही ज्ञानले।

जो छन् तीर्थ नदी–महानद गिरी * राम्रा पवित्र स्थल
शक्तीका त्यहिँ मूर्ति छन् थरि–थरी * श्री सूर्य झैँ उज्ज्वल ॥ ८॥
त्यस्ता उत्तम स्थानमा तप गरी * जो गर्छ आराधना
बाधा हुन्न कदापि घोर कलिको, * पुग्ला सबै कामना।
तीर्थ–स्थान र धर्म–कर्म व्रत वा * दानादि वा यज्ञमा
राख्नूपर्दछ शुद्ध चित्त र क्रिया * एकेक द्रव्यादिमा॥ ९॥
छैनन् शुद्ध भने कुनै पनि क्रिया * गर्ने तपस्या पनि
हुन्छन् व्यर्थ र शास्त्रको मत पनी * मान्छन् तपस्वी गुणी।
गाह्रो काम छ चित्त शुद्ध हुनु त्यो * ज्ञानी मुनीको पनि
सक्छन् चञ्चल चित्त रोक्न तपले * कोही तपस्वी मुनि॥१०॥
यस्मा बाधक काम, क्रोध, मद छन् * झन् उग्र त्यो लोभ हो
यस्ले सक्तछ नाश पार्न सहजै * एकेक सद्धर्मको।
रोक्नू इन्द्रिय–वेग, शुद्ध रहनू, * हिंसा नगर्नू अनि
मिल्छन् सत्फल दान तीर्थ व्रतका * भन्छन् तपी, सद्गुणी॥११॥
तीर्थ–स्नान गरेर मैल तनको * फाल्ने क्रिया मात्र हो
आफ्नू चञ्चल–चित्त ध्यान–दृढ भै * रोकेर राख्ने छ को?
जो गर्ला सतसङ्ग स्वच्छ मनले * बिग्रन्न कैहल्यै मन
जस्ले राख्छ पवित्र चित्त उसले * तोड्ला सबै बन्धन॥१२॥
सक्तैनन् जब रोक्न चित्त तपले * ठूला तपी सद्गुणी
मिथ्या द्रोह गरी उनै अबुझ झैँ * गिर्छन् घमण्डी बनी।
यै हो उत्तम रीति घोर कलिको * छन् वेदमा वर्णित
यस्कै पालनले हुनेछ सबको * कल्याण राम्रोसित॥१३॥

विश्वामित्र–वशिष्ठ विवाद– (५)

विश्वामित्र वसिष्ठ श्रेष्ठ मुनि हुन् * ज्ञानी तपस्वी, तर
गङ्गाका तटमा बसेर तप ती * गर्थे दुवै सादर।
उन्को चित्त भएन स्वच्छ तपले * त्यस्तो भएथ्यो किन?
सारा कारण भन्दछू म अहिले * संक्षेपमा लौ सुन।। १।।

त्यस्मा हरिश्चन्द्र बनेर कारण
दुवै चरा–रूप गरेर धारण।
सौ वर्षसम्मन् ति लडे डटेर
ब्रह्माजिले रोक्नुपर्‍यो गएर।। २।।

दुबइ जन तपस्वी ज्ञानका श्रेष्ठ खानी
अरुकन दिन शिक्षा जान्दथे हर्ष मानी।
हृदय–बिच रहेको त्यो 'अहम्' भावलाई
किन लडिकन पोखे ? सुन्न मन् भो मलाई।। ३।।

राजन् ! सुन्नुहवस् म भन्दछु सबै * त्यस्मा छ जुन् कारण
त्यस्को गर्छु सुने–बुझे जति यहाँ * संक्षेपमा वर्णन।
छोरा एक थिए त्रिशङ्कु नृपका * राजा हरिश्चन्द्र जो
उन्को राज्य ठुलो, प्रजा सुजनले * ढाक्ने अयोध्या थियो।। ४।।
चिन्ताग्रस्त थिए निकै नरपती * छोरा भएनन् भनी
शिक्षाले गुरुको डटे, वरुणको * आराधनामा तिनी।
केही कालपछी पुगी वरुणले * आफ्नू दिए दर्शन
जोरी हात दुवै भने ति नृपले * दुःखी हुने कारण।। ५।।
मेरो छैन कुनै सुपुत्र घरमा * सन्तान यौटा दिनोस्
सक्नूहुन्छ हजूरले हृदयको * सङ्कष्ट मेट्नूहवस्।

त्यस्तो बिन्ति सुनी भने वरुणले * छोरो म दिन्छू, तर
त्यै छोरो बलि दिन्छु निश्चय भनी * राजन्! प्रतिज्ञा गर।। ६।।
राजाले पछिको विचार नगरी * 'लौ हुन्छ' भन्दा भए
होला पुत्र छिटै भनी वरुणजी * सानन्द फर्की गए।
रानी एक सये सबैसित भने * आफ्नू प्रतिज्ञा पनि
पत्नी जुन् प्रिय थिन् निकै नृपतिकी * सोही भइन् गर्भिणी।। ७।।
मैह्ना पूर्ण भएर पुत्र नृपको * जुन् एक पैदा भयो
त्यस्ले ताप जती थियो हृदयमा * सारा हटाईदियो।
ठूलो उत्सव त्यो गरे नगरमा * भो मङ्गलै—मङ्गल
लावा, पुष्प छरे, दिशा दश भए * श्री सूर्य झैँ उज्ज्वल।। ८।।
पूजा—पाठ र नृत्य—गानहरुको * ठूलो तयारी गरे
बाँडी द्रव्य, दरिद्र आदि सबको * एकेक झोली भरे।
राजाले खुशि भै गरे अति ठुलो * त्यो पुत्र जन्मोत्सव
त्यै बेला द्विज—रूपले वरुणजी * आईपुगेथे तब।। ९।।
राखी आसनमा प्रसन्न मनले * पूजा गरे भूपले
सम्झाए अघिका कुरा वरुणले * एकेक विस्तारले।
तिन्को बात सुनी भए नरपती * दुःखी निकै विह्वल
लागे काम्न तुरुन्त भित्र मनमा * सारा हरायो बल।। १०।।
लागे भन्न झुकी ठुला नरपती * अत्यन्त सानो बनी
रानी शुद्ध भएपछी म गरुँला * बिर्सन्न कैहल्यै पनि।
राजाको सुनि बात ती वरुणजी * तत्काल फर्की गए
चिन्ता केहि परे पनी नरपती * सन्तुष्ट नै देखिए।। ११।।
मैह्ना एक बित्यो अनी वरुणजी * आई भनेथे जब
आओस् दाँत अनी म गर्छु मख त्यो * भन्दै बुझाए तब।

निस्के दाँतहरू अनी वरुणले * आई भने सादर
राजन् ! त्यो प्रण सम्झि शीघ्र अघिको * तत्काल पूरा गर।। १२।।
बिन्ती भूपतिले गरे–वरुणजी ! * गर्छू म पूरा, तर
सानू यो छ शिशू अशुद्ध अहिले * माफी दिनोस् सादर।
भाखा पाउँ अझै म केहि दिनको * संस्कार पूरा गरी
गर्नेछू व्रतबन्ध दिन्छु अनि त्यो * मैले बली राम्ररी।। १३।।
टार्ने बात सुनेर ती वरुणजी * थाले निकै गर्जन
माया–बन्धनमा परेर यसरी * टारीरहेछौ किन?
जान्छू जान त एकपल्ट म अझै * भन्दीनँ केही पनि
अर्कोपल्ट म फर्किइन्नँ यसरी * भन्दै हिडेथे तिनी।। १४।।
राजा खिन्न भए, उसै वरुणजी– * लाई पठाए पनि
चिन्ता बढ्न गयो, छिटै समय त्यो * आयो नगीचै भनी।
राजाका सुत विज्ञ रोहित निकै * बढ्दै गएका थिए
सारा बात सुनेर घोर वनमा * भागेर जाँदा भए।। १५।।
भागे रोहित झन् डरे मनमनै * देखेर ठूलो वन
लागे काट्न त्यहीं यता–उति लुकी * सङ्कष्ट भोग्दै दिन।
पूरा म्याद भयो भनी वरुणजी * आई–पुगेथे अनि
बोले लौ गर यज्ञ हे नरपते! * सम्झी प्रतिज्ञा पनि।। १६।।
तिन्को बात सुनेर भूप मनमा * मानेर ठूलो डर
लागे भन्न झुकेर रोहित कतैँ * भागेछ ऊ आखिर।
के गर्ने ? कसरी गरौँ मख भनी * दुःखी भए भूपति
थाले बोल्न रिसाउँदै वरुणजी * देखेर उन्को गति।। १७।।
झुक्क्यायौ तिमिले मलाइ र ठग्यौ * भन्छू म त्यै कारण
दिन्छू श्राप तिमी जलोदर भई * भोगे दुखी जीवन।

यस्तो श्राप दिई हिँडे वरुणजी * राजा परे कष्टमा
'ऐय्या लौन मरेँ' भनी नरपती * पर्दा भए तापमा।। १८।।
राजा छन् दुखमा जलोदर भई * भन्ने सुनी रोहित
बाबालाइ सकीनँ गर्न दुखमा * मैले पुगी क्यै हित।
यस्तो तर्क गरी स्वयम् महलमा * ती जान आँटे जब
रोकेथे अहिले नजाउ घरमा * भन्दै पुगी वासव।। १९।।
आफ्नू मृत्यु हुने बुझेर डरले * जानै सकेनन् घर
भोग्थे कष्ट उता अनेक नृपले * त्यै श्रापको खातिर।
राजाको दुखको कुरा थरि–थरी * सुन्थे उहीँ रोहित
हिड्थे जान्छु भनी, सुरेन्द्र अघि झैँ * रोक्थे चिताई हित।। २०।।
सोधेथे गुरुलाइ दुःखित भई * राजा हरिश्चन्द्रले
मेरो कष्ट हुनेछ नष्ट कसरी * कुन् काम वा युक्तिले।
बर्ता कष्ट दियो मलाइ अहिले * यो पेटको रोगले
गर्नोस् युक्ति कुनै छिटै नतर ता * मर्छू म यै दुःखले।। २१।।
राजालाइ भने बुझाइ गुरुले * यो रोग जाला, तर
मैले भन्छु उपाय एक सजिलो * विश्वास मानी गर।
मान्छन् शास्त्र तथा पुराण–मतले * धेरै थरीका सुत
किन्नूपर्छ दिएर द्रव्य सुत क्वै * दुःखी दरिद्री–सित।।२२।।
अर्थात् ब्राह्मणको कुमार किनि क्व * पूरा प्रतिज्ञा गर
तिम्रो रोग निको हुनेछ सहजै * के व्यर्थ मान्छौ डर।
यो सल्लाह सुनेर विज्ञ गुरुको * आफ्ना पठाई चर
लागे खोज्न गएर गाउँ पुरमा * ती दूत चारैतिर।। २३।।
यौटा जो अजिगर्त ब्राह्मण थिए * लोभी दरिद्री पनि
छोरा तीन थिए र स्त्री पुरुषले * बेच्छू म यौटा भनी।

जेठो पुत्र भयो पितातिर, अनी * कान्छो त मातातिर
बेचे जो शुनशेप मध्यम थियो * सम्पत्तिकै खातिर।। २४।।
राजाले धन–द्रव्य बेसरि दिई * त्यो यज्ञ थाल्दा भए
विश्वामित्र वसिष्ठ उत्तम मुनी * सर्वज्ञ निम्त्याइए।
मौलोमा शुनशेपलाइ पशु झैँ * बाँधेर राखे जब
विश्वामित्रजिले भने—नरपते ! * सुन्नूहवस् लौ अब।। २५।।
रोयो बालक यो असाध्य, मनमा * छायो दया बेसरी
यस्तो दुर्गति देखि खिन्न पनि छू * गर्नोस् दया यो घरि।
दुःखी ब्राह्मण पुत्रको बलि दिई * पुग्दैन इच्छा पनि
चाँडै बालक यो फुकाइदिनुहोस् * राजन्! दयालू बनी।। २६।।
मर्नैपर्दछ व्यक्तिले पृथिविमा * आएपछी जन्मन
पैह्लेका पितृहेरुले पनि यहीँ * त्यागीदिए जीवन।
अर्काको हितका निमित्त जन जो * त्याग्नेछ आफ्नू तन
गर्दै छन् सुख–भोग स्वर्गपुरिको * त्यस्ता निकै सज्जन।। २७।।
हत्त्या ब्राह्मणको गरे पनि सधैँ * बाँच्तैन यो जीवन
पश्चात्ताप हुनेछ यो विषयमा * झन् कष्ट भोग्ला तन।
एकैनास रहन्छ स्नेह तनमा * प्रत्येक जीवादिको
हो यो सत्य, बुझेर छाडिदिनुहोस् * छोरो दुखी विप्रको।। २८।।
नीतियुक्त तथा सदा हित हुने * अर्ती थियो तापनि
बर्ता कष्ट हुँदा कुरा ति मुनिको * के मान्दथे झन् उनी।
मानेनन् नृपले कुरा भनि निकै * ज्ञानी मुनी झर्किए
जप्नू मन्त्र यही भनी वरुणको * उस्लाइ शिक्षा दिए।। २९।।
मौलोमा शुनशेपले जपिरह्यो * त्यै मन्त्र राम्रो गरी
आए तानिइ मन्त्रले वरुणजी * खूशी हुँदै बेसरी।

छाडेथे शुनशेपलाइ पहिले * ती भूपलाई पनि
सारा बात गरी गए वरुणजी * आरोग्य हौला भनी।। ३०।।
त्यो छोरो शुनशेप कौशिकजिले * आफ्नू पुऱ्याए घर
राम्रो निर्णय हो भनी खुशि भए * सम्पूर्ण नारी–नर।
राखी भित्र इबी गए मुनि पनी * पर्खेस् तँ हे भूपति!
दिन्छू कष्ट तँलाइ बुद्धि–बलले * जाने–बुझेको जति।। ३१।।
केही काल बित्यो शिकार वनमा * खेल्दै गए भूपति
वन्मा लुप्त भयो बँदेल, छलिए * राजा त्यहीँ सद्‍मति।
कोशीको नगिचै सुरम्य तटमा * पुग्दा ति मध्याह्नमा
केही बेर थकाइ मार्न ति बसे * सानन्द त्यै स्थानमा।। ३२।।
विश्वामित्र बनेर ब्राह्मण बुढा, * भेटे नगीचै गई
सारा राज्य लिए ठगेर मुनिले * आफू नजान्ने भई।
साम्राज्यै पहिले लिए, पछि भने * ख्वै भूयसी दक्षिणा
राजालाइ दिए छली थरि–थरी * उन्ले ठुलो यातना।।३३।।
तिन्को कार्य सबै वसिष्ठ मुनिले * प्रत्येक जानीलिए
देखी कष्ट ति भूपको मनमनै * ती खूब सन्तापिए।
विश्वामित्रकहाँ पुगेर कुटिमै * भेटी रिसाए जब
गर्दै छस् बक झैं भएस् 'बक' भनी * तिन्लाइ श्रापे तब।। ३४।।
श्रापे कौशिकले पनी रिस गरी * 'आडी' भएस् हे मुनि!
श्रापाश्राप गरी बसे 'बक' तथा * पक्षी ति 'आडी' बनी।
बस्ता मानस तीर्थको तटविषे * बित्तै गएथे दिन
तिन्ले युद्ध गरे परस्पर डटी * वैरत्वकै कारण ।। ३५।।
हेर्थे देव बसेर युद्ध नभमा * ती छक्क पर्थे सब
निक्कै वर्ष लडीरहे रगतको * धारो बगाई तब।

रोक्नूभो विधिले पुगेर उहिँ नै * यो के गरेका भनी
उस्तै रूप दिएर मार्जन गरे * त्योश्राप जाओस् भनी।। ३६।।
त्यस्ता श्रेष्ठ र विज्ञको जब भयो * त्यो दुःख लाग्ने स्थिति
सक्नेछन् रिस रोक्न के गरि अरू * सामान्य, हे भूपति !
जस्मा छैन दया, क्षमा र ममता * राख्तैन जो संयम
त्यस्को जान्छ अकार्थ, जीवन रुँदै * नाशिन्न कैह्ल्यै तम।। ३७।।
गर्नू स्नान र द्रव्य दान तप हो * तीर्थादिको जुन् फल
त्यो–भन्दा बढि चित्त स्वच्छ छ भने * आउन्न कैह्ल्यै तल ।
श्रद्धा जुन् पहिलो छ सात्त्विकि अनी * दोस्रो भयो राजसी
तेस्रो हो सब धर्म कार्यहरुमा * रोक्ने उही तामसी।। ३८।।
श्रद्धा उत्तम सात्त्विकी छ सबमा * दोस्रो भयो मध्यम
तेस्रो तामसि निन्द्य हो सकलमा * त्याग्नू छ त्यो उत्तम ।
देवीकै गुण–गान गर्नु मनले * सुन्नू कथा कीर्तन
उन्कै पूजन ध्यानले मन सधैँ * राखीलिनू कञ्चन।। ३९।।
यस्तो वृत्ति लिई सुतीर्थहरुमा * बस्ने तपी छन् जति
उन्लाई कहिल्यै छुँदैन कलिले * बिग्रन्न तिन्को मति ।
काम, क्रोध र लोभ, मोह मनमा * राख्ने र बुझ्ने पनि
मर्नेछन् पछितो परी मनमनै * रुन्छन् ति पापी बनी।। ४०।।

निमि र वसिष्ठको कथा– (६)

सारा कथा सुनिसके जब पूर्वकाको
सोधे विवादको निमि र वसिष्ठजीको ।
श्रापे कहाँ कसरि देह मिली रमाए
भक्ती बुझेर नृपको मुनिले सुनाए ।। १।।

इक्ष्वाकू–कुलमा थिए नृप निमी * यौटा कुनै धार्मिक
तिन्लाई सब भन्दथे नगरमा * हुन् यी प्रजा–पालक ।
गर्छू यज्ञ ठुलो भनेर निमिले * इच्छा गरेथे जब
जोरेथे सरजाम मन्त्रिगणले * जे चाहिएको सब ।। २ ।।
निम्त्याए भृगु, अङ्गिरा, असित औ * ज्ञानी तपी औ मुनि
डाके श्रेष्ठ वसिष्ठलाइ कुलका * आचार्य आफ्ना भनी ।
यौटा यज्ञ म गर्दछू कुलगुरो, * कात्यायनीको अब
मेरा पूर्ण गराउनोस् हजुरले * इच्छा गरेको सब ।। ३ ।।
थाले भन्न गुरू वसिष्ठ निमिले * बिन्ती गरेको सुनी
निम्त्याए पहिले ति स्वर्गपतिले * त्यै यज्ञ गर्छू भनी ।
शक्तीको मख पाँच वर्ष जतिमा * पूरा गरी स्वर्गमा
तिम्रो यज्ञ गराउँला नरपते ! * मैले खुशी–साथमा ।। ४ ।।
ऐहे फुर्सद छैन गर्न मख त्यो * देख्दीनँ मौका पनि
जान्छू स्वर्ग भनी हिडी पनि गए * ती द्रव्य–लोभी मुनि ।
लागे गर्न विचार भूप मनमा * डाकेँ र आए सब
जाओ लौ घरमा भनूँ म कसरी * पापी–समान् भै अब ।। ५ ।।
छैनन् नित्य, यि नाशवान् पृथिविमा * यो देह यो वैभव
हुन्छन् नष्ट अवश्य एक दिन यी * जुन् देखिइन्छन् सब ।
आँटेको शुभ कार्य थाम्नु कसरी * को भन्छ राम्रो भनी
गर्छू यज्ञ बरू म गौतम मुनी * आचार्य राख्छू पनि ।। ६ ।।
थाले यज्ञ तुरुन्त भूप निमिले * पूजन् गरी शक्तिको
आए फर्कि वसिष्ठ देखि मख त्यो * सिद्ध्याइ देवेन्द्रको ।
देखे यज्ञ हुँदै थियो नृपतिको * शास्त्रोक्तको रीतिले
गर्जे ध्यान दिएन क्यै पनि भनी * ती लोभले क्रोधले ।। ७ ।।

मेरो जुन् नृपले अनादर गरे * ध्यानै नराखीकन
चाँडै देह गिरोस्, विदेह पनि होस् * हो यो निमी दुर्जन।
पाए श्राप विना–कसूर नृपले * ज्ञानी गुरूको जब
तिम्रो देह पनी छिटै पतन होस् * यस्तो सरापे तब ॥ ८॥
श्रापाश्राप गरे अकारण दुवै * ज्ञानी तपीले त्यहाँ
ब्रह्माका नगिचै वसिष्ठ दुखले * पुग्दा भए छिन्महाँ।
जोरी हात भने नुहेर पदमा * आपत्ति ठूलो पर्‍यो
व्यर्थै श्राप दिए रिसाइ निमिले * सन्ताप मन्मा भयो॥ ९॥
अर्को देह लिने, कहाँ र कसरी * को हुन्छ माता–पिता
जस्तो छू अहिले रहोस् पछि यही * बुद्धी तथा योग्यता।
ब्रह्माले सुनि बात त्यो मनमनै * आज्ञा भयो हे मुनि!
छन् मित्रावरुणी सुयोग्य र तपी * ज्ञानी दयालू गुणी॥ १०॥
त्यागी यो तन शीघ्र गै मिलिलिनू * उन्को ठुलो तेजमा
जन्मन्छौ पछि भै अयोनिज तिमी * विख्यात संसारमा।
शिक्षाले विधिको वसिष्ठ मुनिले * त्यो देह छाडीदिए
उन्को तेजविषे लुकेर पछिको * मौका विचार्दै थिए॥ ११॥
आई क्वै दिन उर्वशी घरमहाँ * मित्रावरुण्को जब
देखी त्यस्कन कामका वश परे * भाई दुवै नै तब।
तिन्को वीर्य पतन् भयो अनि पर्‍यो * यौटा घडामा जब
तेजस्वी दुइ दिव्य बालक उहीँ * पैदा भएथे तब॥ १२॥
तिन्मा एक अगस्ति हुन् सकलमा * ठूला तपी सद्गुणी
अर्का चाहिँ भए वसिष्ठ अघि झैँ * विख्यात ज्ञानी मुनि।
ख्याति–प्राप्त भए वसिष्ठ भवमा * मित्रावरुण् नामले
इक्ष्वाकू नृपले पुरोहित गरी * राखे त्यसै हेतुले॥ १३॥

पाए देह वसिष्ठले जसरि त्यो * मैले सुनाएँ सब
भन्दै छू निमिको पनी शुभ कथा * जस्तो भयो जे, अब।
मौकामै निमिलाइ श्राप ननिको * लाग्यो गुरूको अनि
त्यागी देह त्यहीँ अनित्य छ भनी * दुःखी भएनन् तिनी।।१४।।
देवीको मख त्यो मिलेर सबले * पूर्णाहुती गर्दिए
द्यौताले मृत–देहलाइ निमिको * यो बात सोधीलिए।
चाहन्छौ कुन देह हे नृप ! तिमी ? * इच्छा छ जे त्यो भन
जे माँग्छौ वरदान मिल्दछ उही * लौ माँग हे सज्जन!।।१५।।
बोल्यो जीव तुरुन्त भूप निमिको * ती देवका सम्मुख
मैले लिन्नँ अनित्य देह सुर हो ! * देख्दीनँ यस्मा सुख।
प्राणीका रहुँ नेत्रका पलकमा * नित्यै विदेही बनी
झिम्–झिम् मात्र गरूँ निमेष–रुपमा * देख्नै नसक्ने अनि।।१६।।
मेरो वंश चलोस् सुकीर्ति भवमा * यी हुन् विदेही भनी
कोही मूर्ख नहून्, सुखी सब रहून् * ठूला प्रतापी बनी।
जे माँगे वर त्यै दिईं सुरहरू * तत्काल फर्की गए
राजाको मृत–देह वेद–विधिले * मन्त्रेर मथ्दा भए।।१७।।
निस्क्यो बालक एक अद्भुत त्यहीँ * त्यै देहदेखिन् जब
राखेथे 'मिथि नाम' मन्थन गरी * जन्म्यो भनी नै तब।
उन्को नाम विदेह या जनक नै * चल्दो भयो वंशमा
धेरै नै निमि–वंशका नृपतिले * कीर्ती फिजे लोकमा।।१८।।
राजन्! क्रोध र लोभ, मोह सहजै * जित्नै नसक्ने हुँदा
गर्छन् काम अनीतिका जनहरू * झन् पापमा भासिँदा।
राजन्! जो 'निमि' नामका नृपतिको * मैले सुनाएँ कथा
त्यस्को ध्यान गरे, रहन्न मनमा * साना–ठुला दुर्व्यथा।।१९।।

राजा हैहयको आख्यान– (७)

ठूलो पुण्य दिने सुनेर निमिको * चर्चा र श्रद्धा बढ्यो
राजा हैहय–वंशको सब कथा * सुन्ने इरादा भयो।
सोधेथे मुनिका परी चरणमा * को हुन् मुने! हैहय?
कस्तो काम गरे ? कहाँ हुन गयो? * कुन् पाप गर्दा क्षय?।। १।।
यस्को गर्नुहवस् मुने! हजुरले * संक्षेपमा वर्णन
सुन्दै छू म कथा अनेक दिनहूँ * झन् बढ्छ सुन्ने मन।
बिन्ती भूपतिको सुनी मनमनै * सोचेर बोले मुनि
जान्दै छू म हजूरका हृदयको * श्रद्धा र भक्ती पनि।। २।।
राजा हैहय कार्तवीर्य पहिले * ठूला प्रतापी थिए
तिन्ले उत्तम कीर्ति विश्वभरिमा * निक्कै फिँजाईलिए।
लामा बाहु हुने प्रसिद्ध नृपती * डुल्ने सदा निर्भय
लड्ने शूर बनेर वीर बलवान् * योद्धा थिए हैहय।। ३।।
तिन्ले यज्ञ र दानले भृगुकुलै * पूरा तुल्याए धनी
हात्ती, अश्व, सुवर्ण, रत्न–धन ती * दिन्थे नमाँगे पनि।
तिन्का योग्य गुरू गुणी र तपसी * हुन् श्रेष्ठ दत्तात्रय
दिन्थे अर्ति सुशिष्यलाइ हितको * शङ्का तुल्याई क्षय।। ४।।
पाई हैहयबाट सम्पति भए * राजा–समान् भार्गव
सारा हैहय वीर दैव–गतिले * मर्दै गएथे सब।
उन्का नाति–पनाति वैभव सकी * धेरै भए निर्धन
माँगेथे भृगु–वंशिका सँग गई * देओ भनी क्यै धन।। ५।।
उन्ले छैन र दिन्नँ केहि नभनी * भोली कि पर्सी गरी
थाले टार्न र वीर हैहयहरू * क्रोधित् भए बेसरी।

तिन्ले खूब चुटे लुटे धन सबै * सर्वस्व पापी बनी
स्त्रीका गर्भ पनी चुटेर बलले * धेरै तुहाए अनि।।६।।
वैरीका डरले हिमालय पुगे * भाग्दै कती ब्राह्मणी
मारे ब्राह्मणलाइ दुष्टहरुले * निर्बीज पारौँ भनी।
काम, क्रोध र लोभ, मोह बलवान् * हुन् शत्रु यै देहका
गर्छन् पाप निकै गिराइ यिनिले * खाल्डो खनी कष्टका।।७।।
त्याग्छन् लोभ गरेर धर्म कुलको * डुल्छन् ति पापी बनी
मार्छन् क्रोध बढेर बन्धु–सहितै * बाबू र आमा पनि।
भागेका भृगुवंशका जति थिए * जो–जो दुखी ब्राह्मणी
देवीको गिरिमै बसी स्तुति गरे * हे शक्ति, कात्यायनी।।८।।
शक्तीको त्यहिँ दिव्य दर्शन भयो * तिन्लाइ स्वप्नामहाँ
यौटीको उरुबाट पुत्र बलियो * उत्पन्न होला यहाँ।
उस्ले नै भृगुवंश उज्ज्वल छिटै * पार्ला सुरक्षा गरी
अन्तर्धान भइन् तुरुन्त जननी * सारा उठे त्यै घरि।।९।।
बाठी एक थिइन् र गर्भ तनमा * पैह्ले रहेको थियो
धारेकी उरुमा थिइन् युवतिले * त्यै काम ऐह्ले दियो।
आए हैहय ती हिमालयतिरै * सारा लखेट्तै अनि
भागेथे सब ब्राह्मणी डर परी * पापिष्ठ आए भनी।।१०।।
आँटे गर्भ तुहाइ मार्न खलले * गर्दै ठुलो खल्बल
जन्मेथ्यो उरुबाट बालक त्यहीँ * श्री सूर्य झैँ उज्ज्वल।
देखी अद्भुत तेज स्वच्छ शिशुको * अन्धा भए ती सब
आयो चेत अनी गिरे शरणमा * ती ब्राह्मणीकै सब।।११।।
जोरी बाहु दुवै विनम्र स्वरमा * बिन्ती गरे आखिर
हाम्रो हो अपराध उग्र जननी ! * बिन्ती छ, माफी गर।

हत्त्या वा अपराध जो हुन गयो * थाहै नपाईकन
जानेनौँ अब त्यो क्षमा गरिदिनोस् * हुन् यी भनी दुर्जन॥१२॥
गर्नेछौँ भृगुवंशको अब सधैँ * सेवा तथा चाकरी
गर्दैनौँ अब द्रोह, माफ दिनुहोस् * यो पाप हे ईश्वरी !
हाम्रा नेत्र खुलाइबक्सनुहवस् * अन्धा भयौँ हे हरि !
धेरै बिन्ति गरे नुही हृदयले * तिन्लाइ पाऊ परी॥१३॥
त्यस्तो बात सुनी मनैमन भई * आश्चर्य बोलिन् तिनी
मैले केहि गरीनँ यो विषयमा * अन्धा सबै हौ भनी ।
जन्म्यो बालक जो यहाँ रवि सरी * देखिन्छ यो तेजिलो
यस्कै उत्तम तेजले हुन गयौ * अन्धातिमी दुष्टहो!॥१४॥
यस्कै पाउ परे हुनेछ अघि झैँ * आँखा, बुझे निश्चय
तिन्को बात सुनी खुशी हुन गए * एकेक ती हैहय ।
केही काल त्यहीँ नुही स्तुति गरे * माफी मिलेथ्यो जब
सानू बालक 'और्व' लाइ सबले * ढोगेर फर्के तब ॥१५॥
फर्किन् आश्रममा लिएर सँगमा * त्यो बाल, ती ब्राह्मणी
पाले यत्न गरेर एक बिरुवा * यो वंशको हो भनी ।
विद्वान् धार्मिक तेजिला चहकिला * बाठा हुनाले गरी
फेरी वंशज 'और्व' बाट भृगुको * चल्दै गयो राम्ररी॥१६॥

हैहयको वंश–वर्णन– (८)

वैशम्पायन भन्दथे शुभ कथा * सुन्थे ति जन्मेजय
ब्रह्मर्षे ! मनमा मलाइ अहिले * यौटा भयो संशय ।
को हुन् हैहय आदिका पुरुष ती * जन्मे कहाँ के गरी?
आज्ञा गर्नुहवस् म सुन्दछु कथा * विस्तारले राम्ररी॥ १॥

राजाको सुनि प्रश्न त्यो मनमनै * आनन्द बढ्दै गयो
राजन् ! सुन्नुहवस् म भन्दछु कथा * विस्तारले आज त्यो ।
श्री रेवन्त प्रसिद्ध पुत्र रविका * उच्चैःश्रवामा बसी
गर्छू दर्शन विष्णुको भनि हिँडे * मानी मनैमा खुशी।। २।।
देखिन् अश्व थियो निकै पर चिनिन् * हो भाइ आफ्नू भनी
टोह्लाइन् हयलाइ एकटकले * हेरेर लक्ष्मी अनि ।
को हो त्यो ? किन हो बराबर उतै * हेरेकि लाटी सरी?
बारम्बार सुध्याइबक्सनुभयो * श्री विष्णुले राम्ररी।। ३।।
लक्ष्मी हेरिरहिन् जवाफ नदिई * त्यै अश्वलाई जब
लागे भन्न रिसाइ उच्च स्वरले * तिन्लाइ श्री माधव ।
मेरै सामु नमानि लाज यसरी * आँखा गडाईकन
हेर्‍यौ उत्तम अश्वलाइ र भयो * आसक्त तिम्रो मन ।। ४।।
पार्‍यौ चञ्चल चित्त यो बखतमा * मेरै नगीच्मा बसी
जाऊ भूतलमा रहे अब तिमी * घोडी भएरै खुशी ।
स्वामीको सुनि श्राप त्यो अति कडा * निक्कै डराइन् रमा
माफी पाउँ प्रभो ! कसूर हुनगो * भन्दै परिन् पाउमा ।। ५।।
हुन्छू मुक्त म श्रापबाट कहिले ? * कुन् युक्तिले के गरी ?
आज्ञा गर्नुहवस् प्रसन्न मनले * गर्दै क्षमा हे हरि !
यो जाबो अपराधमा यति ठुलो * के दण्ड यस्तो दिनु
मेरो, शस्त्र कुनै नराखि सहजै * हो प्राण तानीलिनु।। ६।।
लक्ष्मीको सुनि प्रार्थना खुशि भई * बोल्नूभयो माधव
दिन्छू श्राप तिमी सुनीरहु शुभे! * मैले भनेको अब ।
पार्दा चञ्चल चित्त नाम अब भो * श्री चञ्चला सुन्दरी!
होला नाम 'रमा' रमेर तिमिले * हेर्‍यौ गडी बेसरी।। ७।।

घोडादेखि असाध्य मोहित भयौ * त्यै हेतु घोडी बनी
जाऊ बस्नु छिटै र भूमितलमा * हो श्राप मेरो भनी ।
हे लक्ष्मी ! तिमिले सुपुत्र उहिँ नै * जन्माउनेछौ जब
मेरो श्राप हुनेछ मुक्त र यहीँ * आएर बस्नू तब।। ८।।
गर्थे बात यता रमा हरि, उता * रेवन्त मानी डर
टाढैबाट गरी प्रणाम पदमा * फर्केर आए घर ।
घोडी—रूप लिई रमा पृथिविमा * त्यै श्रापले ओर्लिइन्
कालिन्दी तमसा नदी यि दुइको * दोभानमा ती बसिन्।। ९।।
धेरै काल बित्यो उहीँ र शिवको * आराधनामा रहिन्
पाइन् दर्शन शम्भुको मनमनै * ती खूब खूशी भइन् ।
हे लक्ष्मी ! किन गर्नुभो तप तथा * मेरो यहाँ सम्झना
खप्नूहुन्छ यहाँ बसी किन वृथा * घोडी बनी यातना।। १०।।
मेरो निम्ति छ काम के, अब गरूँ * सेवा म कुन् भन्नुहोस्
इच्छा पूर्ण हुनेछ जे छ मनमा * पत्यार यो मान्नुहोस् ।
यो आज्ञा शिवको सुनीकन रमा * क्यै बेर चिन्तित् भइन्
पाइन् श्राप अघी सकारण सबै * एकेक सारा भनिन्।। ११।।
छोरो एक नपाइ छुट्छ कसरी * यो श्राप मेरो अब
त्यो छोरो कसरी हुनेछ अझ छन् * वैकुण्ठमै माधव ।
जस्तो जुक्ति गरेर हुन्छ यहिँ नै * हाम्रो छिटै सङ्गम
सोही गर्नुपर्‍यो उपाय सजिलो * झर्को नमानी, श्रम।। १२।।
आज्ञा भो शिवले प्रसन्न मनले * तिन्ले भनेको सुनी
होला सङ्गम विष्णुका सँग यहीँ * भन्नेछु मैले पनि ।
मैले शीघ्र पठाउनेछु यहिँ नै * भन्छू स्वयम् नै गई
भेट्नेछन् प्रभुले यहीँ खुशि हुँदै * आएर घोडा भई।। १३।।

देवीको अब गर्नुहोस् मनमनै * सेवा र आराधना
अन्तर्धान भई पुगे शिव छिटै * श्री विष्णुको धाममा ।
कैहल्ले दर्शन पाउँछू म प्रभुको * भन्ने प्रतीक्षा गरी
लक्ष्मी पर्खिरहिन् दुखी हृदयले * सम्झी उनै ईश्वरी।। १४।।
लक्ष्मीको बुझि कष्ट श्री शिव पुगी * बिन्ती चढाए जब
घोडा–रूप लिई नदी–तटविषे * पुग्दा–भए माधव ।
घोडा–रूप लिने प्रभूकन त्यहाँ * देखिन् रमाले जब
मानी हर्ष प्रशस्त गद्गद हुँदै * हर्षाश्रु झारिन् तब।। १५।।
निक्कै वर्ष वियोगको दुख खपी * क्यै आत्तिएको मन
केही शान्त भयो र प्रेम रसले * त्यस्मा गरे सिञ्चन ।
वेला प्राप्त भयो र गर्भिणि भइन् * छोरो पनी जन्मियो
लक्ष्मीरूप लिई प्रभूसित बसिन् * जो कष्ट हो सो गयो।।१६।।
छाडौँ यो सुतलाइ आज कसरी * लाग्दै छ माया अति
तिन्को भाव बुझी भने प्रभुजिले * सारा कुरा हे सती!
छोरो खातिर गर्दछन् तप यहीँ * छन् तुर्वसू भूपति
उन्लाई यहि पुत्र दिन्छु अहिले * चिन्ता नलेऊ सती!।।१७।।
यो सल्लाह गरी रमासित, स्वयम् * पुग्नूभयो श्री हरि
राजा तुर्वसुलाइ दर्शन मिल्यो * खूशी भए बेसरी ।
पाई दर्शन विष्णुको नरपती * गद्गद् भएथे अति
जोरी हात दुवै, परी चरणमा * गर्दा भएथे स्तुति।। १८।।
ध्यानीले पनि भेट्न दुर्लभ हुने * त्रैलोक्यका ईशको
पाएँ दर्शन, के गरूँ म अहिले * चर्चा स्वयम् भाग्यको ।
गर्छन् चिन्तन नाथका चरणका * ज्ञानी तजी कामना
गर्दै छू म त नाथको सँग यहाँ * सत्पुत्रको याचना।। १९।।

छोरो एक म पाउँ श्रेष्ठ प्रभु झैँ * तिन्ले भनेथे जब
राजालाइ बुझाइ बात हितको * बोल्नूभयो माधव।
छोरो एक म झैँ उपस्थित छ जो * कालिन्दिका तीरमा
ल्याऊ झट्ट गई त्यही सुत दिएँ * चिन्ता नल्यौ चित्तमा॥ २०॥
यस्ले गर्दछ वंश–वृद्धि सहजै * होला प्रतापी पनि
रक्षा गर्नु सहर्ष विज्ञ सुतको * कर्तव्य यै हो भनी।
पाल्नूभो निज धाममा यति भनी * लक्ष्मी–सहित् माधव
लक्ष्मीलाइ पनी खुशी हुन गयो * चिन्ता हरायो सब॥ २१॥
पाई त्यो वर शीघ्र तीर्थ–तटमा * पुग्दा भए भूपति
देखे अद्‌भुत एक बालक अनी * आनन्द माने अति।
ल्याए तुर्वसुले, निकै जतनले * पाल्दा भए प्रेमले
योद्धा 'हैहय' 'एकवीर' दुइ नाम् * जान्दा भए लोकले॥ २२॥
घोडीका सुत हुन् भनेर पहिलो * नाऊँ रह्यो हैहय
दोस्रो नाम ति 'एकवीर' कहियो * लड्ने हुँदा निर्भय।
बढ्दै शीघ्र तिनी सुयोग्य रितले * ठूला युवा भैगए
सारा शास्त्रहरू पढेर रणका * ज्ञाता प्रतापी थिए॥ २३॥
योद्धा शूर गुणी सुयोग्य सबमा * ती शोभिएथे जब
राजा तुर्वसुले उनैकन दिए * त्यो राज्य औ वैभव।
आफू जङ्गलमा गए, नगरमा * तिन्को चल्यो शासन
खेल्दै जङ्गलमा शिकार ति पुगे * त्यै स्थानमा क्वै दिन॥ २४॥

एकावलीको कथा– (९)

कोही एक रुने अनिन्द्य सुमुखी * देखे त्यहीँ दु:खिनी
सोधे हैहय भूपले किन यहाँ * रोई बस्यौ भामिनी?

तिन्को बात सुनी भनिन् सुमुखिले * जानी कुनै भूपति
कोही रुन्न कडा विपत्ति नपरी * प्राणीहरू छन् जति।। १ ।।
सुन्नूहोस् क्रमले बताउँछु सबै * मैले रुने कारण
सक्नूहुन्छ भने दिनोस् मदत क्यै * दुःखी छ मेरो मन।
यौटा देश ठुलो, परै छ तर त्यो * छन् 'रैभ्य' जो भूपति
गङ्गाको तटमा गरे मख ठुलो * आनन्द मान्दै अति।। २ ।।
कन्या एक त्यहीँ विशाल नयनी * पाए दिए अग्निले
साह्रै बेस भयो भनेर खुशिले * पाल्दा भए भूपले।
छन् ती रूपवती अनिन्द्य सुमुखी * 'एकावली' नाम हो
हामी छौँ वयमा समान, उनिले * मान्छिन् मलाई निको।। ३ ।।
मेरो नाम 'यशोवती' बुझिलिनोस् * मन्त्री–सुता हूँ म त
गङ्गाका तटमा सुरम्य वनमा * डुल्दा थियौँ हर्षित।
हाम्रा–रक्षक रूपमा जन जती * साथै हिँडेका थिए
बाक्लो जङ्गलमा सबै ति छलिई * रक्षक् हराईगए ।। ४ ।।
हुन्थिन् मोहित सुन्दरी थरि–थरी * त्यो स्थानका पुष्पमा
हामी फूल बटुल्दथ्यौँ कमलका * राम्रा ति गङ्गाजिमा।
आयो दानव 'कालकेतु' सहसा * उफ्रेर त्यै स्थानमा
सेना साथ लिएर ठिङ्ग उभियो * हाम्रो त्यहीँ सामुमा।। ५ ।।
देखी रूपवती अनिन्द्य सुमुखी * मोहित् भयो दानव
हाम्रा रक्षक सैन्य त्यै बखतमा * आए दगुर्दै सब।
तिन्को युद्ध भयो परस्पर निकै * धेरै मरे सैनिक
राखेथ्यो रथमा प्रिया बन भनी * पापी बन्यो भक्षक।। ६ ।।
हामीलाइ लगी कुनै महलको * राखेर उद्यानमा
राजी पार्न भन्यो मलाइ खलले * हप्काउँदै व्यर्थमा।

राखेथ्यो पहरा सबैतिर अनी * फर्केर आफू गयो
हाम्रो तर्क–वितर्क धेर मनमा * बढ्दै गएको थियो।। ७।।
भोलीपल्ट त 'कालकेतु' बलवान् * आईपुग्यो दानव
लाग्यो भन्न फकाउने सुर गरी * राम्रा कुराले तब।
स्वामी मान मलाइ शीघ्र सुमुखी! * केही नमानी डर
तिम्रो चाकरिमा रुजू म रहुँला * स्वीकार चाँडो गर।। ८।।
मैले हात समात्न सक्तिनँ कबै * राजी नपारीकन
माँग्दै छू म दया छिटै गर शुभे ! * मोहित् छ साह्रै मन।
योद्धा सुन्दर रूप यौवन हुने * भेटी म झैं लायक
को चाहिन्छ अरू, मदेखि बढिया * पाइन्न क्वै नायक।। ९।।
आफ्नै मान मलाइ सुन्दरि ! पती * प्रेमी म हुन्छू अति
निक्कै व्याकुल छू म काम–शरले * घोची कती हो कति।
मेरो हात परेपछी नगर क्यै * आशा कतै उम्कने
भाग्ने कोशिशमा पऱ्यौ यदि भने * तत्काल छौ पक्रिने।। १०।।
प्रीतीको रस–भङ्ग हुन्छ बलले * केही गरे सुन्दरी !
भन्दै छू हितका कुरा बुझ शुभे ! * एकेक राम्रो गरी।
त्यस्ता बात सुनेर दुष्ट खलको * एकावलीले पनि
माँगिन् म्याद तुरुन्त क्यै दिनपछी * राजी हुनेछू भनी।। ११।।
फर्क्यो म्याद दिएर एक महिना– * को, जान्छु ऐहले भनी
लागिन् भन्न मलाइ झट्ट सँगिनी * रोएर दु:खी बनी।
मैले हैहय भूपतीकन स्वयम् * स्वामी वरेकी थिएँ
खाल्डोमा अहिले नतर्न सकिने * कुन् पापले जाकिएँ।। १२।।
त्यागछू जीवन यो, उपाय सँगिनी ! * केही भए लौ गर
तिन्को बात सुनी भयो मनमनै * मर्छिन् कि भन्ने डर।

पाएथेँ अघि मन्त्र विप्रसित जो * कात्यायनी शक्तिको
लागेँ जप्न त्यही म शुद्ध मनले * विश्वास मानेर त्यो।। १३।।
स्वप्नामा सहसा जगज्जननिको * पाएँ जसै दर्शन
थालिन् भन्न मलाइ ती भगवती * राम्रो बुझाईकन।
गङ्गाका तटमा तँ जा अब उहीँ * छन् भेटिने हैहय
पार्नेछन् उनि आइ दानव सबै * सोतर् बुझे निश्चय।। १४।।
उन्कै साथ बिहे हुनेछ सँगिनी * 'एकावली' को जब
मान्नू लौ तँ पनी उनैकन पती * अर्ती दिई यै सब।
निद्राबाट उठेँ झसङ्ग म भएँ * शक्ती कतै अल्पिइन्
मेरो स्वप्न सुनेर शीघ्र सँगिनी * हाँसेर हर्षित् भइन्।। १५।।
जाऊ झट्ट भनिन्, उठेर म पनी * आएँ दगुर्दै यहाँ
राजा हैहय छन् कतातिर पुगूँ * खोजूँ र भेटूँ कहाँ?
लागे भन्न नरेश बात क्रमले * तिन्ले भनेको सुनी
मै हूँ हैहय, छौ उपस्थित शुभे ! * जस्लाइ भेटूँ भनी।। १६।।
सुन्दै मुग्ध भएँ, छिटै हिँड बरू * एकावली छन् जहाँ
मेरो भेट गराउ झट्ट तिनि छन् * ऐह्ले बसेकी कहाँ?
मार्छू दानव त्यो लडेर रणमा * जस्तो भए तापनि
गर्नेछू म बिहे, पितासित गई * एकेक वार्ता भनी।। १७।।
तिन्को बात सुनेर हैहय यिनै * हुन् भूप भन्ने चिह्नी
थालिन् भन्न ति, कालकेतु छ ठुलो * योद्धा र पापी पनि।
सेना छन् चतुरङ्गिणी र अहिले * त्यो बस्छ पातालमा
बाटो अक्करको छ, पुग्न सहसा * को सक्छ त्यो स्थानमा।।१८।।
आफ्ना सैन्य सबै लिएर सँगमा * राम्रो सुरक्षा गरी
बन्दै छू अगुवा म हे नरपते ! * हिँड्नूहवस् यै घरी।

भन्दै बात यती यशोवति हिडिन् * लागी अगाडी जब
आफ्ना सैन्य लिएर हैहय पनी * लागे पछाडी तब।। १९।।
श्री दत्तात्रयबाट मन्त्र नृपले * पाईसकेका थिए
शक्तीको पनि दिव्य मन्त्र मनले * सम्झेर जप्तै गए।
देवीभक्त हुँदा ति हैहय पुगे * सानन्द पातालमा
हाँके दानवलाइ लड्दछु भनी * पौँचेर संग्राममा।। २०।।
राजाको सुनि हाँक, सैन्य खलले * धेरै पठाईदियो
आफू एक गदा लिई समरमा * गर्जेर पुग्दो भयो।
लागे लड्न अनेक सैन्य रणमा * छाडेर तीखा शर
थाले ढल्न मरी दुवै तरफका * संग्राम–भूमी–भर।।२१।।
छाडे हैहयले ठुलो लिइ गदा * मार्छू तँलाई भनी
लाग्यो चोट र कालकेतु ढलिगो * तत्काल मुर्दा बनी।
बाँचेका जतिलाइ जीवन दिई * छोडीदिए निर्भय
निक्कै उत्तम रूपसी लिइ दुवै * फिर्दा भए हैहय।। २२।।
राजा 'रैभ्य' कहाँ पुऱ्याइ उनिले * गर्दा भए वर्णन
आशीर्वाद दिए सबैकन त्यहाँ * हर्षित् भएथ्यो मन।
कन्या उत्तम ती यशोवति अनी * एकावली जो थिए
राजा हैहयले दुवैसित बिहे * सानन्द गर्दा भए।। २३।।
उन्कै हुन् 'कृतवीर्य' पुत्र सबमा * ज्ञानी गुणी सज्जन
छोरा हुन् कृतवीर्यका ति बलिया * श्री कार्तवीर्यार्जुन।
हो यै हैहय–वंशको सब कथा * मैले गरें वर्णन
जस्ले सुन्दछ यो कथा शुभ हुने * सप्रन्छ उस्को मन।। २४।।

नारद–मोह– (१०)

भन्थे व्यास कथा पुराण दिनहूँ * सुन्थे ती जन्मेजय
सोधेथे नृपले भएर मनमा * यौटा ठुलो संशय।
जो हुन् रक्षक विश्वका अधिपती * ब्रह्माण्डका रक्षक
लक्ष्मीका पति, यो सबै भुवनका * हुन् एक जो मालिक।। १।।
उस्ता अच्युत अश्व भैकन रहे * यस्मा छ के कारण?
यस्को गर्नुहवस् निवारण छिटै * मेरो बुझाई मन।
भन्नूभो अनि व्यासले, नृपतिले * शङ्का गरेको सुनी
गर्छू वर्णन सुन्नुहोस् नरपते ! * जाला कशङ्का अनि।। २।।
हर्ने संशय मोहका विषयको * सन्तुष्ट पार्ने मन
ज्ञानी नारदले भने मसित जो * गर्छू त्यही वर्णन।
ब्रह्माका सुत श्रेष्ठ नारद मुनी * निर्लिप्त ज्ञानी पनि
मेरो आश्रममा कुनै दिन पुगे * भेट्छू मलाई भनी।। ३।।
राखें आसनमा उठेर म स्वयम् * उन्को गरें पूजन
सोधें नारदलाइ यै विषयमा * राजी गराई मन।
प्राणीलाइ छ के यहाँ सुख दिने * कुन् वस्तु यो लोकमा
आफैंलाइ म हेर्छु भ्रान्ति छ ठुलो * मेरो दुखी चित्तमा।। ४।।
जन्में द्वीपविषे म घोर वनमा * क्यै काल एक्लै रहें
बाँचें मर्न सकीनँ तैपनि त्यहीँ * सन्ताप धेरै सहें।
छोरो पाउँ भनी सुमेरु गिरिमा * निक्कै तपस्या गरें
पाएँ पुत्र, दया भएर शिवको * क्यै शान्ति प्राप्ती गरें।। ५।।
चारै वेद, अनेक शास्त्रहरुको * शिक्षा दिएँ त्यस्कन
उस्ले त्यागिदियो, पुगें विपतमा * राम्रै गरी गाडिन।

त्यागेँ त्यो तप–भूमि खिन्न मनले * आएँ म डुल्दै यता
आमातर्फ बढेर स्नेह दगुरेँ * लागेर माया उता।। ६।।
यो संसार अनित्य हो र भ्रम हो * माया भनी जान्दछु
मायाको दृढ पाशले, तर कसै * छोड्दैन यो मान्दछु ।
लागेँ बस्न सरस्वती–तट पुगी * सन्तोष मानी त्यहाँ
'शाम्याप्रास' पवित्र आश्रम छ जो * बस्छन् तपस्वी जहाँ।। ७।।
राजा शन्तनुले बिहे गरि लगे * यस्तो सुनेथेँ जब
केही शान्ति भयो मलाइ जननी– * को बात सुन्दा, तब ।
चित्राङ्गद् र विचित्रवीर्य दुइटै * भाई मरेथे अनि
राजा शन्तनु ती मरेपछि भइन् * राँडी ति माता पनि।। ८।।
माता सत्यवती भइन् अझ दुखी * त्यस्तो विपत्ती परी
सम्झाएँ जननी भनेर बहुतै * मैले पनी बेसरी ।
लाग्यो वंश समाप्त यो हुन भनी * रोइन् ति आमा जब
मैले गर्नुपर्‍यो नियोग दुइटै * राँडीहरूमा तब।। ९।।
अन्धो त्यो धृतराष्ट्र जन्मन गयो * यौटी बुहारीतिर
अर्को पाण्डु भएर शासन गर्‍यो * निक्कै रही तत्पर ।
बस्ता आश्रममा पनी मन उतै * दौडी सधैँ पुग्दथ्यो
क्यै गर्दा पनि चित्त शान्त नभई * उद्विग्नता बढ्दथ्यो।।१०।।
मिथ्या बन्धन हुन् भनेर सहजै * जाने बुझे तापनि
कैहल्यै बस्न सकीनँ शान्त मनले * योगी विरागी बनी ।
पत्नी उत्तम पाण्डुका दुइ थिए * कुन्ती र माद्री पनि
त्यागी राज्य गएर घोर वनमा * बस्थे तपस्वी बनी।। ११।।
पाँचोटा बलवान पुत्र वनमै * रानी दुवैका भए
राजा पाण्डु मरेपछी सुतहरू * दर्बारमै राखिए ।

तिन्लाई धृतराष्ट्र, भीष्म दुइले * राखे सुरक्षा गरी
मान्थे ती धृतराष्ट्रका, सुतहरू * प्रत्यक्ष वैरी सरी।। १२।।
त्यो दुर्योधन दुष्टले छल गरी * तिन्लाइ मार्छू भनी
त्यो लाक्षागृहमा हुलेर सहजै * आगो लगायो अनि।
ठूलो कष्ट भयो मलाइ मनमा * त्यो घोर दुष्कर्मले
बाँचे पाण्डव पाँच ती विदुरको * युक्ती तथा नीतिले।। १३।।
भेटें गै वनमै स्वयंवर हुने * ती द्रौपदीको भनें
तिन्को झट्ट हुने विवाह सजिलो * बाटो बताईदिएँ।
फर्के पाण्डव इन्द्रप्रस्थ तिनको * त्यै राजधानी भयो
ठूलो यज्ञ उ राजसूय विधिले * निर्विघ्न भै सिद्धियो।। १४।।
चाँडै नै मयले सभा–भवन त्यो * तैयार पार्‍यो जब
त्यो दुर्योधन डाहमा जकडियो * देखी ठुलो वैभव।
जूआमा खलले छलेर बलले * सर्वस्व खोसीलियो
त्यस्ले इज्जत त्यै सभा–भवनमै * खोस्ने इरादा थियो।। १५।।
पाँचै पाण्डव बाह्र वर्ष वनमा * संकष्ट भोग्दै रहे
बस्ता गुप्त भएर वर्ष दिन झन् * सन्ताप धेरै सहे।
थाल्यो घोच्न मलाइ भित्र मनमा * काँढा बिझे–झैँ गरी
आफ्ना कष्ट कती बढे थरि–थरी * जानून् उनै श्रीहरि।। १६।।
माया–बन्धन दुःखको जलधि हो * जानें बुझे तापनि
मैले तोड्न सकीनँ बन्धन, मुने ! * त्यस्ले बढी छू दुखी।
को हो त्यो? म हुँ को? पिता र जननी * को हुन् र आए किन?
जान्दै छू सब त्यो तथापि भ्रममै * अल्झन्छ व्यर्थै मन॥१७॥
मेरो सत्य वचन् सुनीकन अनी * भन्दा भए नारद
मेरो भन्छु स्वयम् उदाहरणमा * विस्तार राम्रोसित।

भोगेँ कष्टरू अनेक रङ्का * व्यामोह गाथमा
निक्कै वर्ष अगाडि पर्वत मुनी * मामा लिई साथमा।। १८।।
डुल्दै सञ्जय भूपका महलमा * पुग्दा भयौँ क्वै दिन
वर्षाकाल शुरू भयो उहिँ बस्यौँ * वर्षा भरी नै सुन ।
राजाकी दमयन्ति नाम दुहिता * निक्कै थिइन् सुन्दरी
मेरो चित्त पनी निकै तहसियौ * तिन्का अगाडी परी।। १९।।
त्यो चालाकन देखि पर्वत मुनी * साह्है भए विस्मित
श्रापे वानर–झैँ हुनेछ मुख त्यो * भन्दै नराम्रो–सित ।
मेरो वानर–झैँ भयो मुख अनी * श्रापेँ रिसाईकन
तिम्रो यो गति रोकियोस् अब यहीँ * त्यो स्वर्ग जाने, सुन।। २०।।
मेरो श्राप सुनेर झन्न रिसले * अन्तै गए पर्वत
कन्याले पनि देखि वानरमुखे * हेरिन् भई लज्जित ।
मेरो शक्ति तथा प्रभाव तपको * एकेक ती जान्दथिन्
सेवा चाकरिमा नपारि त्रुटि क्यै * पैह्ल्यै समान् गर्दथिन्।। २१।।
हाम्रो प्रेम–प्रपञ्च त्यो, नृपतिले * राम्रै बुझेथे जब
पुत्री–सुम्पिदिए मलाइ, मनको * फाली कशङ्का सब ।
पत्नी ती सुमुखी, म वानरमुखे * देखेर आफ्नू स्थिति
त्यो वेला अति कष्टले मन दुख्यो * मेरो कती हो कति।। २२।।
घुम्दै तीर्थ अनेक केहि दिनमा * आए त्यहीँ पर्वत
हाम्रो भेट भयो र स्वच्छ मनले * उन्को गरेँ स्वागत ।
राम्री राज–सुता, म वानरमुखे * देखेर चिन्तित् भए
आफ्नू श्राप हटाइ फेरि अघि झैँ * उन्ले गराईदिए।।२३।।
तिम्रो श्राप पनी छुटोस् अब भनी * मैले भनेको सुनी
हाम्रो श्राप गयो, दुवै खुशि भयौँ * राम्रो भयो यो भनी ।

निक्कै वर्ष बसेँ त्यहीँ म खुशिले * ती राज–कन्यासित
जान्छू लौ म भनी प्रसन्न मनले * जाँदा मए पर्वत।।२४।।
मायामा मन अल्झिई बखतमा * मैले त भोगेँ भने
प्राणीको गरुँ के कुरा म अहिले * त्यो अन्त्य भेट्टाइने।
मायाको बल यत्तिकै छ यसरी * जानिन्छ भन्ने कुरा
मैले बुझ्न सकीन ता अरू कहाँ * को छन् र जान्ने पुरा।। २५।।
काम, क्रोध र लोभ मोह बलिया * छन् शत्रु–जस्ता सब
द्यौताले पनि जित्न पर्दछ कठिन् * के सक्तथे मानव।
भन्छू एक प्रसङ्ग यै विषयको * यौटा म अर्को सुन
वीणा औ मृगचर्म आसन लिई * हिड्दो भएँ क्वै दिन।। २६।।
श्वेतद्वीप पुगेँ म गर्दछु भनी * श्री विष्णुको दर्शन
पाई दर्शन दिव्य गद्गद भयो * त्यो स्थान देख्दा मन।
लक्ष्मी झट्ट उठी पसिन् महलमा * निक्कै म टाढा थिएँ
साह्रै छक्क परेर विष्णुसित यो * मैले सुध्याईलिएँ।। २७।।
कामी दुष्ट म हैन, हे प्रभु ! म हूँ * ज्ञानी तपस्वी गुणी
लक्ष्मी लुक्नुभयो तुरुन्त किन हो * देखी म बूढो मुनि ?
आएको नगिचै मलाइ, मधुरो * वीणा बजेको सुनी
लक्ष्मीले किन लुक्नुपर्दछ प्रभो ! * संकोच लाग्यो भनी।। २८।।
मेरो बिन्ति सुनी अहम् मनमनै * उम्रेछ भन्ने गुनी
आज्ञा गर्नुभयो मलाई मुखमा * हेरेर हाँस्तै–मुनि !
नारीले उभिनू कि सम्मुख हुनू * स्वामी, पिता–बाहिक
अर्काको नगिचै हुँदैन कहिल्यै * नीती छ यो लायक।। २९।।
माया जित्न सकिन्न तापनि मुने ! * बोल्छौ अहम्भावले
फेरी अन्त गई नभन्नु यसरी * भन्छू म यै हेतुले।

राख्छन् प्राण लगेर उग्र तपले * ब्रह्माण्डमा योगले
बन्छन् विज्ञ गुणी जितेन्द्रिय मुनी * क्वै लामु अभ्यासले॥ ३०॥
त्यस्ताले पनि जित्न पर्दछ कठिन् * माया भने हे मुनि !
गर्छौ बात निकै जितेन्द्रिय म हूँ * भन्दै मपाईं बनी।
ब्रह्मा, रुद्र, फणीन्द्र, इन्द्र म तथा * ज्ञानी, मुनी, देवता
मायामा फसि भुल्दछन् यदि भने * तिम्रो छ के योग्यता॥ ३१॥
पाएथें हरिको झपार मनमा * आश्चर्य मानें अनि
सोधें पाउ परी म हेर्दछु प्रभो ! * माया जगद्व्यापिनी।
आफू झट्ट उठे नबोलि मुखले * सोझै गरुड्मा चढे
आफ्नू साथ लिई मलाइ प्रभुजी * आकाशमाथी उडे॥ ३२॥
हेर्दै दृश्य अनेक स्वच्छ वनका * ती श्रेष्ठ तीर्थ–स्थल
वापी, कूप, तडाग, निर्झर, नदी, * पर्वत्, हिऊँ झल्मल।
डुल्दै उत्तम ग्राम, आश्रम निकै * आश्चर्य लाग्यो अनि
पुग्दा सुन्दर कान्यकुब्ज पुरमा * औलौँ यहीँ लौ भनी॥ ३३॥
देख्यौँ देव्य त्यहीँ सरोवर थियो * आज्ञा भयो विष्णुको
देख्दा उत्तम त्यो तलाउ मनमा * इच्छा भयो स्नानको।
राम्रा रङ्ग–विरङ्गका कमलले * शोभा फिँजेको अति
पन्छी, हंस, चकोर, सारस चरा * उड्ने र डुल्ने कति॥ ३४॥
माछा, कच्छप आदि जन्तु पनि छन् * पानी छ झन् निर्मल
चाँदी झैँ त्यहिँ बालुवा छ तटमा * झन् टल्कने झल्झल।
पैहले स्नान छिटै तिमी गर मुने! * आज्ञा भएको सुनी
त्यो वीणा, मृगचर्म आदि तटमै * राखीदिएँ लौ भनी॥ ३५॥
मारी त्यो जलमा डुबुल्कि र जसै * माथी निकालें शिर
निस्कें उत्तम रूप, शील, गुणकी * नारी बनी मास्तिर।

मेरो पूर्व–चरित्र बिर्सन पुगेँ * सम्झीनँ केही, यता
सारा बोकि झिटीमिटी हरि छिटै * भागेकता हो कता।। ३६।।
लागेँ घुम्न तलाउकै वरिपरी * को हूँ कहाँ छू भनी
साह्रै नै अलमल्ल भैकन रहेँ * प्रत्यक्ष नारी बनी।
त्यै बेला रथ, अश्व औ गजहरू * देखा परेथे त्यहाँ
क्वै तालध्वज नामका नृप स्वयम् * आए अगाडीमहाँ।। ३७।।
रक्षा गर्न सशक्त रूप गुणका * खानी ति भूपालले
सोधे–हे सुमुखी ! बस्यौ किन यहाँ * आएर कुन् कार्यले?
छन् तिम्रा पति वा विवाह नगरी * कन्या तिमी छौ, भन
मेरा साथ रही तुल्याउ सुमुखी ! * आफ्नू सुखी जीवन।। ३८।।
लाग्यो लाज मलाइ बोल्न नसकी * हेरीरहेथेँ जब
पक्री हात बसाइ दिव्य रथमा * दर्बार ल्याए तब।
मेरा साथ विवाह शास्त्र–विधिले * आनन्द मान्दै गरे
रानी भै नृपकी बसेँ महलमा * राजा खुशीमा परे।। ३९।।
पैह्लेका तप, ध्यान, ज्ञान–गुण ती * भागे कता हो कता
रानीको सुखमा बसी दिनहरू * धेरै बितेथे यता।
जन्मेथे निज–बीस पुत्र क्रमले * ठूला भए ती सब
छोरा ती सबको विवाह हुनगो * आए बुहारी तब।। ४०।।
जन्मे नाति–पनाति ती घरभरी * झन् मोह बढ्दै गयो
त्यो मेरो परिवार गन्न सकिने * जस्तो कहाँ पो थियो !
कैह्ले त्यो सुख–दुःख, ताप, झगडा * कैह्ले रडाको चल्यो
केही वर्ष चलेर यै किसिमले * हाँस्तै रुँदैमा बित्यो।। ४१।।
धेरै सन्तति औ ठुलो महल यो * साम्राज्य वा वैभव
मेरै हुन्, म सुखी भनी घरि–घरी * सन्तोष मान्थेँ तब।

को हूँ ? को पहिले थिएँ ? म अहिले * जान्छू कता ? के गरी ?
यस्को याद थिएन आफ्नु मनमा * बिर्सें सबै त्यो घरि।। ४२।।
आयो हाँक दिँदै उही बखतमा * शत्रू कुनै भूपति
छेके सैनिकले सबैतिर अनी * ती गर्जिए दुर्मति ।
मेरा सन्तति पुत्र–पौत्र घरमा * साना ठुला जो थिए
त्यै वेला रणमा सशस्त्र रिसले * उर्लेर जाँदा भए।। ४३।।
ठूलो युद्ध भयो, मरे समरमा * योद्धा गएका जति
मेरा पुत्र पनी सबै हुन गए * युद्धाग्निमा आहुति ।
रोएँ, खूब गरेँ विलाप दुखले * सन्तानकै खातिर
हाहा पुत्र ! भनी गएँ म दगुरी * संग्राम-भूमि तिर।। ४४।।
यौटा ब्राह्मण वृद्ध त्यै बखतमा * आए कुनै सज्जन
थाले भन्न तिनी–यहाँ बसि वृथा * रोईरहेकी किन ?
रोऊ बेसरि वा फुटाउ जिमिमा * ठोकी स्वयम् खप्पर
फर्कन्नन् कहिल्यै मरे–जति कुनै * जीवादि नारी–नर।। ४५।।
मिथ्या मोह तजेर शान्त मनले * जे भन्दछू त्यो सुन
माया–जाल दया समस्त भ्रम हो * भन्ने मनैमा गुन ।
छोरा, नाति–पनाति, बाबु, जननी * जो छन् सबै बान्धव
झूठा हुन्, निज–कर्मका फलहरू * जन्मेर भोग्छन् सब।। ४६।।
को हुन् सन्तति? यो विचार मनले * आफू म को हूँ भनी
सारा पुत्र मरे भनेर यसरी * पुग्दैन दुःखी बनी ।
गर्नूपर्छ तिलाञ्जली अब छिटै * देऊ नुहाईकन
जन्मेका जति मर्दछन् पछि स्वयम् * ती आउँछन् जन्मन।। ४७।।
तिन्लाई द्विजले लगे यति कुरा * भन्दै उही स्थानमा
देऊ स्नान गरी तिलाञ्जली शुभे ! * सन्तानको निम्तिमा ।

गर्छू स्नान भनी पसेर जलमा * मारें डुबुल्की जब
निस्कें नारद भै, झल्यांस्स अघिको * बिर्सी बितेको सब।। ४८।।
वीणा, चर्म, कमण्डलू सब थिए * प्रत्यक्ष ती माधव
देख्दा छक्क परें, भयो चटक झैं * यो कुन् तमाशा अब ।
आयो तर्क अनेक भिन्न मनमा * सातो गए—झैं भयो
के भो विज्ञ मुने ! भनेर प्रभुले * हाँसेर आज्ञा भयो।। ४९।।
निक्कै लज्जित छू, म खूब छलिएँ * हे नाथ! गल्ती भयो
मायाको महिमा वुझें अलि—अली * नै चेतना फर्कियो ।
आफ्नू ज्ञान र ध्यान आदि सब गो * आराधना नाथको
मिथ्या त्यो सुखमा डुबी भुलिदिएँ * के हेतु यस्तो भयो ?।। ५०।।
खाएँ खाद्य—अखाद्य ध्यान नदिई * बिर्सी सबै हे हरि
रोएँ खूब अनी बढ्यो विकलता * एकेक छोरा मरी ।
स्वप्ना झैं बुझियो, रहेन मनमा * को हूँ, कहाँ छू भनी
नारीरूप भने कतै अलि—अली * झल्कन्छ ऐल्हे पनि।। ५१।।
मायालाइ जितें भनी अघि गरें * मैले अहङ्कार जो
देखाई अहिले सबै चटक झैं * मेरो अहम् तोड्नुभो ।
आज्ञा भो प्रभुले अनी अलि—अली * हाँसेर माया गरी
मायाको यहि खेल भिन्न मनमा * झल्कन्छ साँचो सरि।। ५२।।
गाह्रो कार्य छ बुझ्नु यो विषयमा * बुझ्दीनँ मैले जब
सक्ने बुझ्न छ को भनूँ म अहिले * छन् मूढ झैं मानव ।
यो दुर्लक्ष्य छ, बुझ्न देख्न सहजै * को सक्छ मायाकन
मायामै सब अल्झिई पृथिविमा * डुल्छन् दुखी भै जन।। ५३।।
स्वप्नामा जसरी यता—उति भुली * त्यो पुग्छ अन्तै सरि
पुग्थ्यो अन्त कहाँ ? उही शरिरमै * त्यो भास्छ नाना थरी ।

मायाको महिमा अपार छ मुने ! * छन् जान्न सक्ने कहाँ?
माया जित्न समर्थ को छ भवमा * यी जीवधारीमहाँ।। ५४।।
हे देवर्षि ! तिमी कदापि नपरे * व्यर्थै अहङ्कारमा
पाल्नूभो यति अर्ति दीकन स्वयम् * श्री विष्णु वैकुण्ठमा ।
मायाको महिमा प्रभाव छ ठुलो * मानी यसैको डर
पूजा, ध्यान र प्रार्थना स्तुति उनै * कात्यायनीको गर।। ५५।।
यो संसार अनित्य ठान मनमा * हे कृष्ण द्वैपायन
जन्मे अश्वस्वरूप धारण गरी * यै हेतु नारायण ।
सारा छन् परतन्त्र यी पुतलि झैँ * नाच्दै रहन्छन् सब
गर्छन् कार्यहरू रही खटनमा * ब्रह्मा र विष्णू शिव।। ५६।।
बाँधिन्छन् गुण झैँ त्रिलोकभरिमा * प्राणीहरू छन् जति
जुन् मायागुण हो उनै प्रकृति हुन् * मैले बुझाऊँ कति ।
मानिन्छन् गुण–भेद सात्त्विक तथा * ती राजसी, तामसी
उस्कै बन्धनमा चराचर परी * मान्दै रहन्छन् खुशी।। ५७।।
ब्रह्मा, विष्णु र रुद्र आदि गुणले * नै बाँधिइन्छन् जब
भोग्छन् कष्ट र मान्दछन् सुख उनै * औतार धारी सब ।
ठूला ईश्वरको छ यो गति भने * देहीहरूको यहाँ
चर्चा गर्नु वृथा छ, लिप्त सब छन् * जो मोह माया महाँ।। ५८।।

श्री शक्तिका चरणमा निहुराइ माथ
गर्नेछ जो दिनहुँ पूजन भक्तिसाथ ।
गर्छिन् दया जननिले अनि वार–वार
जान्छन् तरेर सहजै भव–सिन्धु–पार ।। ५९।।
कात्यायनी जननिको महिमा अपार
जानी सुचिन्तन गरी झुकि वार–वार ।

यो–मोह बन्धनु छिटै खुकुलो तुल्याई
बाटो बनाउनुहवस् भव तर्नलाई ।। ६० ।।
देवर्षिले हित कुरा भनि व्यासलाई
शिक्षा दिए थरि–थरी मनमा रमाई ।
पौंचे ति रम्य कुटिमा उनि धेर वर्ष
गर्थे ति 'कल्प–व्रत' ध्यान सधैँ सहर्ष ।। ६१ ।।

आद्याशक्ति उनै त्रिलोक–जननी * हुन् देवि कात्यायनी
ज्ञानीका पनि छन् उपास्य तपमा * आराधनामा उनी ।
जो गर्छन् दिनहूँ प्रसन्न मनले * पूजा तथा कीर्तन
तिन्लाई सुख शान्ति मिल्दछ सदा * बिग्रन्न कैह्ल्यै मन।। ६२ ।।
श्रद्धा भक्ति बढाइ गर्छ स्तुति जो * उन्को खुशीले सदा
झिक्छिन् बाहु समाइ ती भगवती * आई सदा–सर्वदा ।
देवीभागवत प्रधान सबमा * जानेर जो पढ्दछन्
यो संसार–समुद्र गोखुर सरी * पारी तिनै तर्दछन्।। ६३ ।।

।। इति श्रीमद्देवीभागवत षष्ठ स्कन्ध समाप्त।।

•

श्रीमद्देवीभागवत सप्तम स्कन्ध प्रारम्भ

च्यवन ऋषि र सुकन्याको वृत्तान्त– (१)

भन्थे व्यास कथा पुराण दिनहूँ * सुन्थे ति जन्मेजय
सोधे भूपतिले स्वयम् मनमनै * पैह्ले गरे निश्चय ।
कीर्ती–वर्णन सूर्य–चन्द्र कुलको * गर्नोस्, म सुन्छू अब
लागे भन्न बुझाइ व्यास मुनिले * सम्झी उनै माधव ।। १ ।।
सोधेँ नारदलाइ जुन् अघि भने * तिन्ले बुझाई जति
गर्छू वर्णन त्यै प्रसन्न मनले * सुन्नोस् सबै भूपति !
नाभीबाट विशाल जो कमल त्यो * निस्क्यो स्वयम् विष्णुको
इच्छाले हरिकै भयो कमलमै * उत्पत्ति ब्रह्माजिको ।। २ ।।
शक्तीको विधिले गरे तप अनी * पाए उहीँ दर्शन
पाए शक्ति ठुलो र तत्पर भए * ती सृष्टि गर्नाकिन ।
जन्मेथे सनकादि पुत्र दश जो * ब्रह्माजिका मानस
तिन्मा सात महर्षि हुन् सब ठुला * धेरै छ उन्को यश ।। ३ ।।
पैह्ला विज्ञ मरीचि, अत्रि र क्रतु * श्री अङ्गिरा हुन् उनी
अर्का श्रेष्ठ वसिष्ठ औ पुलहजी * ज्ञानी पुलस्त्यै मुनि ।
छोरा कश्यप हुन् मरीचि ऋषिका * ज्ञानी तपी सद्गुणी
कन्या साठि थिए, यथाक्रम दिए * ती दक्षले लौ भनी ।। ४ ।।

सत्ताईस दिए शशीकन अनी * श्री धर्मलाई दस
पत्नी हुन् भृगु तार्क्ष्यका दुइ–दुइ * तिन्को बढेथ्यो यश ।
पत्नी तेह्र भए ति कश्यपजिका * श्री शम्भुलाई सती
जन्मे दानव यक्ष मानव सबै * उन्कै बढे सन्तति।। ५।।
सोही कारण काश्यपी कहलियो * यो सृष्टि बढ्दै गयो
बढ्दै छन् अझसम्म यी पृथिविको * विस्तार ठूलो भयो ।
जन्मे कश्यपका कुमार रवि हुन् * नाऊँ विवश्वान हो
ती वैवस्वत नाम पुत्र उनकै * सत्कीर्ति झन् फैलियो।। ६।।
इक्ष्वाकू , करुष, पृषध्न र कवी * नाभाग राजा अनि
नारिष्यन्त र पाशुदिष्ट, धृति हुन् * शर्याति राजा पनि ।
ती वैवस्वतका भए सुतहरू * विख्यात पृथ्वीभरि
पाए पुत्र विकुक्षि आदि सय जन् * इक्ष्वाकुले त्यो घरि।। ७।।
राजा धार्मिक अम्बरीष कहिने * छोरा तिनाभागका
छोरी एक भइन् पछी सुत भए * आनर्त शर्यातिका ।
उन्की पुत्रि भइन् सुशील गुणकी * खानी सुकन्या सती
तिन्ले प्राप्त गरिन् मुनी च्यवनजी * अन्धा तपस्वी पति।। ८।।
शर्याती वनमा ससैनिक पुगी * डुल्थे शिकारी बनी
माटाको ढिकुरो सरी च्यवनजी * बस्थे तपस्वी मुनि ।
शोभा जङ्गलको अलौकिक थियो * राम्रा तलाऊ शर
तिन्मा पुष्पहरू थिए कमलका * नाना थरी सुन्दर।। ९।।
डुल्थे हाँस चकोर सारस चरा * पक्षी अनेकौँ थरी
हावाले जब हल्लिदा कमल ती * झुल्थे नदी झैँ गरी ।
धेरै वृक्षहरू थिए वरिपरी * बाक्लो थियो जङ्गल
लागेका तपमा थिए च्यवनजी * भेट्टाइ शान्त स्थल।। १०।।

रोकी प्राण त्यजेर अन्न जल ती * बाँधेर पद्मासन
निक्कै वर्ष त्यहीँ रहे दृढ़–व्रती * मूढो–सरी जीवन ।
ढाकेथ्यो मुनिलाइ लागि धमिरा * सर्वाङ्गमा बेसरी
उम्री झार लता चतुर्दिक सबै * ढाकीदियो राम्ररी।। ११।।
आए खेल्न शिकार त्यै समयमा * शर्याति राजा त्यहाँ
छोरी, पत्नि, अनेक सैनिक लिई * डुल्दै थिए वन्‌महाँ ।
उन्की पुत्रि पनी लिएर सँगिनी * सौन्दर्य हेर्दै थिइन्
आँखा मात्र टुलू–टुलु च्यवनको * देखी नगीचै गइन्।। १२।।
छेस्को एक टिपी दुवै नयनमा * घोचेर फोरीदिइन्
थाल्यो बग्न रगत् डराइ मनमा * तत्काल भाग्दी भइन् ।
गर्दा क्रोध निकै मुनि च्यवनले * भूपालका सैनिक
साराको मल–मूत्र रोकिन गयो * राजा र रानीतक।। १३।।
सोधे भूपतिले सबैसित भयो * उत्पात के हेतुले
छोरीको अपराध जानि नृपती * सन्तापिए शोकले ।
माफी माँग्न भनी गए मुनिकहाँ * पुत्री सुकन्या लिई
सामुन्ने मुनिका पुगी विनयले * बिन्ती गरे न्यूरिई।। १४।।
आँखा घोचिदिई विचार नगरी * धेरै नराम्रो भयो
माफी बक्सनुहोस् मुने ! हजुरले * अज्ञानले भैगयो ।
निक्कै नम्र कुरा सुने च्यवनले * ती भूपती को जब
केही शान्त भई भने च्यवनले * हे भूप! सुन्छस् अब।। १५।।
आँखा फोरिदिइन् गरूँ म कसरी * निर्वाह हे भूपति !
पुत्री देउ मलाइ चाकरि गरून् * मेरो, सुकन्या सती ।
साह्रै वृद्ध, कुरूप ती च्यवनले * त्यस्तो भनेको सुनी
राजा छक्क परे दुखी हृदयले * बोल्नै सकेनन् तिनी।। १६।।

हेरी मात्र रहे ति बोल्न नसकी * निःश्वास छाडे जब
सामू आइ छिटै प्रसन्न मनले * बोलिन् सुकन्या तब ।
मेरो हो अपराध, गर्छु मुनिको * मैले स्वयम् चाकरी
चिन्ता छाड्नुहवस् पिता, हजुरले * के पुग्छ सुर्ता गरी।। १७।।
छोरीको सुनि त्यो कुरा नरपती * क्यै शान्त जस्ता भए
माँगे यी मुनिले भनी दृढ भई * तत्काल सुम्पीदिए ।
सोही जङ्गलमा तयार खरको * छाप्रो गराए अनि
लागे बस्न उहीँ मुनि च्यवन औ * साध्वी सुकन्या पनि।।१८।।
त्यस्ता वृद्ध पती थिए तर उनी * आलस्य त्यागीकन
गर्दै चाकरि प्रेमले च्यवनको * ती काट्न लागिन् दिन ।
बस्ता आश्रममा खुशी पनि थियो * ती दम्पतीको मन
आए अश्विनिका कुमार सहसा * डुल्दै उहीँ क्वै दिन।।१९।।
देखे ती दुइले सरोवर–विषे * राम्री सुकन्याकन
सोधे–हे सुमुखी ! बताउ वनमा * एक्लै बसेकी किन ?
साह्रै रूपवती तिमी शशिमुखी ! * कस्की सुता हौ भन
देख्तैमा तिमिलाइ मोहित भयो * हामी दुवैको मन।। २०।।
तिन्को बात सुनी प्रसन्न मनले * बोलिन् सुकन्या अनि
शर्याती नृपकी सुता, च्यवनकी * दासी र पत्नी पनि ।
अन्धा वृद्ध मुनी बसेर कुटिमा * गर्छन् तपस्या सदा
उन्कै चाकरि गर्दछू रुजु रही * मैले स्वयं सर्वदा।। २१।।
भन्नोस् को हुनुहुन्छ आफु वनमा * पाल्नूभएको किन
स्वामी छन् कुटिमै गएर उहिँ नै * भेट्नोस् स्वयम् सज्जन ।
देखी रूपवती, सुने सब कुरा * तिन्ले भनेको जब
बोले झट्ट फकाउने मन गरी * आफ्नू इरादा सब।। २२।।

यस्ती रूपवती सुशील गुणकी * खानी तथा सुन्दरी
गर्दै छौ कुन स्वार्थ देखि अधिकै * ती वृद्धको चाकरी ?
भोग्नेछौ सुख स्वर्गमा हिँड तिमी * हामीसितै यो घरि
यौटालाइ पती तुल्याउनु उहीँ * रोजेर हे सुन्दरी!।। २३।।
डुल्नू नन्दन वागमा दिन–दिनै * स्वामी–सँगै स्वर्गमा
गर्नेछौ सुख–भोग इच्छित उहीँ * हाम्रो रही साथमा ।
बूढा अन्ध दरिद्रका सँग बसी * के मिल्छ भद्रे ! भन
देवी झैँ बस स्वर्गमा तिमि छिटै * आनन्द मानीकन।। २४।।
सुन्दा त्यो विपरीत बात दुइको * चिन्तित् भए तापनि
बोलिन् झन्न रिसाउँदै शशिमुखी * नारी बनी सिंहनी ।
धौता भैकन नीच झैँ किन कुरा * गर्छौ मलाई भन
अन्धा वृद्ध भए पनी पति तिनै * हुन् श्रेष्ठ मेरा धन।। २५।।
जस्लाई दिनुभो पिता जननिले * मेरा उनै हुन् पति
वेश्या ठानि भन्यौ कि पल्टन गयो * ऐह्रे दुवैको मति ।
आयौ जुन् रितले उसै गरि छिटै * जाओ छ इच्छा जता
बोल्दा तुच्छ कुरा तिमी हुन गयौ * के मूर्ख झैँ देवता !।।२६।।
दिन्छू श्राप भनेर तत्पर भइन् * गर्जी सुकन्या जब
थाले भन्न दुवै विनम्र स्वरमा * सन्तोष मान्दै तब ।
हामी हौँ दुइ भाइ अश्विनिकुमार् * स्ववैंद्य हे सुन्दरी !
जे इच्छा मनमा छ माँग अहिल्यै * दिन्छौँ खुशीले गरी।। २७।।
हे बाले ! तिमि छौ अनिन्द्य सुमुखी * अन्धा र बूढा पति
जानी दैवगती विचित्र अहिले * आश्चर्य मान्छौँ अति ।
आफू झैँ अब दिव्यरूप र युवा * उन्लाइ पार्छौँ अब
पर्नेछौ तिमि छक्क चिह्न नसकी * खूशी हुनैछौ, तब।। २८।।

स्वामीका दुइ नेत्र, यौवन पनी * मागिन् सतीले जब
त्यो स्वीकार गरी सरोवर लगे * पक्रेर बाहू तब ।
निस्केथे जलमा डुबेर जब ती * तीनै जना बाहिर
देखिन् एक–समान रूप वयका * साह्रै थिए सुन्दर।। २९।।
यी मेरा पति हुन् भनेर नचिनी * दुःखी सुकन्या भइन्
देवीलाइ तुरुन्त भित्रि मनले * भक्ती गरी सम्झिइन् ।
हे देवी, जगदम्बिके ! भगवती ! * काली, शिवे, पार्वती!
रक्षा गर्नुहवस् म छू शरणमा * मेरा चिनाई पति।। ३०।।
बुद्धीहीनमती म छू विपतमा * उद्धार मेरो गर
स्वामी चिन्न सकूँ मलाइ दिनुहोस् * हे शक्ति ! पाऊँ वर ।
शक्ती तुष्ट भई दिइन् अलिकती * क्यै ज्ञान आफ्नू जब
स्वामी आफ्नु चिनी, समाइ कुटिया * ल्याईपुऱ्याइन् तब।। ३१।।
आँटे जान फिरेर शीघ्र ति दुवै * जान्छौं अहीले भनी
तिन्को बात सुनी विनम्र स्वरमा * हाँसेर बोले मुनि ।
जानूहुन्छ कहाँ ? मलाइ यसरी * बक्सी नयाँ जीवन
यस्को प्रत्युपकार गर्न अहिले * खोज्दै छ मेरो मन।। ३२।।
इच्छा जे मनमा छ, त्यो कहनुहोस् * पूरा बुझाईकन
पूरा गर्छु अवश्य, यो विषयमा * निःशङ्क राख्नोस् मन ।
हाम्रो पूर्ण हओस् मनोरथ भनी * पाल्नूभयो देवता
मेरो हेर्नुहवस् प्रभाव तपको * ठूलो छ जुन् योग्यता।। ३३।।
सुन्दा सत्य कबोल बात मुनिको * ठूलो अहङ्कारको
बोले ती दुइ देवता खुशि भई * आफ्नू कुरा दुःखको ।
मान्दैनन् दिन सोमपान सँगमा * हुन् वैद्य साना भनी
हामीलाइ सुरेन्द्रकै सँग बसी * उन्कै समान्का बनी।। ३४।।